# मेरो कागेश्वरी मनोहारा

## स्थानीय पाठ्यपुस्तक

## कक्षा ७

कागेश्वरी मनोहरा नगरपालिका

काठमाडौँ

**प्रकाशक :** कागेश्वरी मनोहरा नगरपालिका
काठमाडौँ

**सर्वाधिकार :** प्रकाशकमा

**संस्करण :** पहिलो

**प्रकाशन :** २०८०

**भाषा सम्पादन :**

**रूप विन्यास :**

**मुद्रक :**

## हाम्रो भनाइ

## विषयसूची



| पाठ | विषय | पृष्ठ सङ्ख्या |
| --- | --- | --- |
| १. | उमेर, पेसा र धर्मका आधारमा नगरपालिकाको जनसङ्ख्या ... | १ |
| २. | स्थानीय तहमा उपलब्ध सेवाहरू | ५ |
| ३. | स्थानीय जनप्रतिनिधिका कार्य | ९ |
| ४. | सार्वजनिक स्थलहरूको संरक्षण तथा सरसफाइ | १४ |
| ५. | खाना बनाउने तरिका | १८ |
| ६. | वचत संस्कृति, सहकारी र पेसा | २६ |
| ७. | हाम्रा समस्या | ३१ |
| ८. | पुरातत्त्वविद् मोहनप्रसाद खनाल | ३६ |
| ९. | नाचौँ | ४३ |
| १०. | जडीबुटी खेती | ४८ |
| ११. | पर्यटनका लागि पूर्वाधार निर्माण | ५७ |
| १२. | पर्यटनका लागि सेवा सुविधाका क्षेत्र | ६५ |
| १३. | हाम्रा स्थानीय प्राकृतिक सम्पदाको महत्त्व | ७० |
| १४. | प्रदूषण र नदी कटान | ७४ |
| १५. | स्थानीय बजार सुधार तथा विस्तार | ८३ |
| १६. | व्यावसायिक योजना | ९१ |
| १७. | हाम्रा स्थानीय उत्पादन | १०० |
| १८. | नैतिक अभ्यास | १०२ |
| १९. | विविधताको सम्मान र शन्तिपूर्ण वातावरण | १०७ |
| २०. | नीति श्लोक | १११ |
| २१. | साँचो मित्र | ११४ |
| २२. | स्थानीय स्तरका पेसाहरू | ११९ |
| २३. | शिक्षण पेसा | १२४ |
| २४. | कृषि र व्यापार | १२९ |
| २५. | पावर प्वाइन्ट प्रस्तुति | १३४ |
| २६. | जापानदेश सरस्वती | १३६ |
| २७. | विद्यार्थिन: कुत: सुखम् | १४१ |
| २८. | विज्ञानस्य चमत्कार: | १४६ |
| २९. | कस्य नास्ति कर्तव्यम् | १५० |


# पाठ १

# उमेर, पेसा र धर्मका आधारमा नगरपालिकाको जनसङ्ख्या विवरण

## पाठ प्रवेश

तलका चार्टहरू अध्ययन गरी दिइएका बुँदाहरूका आधारमा छलफल गर्नुहोस् :




(क) धार्मिक जनसङ्ख्याको संरचना

(ख) उमेर समूह अनुसारको जनसङ्ख्या प्रतिशत

कागेश्वरी मनोहरा नगरपालिकाका मानिसको आर्थिक क्रियाकलाप, उमेर समूह र धर्मका आधारमा जनसङ्ख्याको वितरणका तालिकाहरूको अध्ययन गरी दिइएका प्रश्नहरूको जवाफ लेख्नुहोस् :

| **क्र.सं.** | **आर्थिक क्रियाकलापका आधारमा जनसङ्ख्या प्रतिशत** | | **उमेर समूहअनुसारको जनसङ्ख्या** | | **धर्मका आधारमा जनसङ्ख्या प्रतिशत** | |
|---|---|---|---|---|---|---|
| १ | कृषि | १५.४ | ९५+ | ६४ | हिन्दु | ८३ |
| २ | खानी र उत्खनन | ०.२ | ९०-९४ | ११९ | बौद्ध | १२.५ |
| ३ | उत्पादन | ८.२ | ८५-८९ | ३६६ | इस्लाम | ०.४ |
| ४ | विद्युत | ०.६ | ८०-८४ | ५७७ | किराँत | १.६ |
| ५ | पानी आपूर्ति | ०.७ | ७५-७९ | १,२५२ | क्रिश्चियन | २.५ |
| ६ | निर्माण | ११.४ | ७०-७४ | १,७८२ | पकृति | ०.०१ |
| ७ | थोक तथा खुद्रा व्यापार, सवारी साधन तथा मोटरसाइकल मर्मत | २३.२ | ६५-६९ | २,५६८ | शिख | ०.०१ |
| ८ | यातायात र भण्डारण | ४.९ | ६०-६४ | ३,५०० | | |
| ९ | आवास तथा खानेकुरा सेवासम्बन्धी क्रियाकलाप | ३.८ | ५५-५९ | ४,२५५ | | |
| १० | सूचना तथा सञ्चार | १.८ | ५०-५४ | ६,३१३ | | |
| ११ | वित्तीय तथा बिमासम्बन्धी क्रियाकलाप | ४.४ | ४५-४९ | ७,०५९ | | |
| १२ | घरजग्गा व्यवसाय | ०.९ | ४०-४४ | ९,६६३ | | |
| १३ | पेसाविद् | १.६ | ३५-३९ | ११,५१५ | | |
| १४ | प्रशासनिक तथा सहायता सेवासम्बन्धी क्रियाकलाप | १.४ | ३०-३४ | १३,१६६ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | सार्वजनिक प्रशासन र प्रतिरक्षा, अनिवार्य सामाजिक सुरक्षा | ४ | २५-२९ | १३,८२५ | | |
| १६ | शिक्षा | ५.४ | २०-२४ | १३,३४० | | |
| १७ | मानव स्वास्थ्य | २.८ | १५-१९ | ११,८७० | | |
| १८ | कला तथा मनोरञ्जन | १.६ | १०-१४ | ९,८७६ | | |
| १९ | अन्य सेवासम्बन्धी क्रियाकलाप | ६ | ०५-०९ | १०,१७० | | |
| २० | घरायसी क्रियाकलाप | १.३ | ००-०४ | ९,१५३ | | |
| २१ | बाह्य सङ्गठन र निकायका गतिविधि | ०.३ | | | | |
| २२ | उल्लेख नगरेको | ०.०४ | | | | |

**प्रश्नहरू**

(क) कागेश्वरी मनोहरा नगरपालिकाका सबैभन्दा धेरै जनसङ्ख्या संलग्न रहेको प्रमुख आर्थिक क्रियाकलापको नाम लेख्नुहोस् ।

(ख) नगरपालिकाका धेरै मानिसहरू संलग्न रहेका पाँचओटा आर्थिक क्रियाकलाप उल्लेख गर्नुहोस् ।

(ग) सबैभन्दा धेरै र सबैभन्दा कम जनसङ्ख्या कुन कुन उमेर समूहको रहेको छ, लेख्नुहोस् ।

(घ) कागेश्वरी मनोहरा नगरपालिकामा कुन कुन धर्म मान्ने मानिसहरूको जनसङ्ख्या सबैभन्दा बढी र सबैभन्दा कम रहेको छ ?

## अभ्यास

(क) तपाईंको विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको विवरण प्राप्त गर्नुहोस् र उमेर समूहका आधारमा विवरण तयार गरी उपयुक्त किसिमको चार्टमा तयार पारी कक्षाको भित्तामा प्रदर्शन गर्नुहोस् ।

(ख) वडा कार्यालयको भ्रमण गर्नुहोस् । वडाको जनसङ्ख्यासम्बन्धी विवरण तयार पार्नुहोस् । साक्षरता, जातजाति, धर्म र भाषागत जनसङ्ख्या वर्गीकरण गरी तालिकामा तथ्याङ्क प्रस्तुत गर्नुहोस् ।

पाठ २

# स्थानीय तहमा उपलब्ध सेवाहरू

## पाठ प्रवेश

**तलका प्रश्नहरूका आधारमा छलफल गर्नुहोस् :**

(क) तपाईंको टोल छिमेकमा आगलागी भयो भने तपाईं कहाँ सम्पर्क गर्नुहुन्छ ?

(ख) तपाईंको छिमेकीहरूबिच साँधसिमानाको विवाद भयो भने त्यस्तो विवादको समाधानका लागि उनीहरू कहाँ जानुपर्ला ?

(ग) सामान्य चोटपटक लागेमा तपाईं कहाँ जानुहुन्छ ?

(घ) तपाईंको घरमा बिहान बेलुका धारामा पानी आएन भने तपाईं कहाँ जानुहुन्छ ?

(ङ) नागरिकता बनाउनका लागि जिल्ला प्रशासन कार्यालयमा पेस गर्नुपर्ने सिफारिस कहाँबाट लिनुपर्छ ?





नेपालको संविधानअनुसार नेपालमा तीन तहका सरकारहरू छन् । सामिप्यताका आधारमा स्थानीय सरकार जनताहरूको सबैभन्दा नजिकको सरकार हो । स्थानीय सरकारले सबै किसिमका आधार भूत सेवाहरू उपलब्ध गराउनुपर्छ। संविधान र कानुनअनुसार स्थानीय सरकारले उपलब्ध गराउनुपर्ने सेवाहरू कागेश्वरी मनोहरा नगरपालिकाले पनि उपलब्ध गराउँदै आएको छ । आधार भूत स्वास्थ्य सेवा, शिक्षा, खानेपानी, सुरक्षालगायतका सेवाहरू नगरपालिकाले आफ्नो संयन्त्रमार्फत उपलब्ध गराउँछ । नगरपालिकाले उपलब्ध गराउने सेवाहरू तल बुँदागत रूपमा दिइएका छन् :





(क) साँध सिमाना, आर्थिक लेनदेन आदिका सम्बन्धमा विवाद समाधान ।

(ख) मालपोतसम्बन्धी कार्य

(ग) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार

(घ) विकास आयोजना सञ्चालन

(ङ) छात्रवृत्तिको व्यवस्थापन

(च) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना र सञ्चालन

(छ) फोहोरमैला सङ्कलन, प्रशोधन र विसर्जन

(ज) प्रजनन् स्वास्थ्य, परिवार नियोजन र मातृशिशु कल्याणसम्बन्धी कार्य

(झ) स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति र नवीकरण

(ञ) स्थानीय साना सिँचाइ प्रणालीको सञ्चालन र मर्मत सम्भार

(ट) भूमिको वर्गीकरण

(ठ) सामाजिक सुरक्षा तथा सुविधाको वितरण

(ड) खानेपानी सेवा व्यवस्थापन

(ढ) आगलागी नियन्त्रणका लागि दमकल सेवाको स्थापना, सञ्चालन तथा व्यवस्थापन

(ण) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) दर्ता र व्यवस्थापन

(त) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण र भाडादर निर्धारण

(थ) उपभोक्ता समितिको गठन, योजना कार्यान्वयन र सो को अनुगमन ।

(द) अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन तथा व्यवस्थापन

(ध) नाता प्रमाणित

(न) नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस ।

(प) मोही लगत कट्टा सिफारिस

(फ) पुर्जामा घर कायम गर्ने सिफारिस

(ब) जग्गाको कित्ताकाट सिफारिस

(भ) जग्गा मूल्याङ्कन सिफारिस

(म) घर निर्माणका लागि नक्सा स्वीकृति

(य) नाम, थर, जन्म मिति संशोधन सिफारिस

**प्रश्नहरू**

(क) जनताको सबैभन्दा नजिकको सरकार कुन हो ?

(ख) स्थानीय तहबाट उपलब्ध हुने सेवाहरूमध्ये तपाईंलाई सबैभन्दा महत्त्वपूर्ण लागेका कुनै पाँचओटा सेवाहरू लेख्नुहोस् ।

(ग) स्थानीय स्तरमा रहेका ससाना विवादको समाधान कहाँबाट कसरी हुन्छ ?

(घ) स्थानीय तहको वडा कार्यालयबाट उपलब्ध गराइने कुनै पाँचओटा सिफारिसहरू उल्लेख गर्नुहोस् ।

## अभ्यास

(क) समूह निर्माण गरी वडा कार्यालयको भ्रमण गर्नुहोस् । सम्बन्धित व्यक्तिसँग कुराकानी गरी वडा कार्यालयबाट उपलब्ध गराइने सेवाहरूको सूची तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ख) शिक्षकको समन्वयमा नगरपालिकाका सान्दर्भिक पदाधिकारीहरूलाई कक्षामा आमन्त्रण गर्नुहोस् । नगरपालिकाबाट जनताका लागि उपलब्ध सेवाहरूका सन्दर्भमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्नुहोस् ।


(ग) स्थानीय सरकारबाट प्रदान गरिने सेवाहरूको सुधारका सम्बन्धमा वक्तृत्वकला प्रतियोगिता आयोजना गर्नुहोस् ।

पाठ 3

# स्थानीय जनप्रतिनिधिका कार्य

## पाठ प्रवेश

**तलका चित्र अध्ययन गरी दिइएका प्रश्नहरूका आधारमा छलफल गर्नुहोस् :**




(क) स्थानीय तहका जनप्रतिनिधिहरूको चयन कसरी हुन्छ ?

(ख) वडामा कति जना जनप्रतिनिधिहरू निर्वाचित हुने व्यवस्था छ ?

(ग) वडाका जनप्रतिनिधिहरूको निर्वाचन कसरी हुन्छ ?

(घ) तपाईंको नगर कार्यपालिकामा कतिजना जनप्रतिनिधिहरू छन् ?

नेपालमा रहने तीन तहका सरकारहरूमध्ये स्थानीय सरकार जनतासँग सबैभन्दा नजिक रहने सरकार हो । नेपालमा गाउँपालिका, नगरपालिका, उपमहानगर पालिका र महानगरपालिका गरी चार किसिमका स्थानीय तहहरू रहेका छन् । कागेश्वरी मनोहरा चाहिँ नगरपालिका हो । यस नगरपालिकामा एक जना नगर प्रमुख, एक जना नगर उपप्रमुख र प्रत्येक वडाबाट पाँच जना (एक जना वडाध्यक्ष, दुई जना खुला सदस्यहरू, एक जना महिला सदस्य र एक जना दलित महिला सदस्य) निर्वाचित जनप्रतिनिधिहरू रहेका छन् ।

नगर कार्यपालिका चाहिँ नगरपालिकाको प्रमुखको अध्यक्षतामा गठन हुन्छ । उक्त नगर कार्यपालिकामा एकजना उपप्रमुख, प्रत्येक वडाबाट निर्वाचित वडा( ध्यक्ष र नगरसभाका सदस्यहरूले आफूहरूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट नगर सभाले निर्वाचित गरेका तीन जना सदस्य रहन्छन् । नगर सभाले व्यवस्थापिकाको काम गर्छ भने नगर कार्यपालिकाले कार्यपालिकाको काम गर्छ । स्थानीय सरकारको प्रशासनिक कामकारबाहीका लागि विभिन्न विषयगत शाखा र ती शाखामा कर्मचारीहरूको व्यवस्था रहेको हुन्छ ।

जनप्रतिनिधिहरूको प्रमुख कार्य भनेको नियम कानुन बमोजिम जनताहरूलाई सेवा सुविधा उपलब्ध गराउनु हो । कागेश्वरी मनोहरा नगरपालिका नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम नगर प्रमुख, उपप्रमुख, वडाध्यक्ष र सदस्यका काम, कर्तव्य र अधिकारहरू तल उल्लेख गरिएका छन् :

## प्रमुखको काम, कर्तव्य र अधिकार

(क) नगर सभा तथा नगरकार्यपालिकाको बैठक बोलाउने र बैठकको प्रमुखता गर्ने,

(ख) नगर सभा तथा नगर कार्यपालिकाको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेस गर्ने/गराउने,

(ग) नगरपालिकाको बार्षिक कार्यक्रम तथा बजेट तयार गरी सभामा पेस गर्ने,

(घ) नगरकार्यपालिकाको निर्णयमा नगर सभाको अधिवेशनको आह्वान र समापनको घोषणा गर्ने,

(ङ) नगरपालिकाका उपप्रमुख वा सदस्यलाई नगरपालिकाको कार्य विभाजन नियमावली अनुरुपको विषयगत कार्य जिम्मेवारी बाँडफाँड तथा हेरफेर गर्ने,

(च) नगरसभा र नगर कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने गराउने,

(छ) नगर कार्यपालिकाको दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,

(ज) उपप्रमुख तथा सदस्यलाई नगरपालिकाको कामका लागि स्वदेशभित्र काजमा खटाउने,

(झ) कार्यकारी अधिकृतको सात दिनसम्म्को विदा वा स्वदेशभित्रको काज स्वीकृत गर्ने,

(ञ) नगरपालिकाको चल अचल सम्पत्ति हेरविचार तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने,

(ट) प्रचलित नेपाल कानून बमोजिम आवश्यक सिफारिस गर्ने,

(ठ) नगर सभा वा नगरकार्यपालिकाले तोकेका अन्य काम गर्ने ।

## उपप्रमुखको काम, कर्तव्य र अधिकार

(क) न्यायिक समितिको संयोजक भई कार्य गर्ने,

(ख) नगरपालिका प्रमुखको अनुपस्थितिमा कार्यबाहक प्रमुख भई कार्य गर्ने,

(ग) नगरसभा, नगर कार्यपालिका तथा प्रमुखले तोकेका अन्य कार्य गर्ने ।

## वडाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) आफ्नो वडा समितिको अध्यक्ष भई कार्य गर्ने,

(ख) वडा समितिका सदस्यहरुलाई वडा समितिको कामको बाँडफाँड गरी सहजीकरण तथा परिचालन गर्ने,

(ग) कार्यपालिकाको सदस्य भई कार्य गर्ने,

(घ) वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि नगरपालिकामा पेस गर्ने,

(ङ) वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्ने गराउने, तिनको अनुगमन गर्ने तथा आवधिक समीक्षा गर्ने गराउने,

(च) प्रचलित नेपाल कानुनबमोजिम आवश्यक सिफारिस गर्ने,

(छ) तोकिएबमोजिम वा नगरपालिका प्रमुखले तोकेका अन्य कार्य गर्ने ।

## वडा सदस्यको काम, कर्तव्य र अधिकार

(क) वडा समितिको बैठकमा भाग लिने,

(ख) वडा अध्यक्षको अनुपस्थितिमा वडाअध्यक्षले तोके बमोजिम कार्यवाहक वडा अध्यक्ष भई कार्य गर्ने,

(ग) वडा अध्यक्षले तोकेका अन्य कार्य गर्ने ।

**प्रश्नहरू**

(क) कागेश्वरी मनोहरा नगरपालिकाका जनप्रतिनिधिहरूको विवरणसहित सङ्ख्या उल्लेख गर्नुहोस् ।

(ख) जनप्रतिनिधिको प्रमुख कार्य के हो ?

(ग) काम, कर्तव्य र अधिकारका आधारमा स्थानीय तहमा सबैभन्दा मुख्य जिम्मेवार जनप्रतिनिधि को हो ?

(घ) स्थानीय तहको कानुन निर्माणसम्बन्धी कार्य कुन संयन्त्रले गर्छ ?

(ङ) जनताका लागि स्थानीय सरकार किन महत्त्वपूर्ण हुन्छ ?

## अभ्यास

(क) कागेश्वरी मनोहरा नगरकार्यपालिकाको विवरण सङ्कलन गरी कार्यपालिकाका सदस्यको विवरणसहित चित्रात्मक विवरण तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

(ख) तपाईँ आफ्नो वडाको वडाध्यक्ष हुनु भयो भने वडाबासीका लागि के के कार्यहरू गर्नुहुन्छ ? सम्भव भएसम्म वडाध्यक्ष वा वडा सदस्यमध्ये कोही एक जनालाई कक्षामा आमन्त्रण गरेर छलफल कार्यक्रम सञ्चालन गर्नुहोस् ।

(ग) जनप्रतिनिधिहरूका कामहरूलाई थप प्रभावकारी बनाउन के गर्नुपर्ला ? छलफल कार्यक्रम आयोजना गरी उपायहरू तय गर्नुहोस् र जनप्रतिनिधिहरूलाई हस्तान्तरण गर्नुहोस् ।

पाठ ४

# सार्वजनिक स्थलहरूको संरक्षण तथा सरसफाइ

## पाठ प्रवेश

**तलका चित्र अध्ययन गरी दिइएका प्रश्नहरूका आधारमा छलफल गर्नुहोस् :**









(क) दिइएका चित्रहरूमा के के देखाइएका छन् ?

(ख) ती स्थानहरूको संरक्षणको वर्तमान अवस्था कस्तो छ ?

(ग) ती स्थानहरूको सरसफाइका लागि के व्यवस्था गरिएको छ ?

(घ) तपाईं कुनै सार्वजनिक स्थानको सरसफाइमा संलग्न हुनुभएको छ ? कसरी ?

नेपाल धार्मिक तथा सांस्कृतिक हिसाबले विविधतायुक्त देश हो । यहाँ परापूर्वकालदेखिका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक स्थलहरू रहेका छन् । देशका अन्य स्थानहरू जस्तै कागेश्वरी मनोहरा नगरपालिकामा पनि विभिन्न किसिमका सार्वजनिक स्थलहरू रहेका छन् । ती स्थलहरू धार्मिक, सांस्कृतिक वा ऐतिहासिक कुनै न कुनै हिसाबले महत्त्वपूर्ण रहेका छन् ।

नगरपालिका क्षेत्रभित्र रहेका केही महत्त्वपूर्ण सार्वजनिक स्थलहरू कागेश्वरी महादेव मन्दिर, नवतनधाम, चम्पक विनायक मन्दिर, काष्ठभैरब मन्दिर, सीमतीर्थ, गीता मन्दिर, तेजविनायक गणेश मन्दिर, सिद्धकाली मन्दिर, महाँकाल भैरव मन्दिर, कोल्मतेश्वर, थली बालकुमारी मन्दिर, मुलपानी क्रिकेट रङ्गशाला र विभिन्न पार्कहरू रहेका छन् । यस्ता सम्पदाहरू हाम्रा पहिचान हुन् ।

सार्वजनिक स्थलहरूको संरक्षणको दायित्व सबैको हो । त्यसमा पनि जनतासँग सबैभन्दा नजिक रहेको स्थानीय सरकारको त यस कार्यमा झन् बढी जिम्मेवारी हुन्छ। आफ्ना क्षेत्रभित्र रहेका सम्पदाहरूको संरक्षण गरी भावी पुस्तालाई जस्ताको तस्तै हस्तान्तरणका लागि हामीहरूले हरसम्भव उपायहरू अपनाउनुपर्छ । त्यसका लागि निम्न कार्यहरू गर्न सकिन्छ :

(क) सार्वजनिक स्थलहरूले चर्चेका जग्गा संरक्षणका लागि घेराबारको व्यवस्था गर्ने,

(ख) सार्वजनिक स्थलहरूको क्षेत्रफल यकिन गरी मिचिएको जग्गा पुनःप्राप्ति गर्ने,

(ग) सार्वजनिक स्थलहरूको संरक्षणका लागि स्थानीय स्तरमा गठन गरिएका समिति, क्लब आदिलाई परिचालन गर्ने,

(घ) सार्वजनिक स्थलहरूमा नियमित रूपमा सरसफाइका कार्यक्रम आयोजना गर्ने,

(ङ) सार्वजनिक स्थलहरूको संरक्षणका लागि जनचेतना कार्यक्रमहरू सञ्चालन गर्ने,

(च) सार्वजनिक स्थलहरूको संरक्षण र हेरचाहका लागि समिति गठन गर्ने,

(छ) सार्वजनिक स्थलका बारेमा प्रचार प्रसार सामग्री निर्माण र वितरण गर्ने ।

**प्रश्नहरू**

(क) कागेश्वरी मनोहरा नगरपालिकाभित्र कस्ता किसिमका सार्वजनिक स्थलहरू छन् ?

(ख) सार्वजनिक स्थलहरूको संरक्षणको प्राथमिक जिम्मेवारी कसको हो ?

(ग) सार्वजनिक स्थलको संरक्षणका लागि के के गर्न सकिन्छ ?

(घ) खुला चउर वा पार्क हाम्रा लागि किन आवश्यक छन् ?

## अभ्यास

(क) तपाईंको विद्यालय नजिक रहेको कुनै एउटा सार्वजनिक स्थलको भ्रमण गर्नुहोस् । भ्रमणका क्रममा उक्त स्थलका जिम्मेवार व्यक्तिहरूसँग छलफल गरी तपसिल बमोजिमको ढाँचामा विवरण तयार पार्नुहोस् :

सार्वजनिक स्थलको नाम :

स्थापना मिति :

महत्त्व :

संरक्षणका लागि अपनाइएका उपाय :

(ख) घरपरिवारका सदस्यहरूको सहयोगमा तपाईंको वडामा भएका सार्वजनिक स्थलहरूको निम्नबमोजिमको विवरण तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

| क्र.सं. | सार्वजनिक स्थलको नाम | स्थापना मिति | क्षेत्रफल | अवस्था |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

पाठ ५

# खाना बनाउने तरिका

## पाठ प्रवेश

**तलका चित्र हेरेर उत्तर दिनुहोस् :**





(क) माथिका चित्रमा देखाइएका खानामध्ये तपाईंको घरमा कुन कुन खाना बनाइन्छ ?

(ख) यी खानामध्ये तपाईं कुन खाना बनाउन जान्नुहुन्छ ?

(ग) तपाईंको छरछिमेकमा खाइने मुख्य खाना कुन कुन हुन् ?

कागेश्वरी नगरपालिकामा बाहुन, छेत्री, नेवार, तामाङ जातिको मुख्य बस्ती रहेको छ । यी समुदायमा भिन्न भिन्न खानेकुरा खाइन्छ । आज हाम्रो विद्यालयमा नगरपालिकाभित्र खाइने केही खानेकुराका बारेमा जानकारी दिने उद्देश्यले खाना पकाउन जान्ने मानिस बोलाइएको थियो ।

उहाँहरूले यस्ता खाना पकाएर देखाउनुभयो ।

## खिर



हाम्रो नगरपालिकामा सबैजसो घरमा खिर खाने चलन छ । खिर दुधमा चामल राखेर पकाइन्छ । आज विद्यालयमा बोलाइएका एक जना मानिसले हाम्रै अगाडि कुरा गर्दै खिर पकाउनुभयो । उहाँले खिर पकाउनुभन्दा पहिले खिर पकाउन चाहिने सामानका बारेमा कुरा गर्दै एउटा पाना देखाउनुभयो । त्यसमा लेखिएको थियो :

**आवश्यक सामग्री (पाँच जनाका लागि)**

- चामल (ताइचिन) – ३ कप (केलाएर पखालेको)
- नरिवल – १५ ग्राम (सानो टुक्रा बनाएको)
- किसमिस – १५ ग्राम
- गाईको दुध – चार लिटर
- मक्खन – २५ ग्राम
- सुकुमेल – १० दाना (पेस्ट बनाएको)
- जाइफलको धुलो – आधा चम्चा (सानो चम्चाको)
- चिनी – २०० ग्राम
- घिउ १०० ग्राम

**यसपछि उहाँले वर्णन गर्दै खिर पकाउनुभयो :**

**बनाउने विधि :**

- पहिले चामल राम्रोसँग पखाली २० मिनेट जति भिजाउने
- अब कराहीमा दुध उमाल्ने
- अब आगो सानो पारेर चामल हाल्ने
- चामललाई सानो आगामा ४०-४५ मिनेट पाक्न दिने
- बेला बेलामा डाडु वा पनिउँले चलाइराख्ने
- अब अलैंची, चिनी र किसमिस हाल्ने
- चिनी पुरै नघुलेसम्म लगातार चलाइराख्ने
- अब घिउहाल्ने अनि आगो बन्द गर्दिने
- सजाउनका लागि बदाम र काजु हाल्ने

अब खिर तयार भयो । यसलाई चिसो बनाएर वा  या तातै खान सकिन्छ ।

## योमरी



कागेश्वरी मनोहरा नगरपालिकामा  योमरी पुन्ही मनाइन्छ। यस बेला सबैतिर योमरी खाने चलन छ। योमरी नेवार समुदायको विशेष खाना हो । नेवारी खाना भए पनि यो यो परिकार नगरपालिकाभरि नै खाने गरिन्छ । योमरी चामलको पिठोभित्र चाकु र खुवा हालेर अन्डाकार रूपमा डल्लो बनाइएको परिकार हो। यो त्रिकोणात्मक आकारमा तयार पारिन्छ। यसका लागि चामलको पिठो, सुजीको पिठो, मह, नरिवल, तिलको गेडा, घिउ र दुधको आवश्यकता पर्छ । जाडामा मास र चाकुलगायतका खानेकुराले शरीरमा ताप बढाउने भएकाले पनि योमरी खाने गरिन्छ ।

**योमरी बनाउने तरिका**

योमरी बनाउनका लागि चामललाई पिठामा परिणत गरिन्छ । त्यसमा घिउ हालेर तातोपानीले मुछिन्छ । योमरी विशेषतया खुवा र चाकुको बन्छ । चाकुलाई दुधमा उमालिन्छ । मुछिएको पिठोलाई डल्ला बनाउन सुरु गरिन्छ र डल्लालाई चोर औँलाले छेडेर शङ्खाकारमा परिणत गरिन्छ । औँला घुमाउदै जाँदा पिठो पातलिँदै जान्छ र त्यसमा उमालेको चाकु राखिन्छ । यसरी मुछिएको पिठालाई आफू अनुकूल आकार दिइन्छ । त्यसपश्चात् तयार भएको यो योमरीलाई मःमः पकाउने भाँडामा बफाइन्छ ।

## खाप्से

हाम्रो नगरपालिकामा खाप्से खाने चलन छ । यो मैदाबाट तयार गरिन्छ । खाप्से पकाएर तत्काल खान सकिन्छ । राम्ररी प्याकिङ गरेर राखेमा यो एक महिनासम्म पनि चिया र दुधसँग खान सकिन्छ । खाप्से घरमै बनाएर खान सकिन्छ ।



**खाप्से बनाउने तरिका**

आवश्यक सामग्री

- ३ कप मैदा
- घिउ ३ देखि ५ चम्चा
- आधा कप मन तातो पानी
- आधा कप दुध
- आवश्यकताअनुसार तेल
- भाँडा, चौकी र बेल्ना

**बनाउने विधि**

- भाँडामा तीन कप मैदा लिनुहोस् ।

- मैदामा घिउ राख्नुहोस् र राम्रोसँग मोल्नुहोस् ।
- मोलिसकेपछि फेरि दुध राखेर राम्ररी मोल्नुहोस् ।
- मैदामा घिउ र दुध मोलिसकेपछि मनतातो पानी राखेर मजाले मिच्नुहोस् ।
- पिठो तयार भइसकेपछि २० देखि ३० मिनेट छोपेर राख्नुहोस् ।
- रोटी बेलेको जस्तै बेल्नुहोस् ।
- बेलेको रोटीलाई इच्छाअनुसारको आकार र डिजाइन बनाउनुहोस् ।
- तयार भएको खाप्सेलाई तेलमा तार्नुहोस् ।
- खैरो रङ नहुँदासम्म पकाउनुहोस् ।
- खाप्से तयार भयो ।

विद्यालयमा खाप्से पकाएर उहाँले हामीलाई पनि दिनुभयो । यो स्वादिलो हुने रहेछ ।

## अभ्यास

१. **यी खानाका नाम के होला, भन्नुहोस् :**






२. **तलको खानेकुरा हेर्नुहोस् र अभिभावकलाई सोधेर यो खानेकुरा बनाउन चाहिने सामग्री र बनाउने तरिकाको सूची बनाउनुहोस् :**



३. **ठिक बेठिक छुट्याउनुहोस् :**

(क) खिर गाईको दुधमा पकाइन्छ ।

(ख) नेवारीमा 'यो' को अर्थ 'मन पराउनु' र 'मरी' लाई 'रोटी' भनिन्छ ।

(ग) योमरी पुन्हीमा योमरी खाइन्छ ।

(घ) खाप्से बाहुन र राई समुदायको परम्परागत परिकार हो ।

(ङ) योमरी पानीमा उमालेर पकाइन्छ ।

४. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) खिर पकाउन के के चाहिन्छ ?

(ख) योमरी कसरी पकाइन्छ ?

(ग) खाप्से पकाउने तरिका लेख्नुहोस्

४. **तलको अंश पढेर मःमः पकाउन सिक्नुहोस् र घरमै पकाएर खानुहोस् :**

आज हामी मिलेर भेज मःमः बनाऔँ ।

भेज मःमः बनाउन निम्नलिखित सामग्री चाहिन्छ :

- एउटा प्याज
- एउटा भेडेखुर्सानी

- एउटा गाजर
- आधी कप मसिनो गरी काटिएको बन्दाकोपी
- एक चम्चा अदुवा र लसुनको पेस्ट
- एक चम्चा मरिच
- एक चम्चा सोया सस
- एक चम्चा चुक अमिलो
- स्वादअनुसार नुन
- अलिकति पानी
- काटिएको हरियो धनियाँ

**अब आमाबालाई साथमा राखेर पकाऔँ है त :**

मैदालाई चालेर त्यसमा अलिकति नुन हाली पानीमा मुछ्नुहोस् । मुछेपछि त्यसलाई केही बेर छोपेर राख्नुहोस् । तरकारीलाई मसिनो गरी काट्नुहोस् । कराहीमा तेल तताउनुहोस् । त्यसमा अदुवा लसुनको पेस्ट हालेर भुट्नुहोस् । त्यसमा प्याज हाल्नुहोस् र हल्का खैरो नहुन्जेल भुट्नुहोस् । प्याज भुटिएपछि काटिएका तरकारी हाल्नुहोस् र पाँच मिनेटसम्म भुट्नुहोस् । यसमा सोया सस, चुक अमिलो, मरिच, नुन र हरियो धनियाँ मिसाउनुहोस् । अब आगो निभाएर चिसो हुन दिनुहोस् ।



अब मुछिएको पिठोका ससाना डल्ला निकाल्नुहोस् र पुरी बेले झैँ बेल्नुहोस् । बेलिएको पातलो पिठोमा चम्चाले तरकारीको मिश्रण हाल्नुहोस् र बन्द गरेर ममको आकार दिनुहोस् । सबै पिठोको मम बनाउनुहोस् ।

अब म:म:को भाँडामा पानी हाल्नुहोस् र तताउनुहोस् । पानी राम्ररी तताएपछि भाँडाको जालीमा म:म: राख्नुहोस् र माथिबाट छोप्नुहोस् । पानीको बाफले मम पाक्छ । दश मिनेटसम्म बाफ लगाएपछि म:म: निकाल्नुहोस् र तात्तातै खानुहोस् ।

५. **तपाईँको नगरपालिकाभरि खाइने खानेकुराको खोजी गरी सूची बनाउनुहोस् ।**

६. **वेबसाइटमा खोजेर कुनै एक खाना बनाउने तरिका वर्णन गर्नुहोस् ।**

७. **शिक्षकसँग सल्लाह गरेर विद्यालयमा खाना बनाउने प्रतियोगिता वा प्रदर्शनी आयोजना गर्नुहोस् ।**

**पाठ ६**

# बचत संस्कृति, सहकारी र पेसा

## पाठ प्रवेश

कागेश्वरी मनोहरामा निम्नलिखित सहकारी संस्था रहेका छन् ? तपाइँको नजिकमा भएका सहकारी संस्थामा जानुहोस् र तिनले के के काम गर्नछन्, लेखेर कक्षामा सुनाउनुहोस् :




निम्नलिखित प्रश्नमा छलफल गर्नुहोस् :

(क) सहकारी भनेको के हो ?

(ख) तपाइँको समुदायमा रहेको सहकारी संस्थाको नाम भन्नुहोस् ।

(ग) सहकारीमा कसरी के को कारोबार गरिन्छ, छलफल गर्नुहोस् ।

(घ) सहकारबिाट के कसी लाभ लिन सकिन्छ ?

आज हामीले विभिन्न विषयको अध्ययन गरी भित्तेपत्रिका तयार गर्नु थियो । हाम्रो समूहले बचत संस्कृति, सहकारी र पेसाबारेमा यस्तो विवरण तयार पारी अरू समूहमा माझमा प्रस्तुत गऱ्यौँ :

मानिसलाई विभिन्न काम गर्नका लागि पैसा चाहिन्छ । पैसा चाहिएका बेलामा तुरुन्त कमाउन वा आर्जन गर्न सकिँदैन । चाहिएको बेलामा खर्च गर्न बचत गर्ने बानी बसाउनुपर्छ । सानो सानो बचत गर्ने बानीले  घरायसी खर्च चलाउन सकिन्छ । हामीले फजुल खर्च गर्ने बानी हटाउनुपर्छ । आफ्नो साथमा भएको रुपियाँ पैसा स्थानीय सहकारीमा लगेर जम्मा गर्न सकिन्छ । सहकारी वा बैङ्कमा लगेर पैसा जम्मा गरेमा त्यसबाट ब्याज पनि प्राप्त हुन्छ । अर्कोतर्फ आफूले दु:ख गरेर कमाएको पैसाको सुरक्षा पनि हुन्छ ।

सहकारी सामूहिक संस्था हो । यस्ता संस्था सामूहिक रूपमा सञ्चालन हुन्छन् । सहकारी संस्थाले आफ्ना सदस्यमा बचत गर्ने बानीको विकास गराउँछन् । आफ्ना सदस्यबिच ऋण प्रवाह गर्छन् । सदस्यबिच सहकार्य गरी ज्ञान र सिप आदान प्रदान गरी सदस्यलाई समान आर्थिक अवसर प्रदान गर्छन् ।  कम्तीमा पनि २५ जना सञ्चालक सदस्य भएपछि सहकारी खोल्न पाइन्छ ।

**सहकारी संस्थाका सात सिद्धान्त हुन्छन् । ती निम्नलिखित छन् :**

१. स्वैच्छिक तथा खुला सदस्यता

२. सदस्यद्वारा संस्थामाथि प्रजातान्त्रिक नियन्त्रण

३. सदस्यद्वारा आर्थिक सहभागिता

४. स्वायत्तता तथा स्वतन्त्रता

५. शिक्षा तालिम र सूचना

६. सहकारीबिच सहकारिता

७. समुदायप्रति चासो

सहकारीभित्र विभिन्न मूल्य मान्यतालाई पालन गरिन्छ । सहकारीमा आधारभूत र

नैतिक मूल्य हुन्छन् । आत्मसहयोग, स्वउत्तरदायित्य, प्रजातन्त्र, समानता, न्याय, ऐक्यबद्धता र अनुशासन आधारभूत मूल्यमान्यता हुन् । इमानदारी, खुलापन, सामाजिक उत्तरदायित्य र अरूको हेरचाह सामाजिक मूल्यमान्यता हुन् ।

सहकारीले हामीलाई समाजमा मिलेर बस्न सिकाउँछ । सहकारीले बचत गर्ने बानीको विकास गराउँछ । यसले सिप नहुनेलाई सिप सिकाएर रोजगार बनाउँछ । सिप हुनेलाई लगानी गरी स्वाबलम्बी बनाउँछ । सहकारीले आफ्ना सदस्यलाई जीवनस्तर उकास्नका लागि आयआर्जनका क्षेत्रमा प्रवेश गराउँछ । सहकारीको विकास र विस्तारले समुदायका नागरिकको आयआर्जनमा प्रगति हुन्छ ।

सहकारी आफैँमा एउटा पेसा पनि हो । यसमा विभिन्न मानिसले रोजगारी पाउँछन् । सहकारीले स्थानीय क्षेत्रमा हुने कृषि, उद्योग, यातायात आदि क्षेत्रमा ऋण लगानी गरी व्यवसाय गर्न सदस्यलाई सहयोग गर्छ । हाम्रो नगरपालिकामा पनि केही किसानहरूले सहकारीबाट ऋण लिई सामूहिक तर कारी खेत गर्नुभएको छ । कृष्ण दाइले ऋण लिएर दुग्ध उद्योग सञ्चालन गर्नुभएको छ । रीमा भाउजुले पनि सहकारीबाट ऋण लिएर कुखरा पाल्नुभएको छ । अहिले उहाँको राम्रो कमाइ छ । साङ्गे काकाले सहकारीकै ऋणमा ट्याम्पो किनेर चलाउनुभएको छ । उहाँको टेम्पोले हाम्रो समुदायमा ठुलो सहयो ग पुऱ्याएको छ ।

सहकारीमा बचत गर्दा पैसा जम्मा हुने त छँदै छ, यसबाट ब्याज र बोनस आउँछ । यसरी आएको पैसाले आवश्यक गर्जो टार्ने र कुनै नयाँ व्यवसाय गर्ने आँट आउँछ । व्यवसायबाट आर्जन भएको पैसा पुनः सहकारीमै जम्मा गर्न सकिन्छ । यस्तो बानीले नयाँ पेसाको खोजी गरी थप आय आर्जन गर्न सकिन्छ ।

## अभ्यास

१. **तलका चित्र हेर्नुहोस् र उत्तर दिनुहोस् :**




(क) माथि कुन कुन व्यवसाय गरेको देखाइएको छ ?

(ख) यी व्यवसाय गर्न पैसा कहाँबाट जुटाउन सकिन्छ ?

(ग) यी व्यवसायबाट कस्तो फाइदा हुन्छ ?

(घ) तपाईंको समुदायमा सहकारीको लगानीका कस्ता व्यवसाय सञ्चालन भएका छन् ?

२. **पाठ पढेर खाली ठाउँ भर्नुहोस् :**

(क) चाहिएको बेलामा खर्च गर्न .................. बसाउनुपर्छ ।

(ख) सहकारी .................. संस्था हो ।

(ग) सहकारीमा आधारभूत र .......... मूल्य हुन्छन् ।

(घ) सहकारीले स्थानीय क्षेत्रमा हुने कृषि, उद्योग, यातायात आदि क्षेत्रमा ऋण लगानी गरी ............सदस्यलाई सहयोग गर्छ ।

(ङ) व्यवसायबाट आर्जन भएको पैसा पुनः ........ जम्मा गर्न सकिन्छ ।

४. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) हामीले किन बचत गर्नुपर्छ ?

(ख) सहकारी भनेको के हो ?

(ग) सहकारीका मुख्य सिद्धान्त के के हुन् ?

(घ) सहकारीका मूल्य मान्यताको वर्णन गर्नुहोस् ।

(ङ) सहकारीले कसरी आयआर्जनमा सहयोग गर्छ ?

४. **समुदायमा सहकारीले बचत तथा आयआर्जनमा सहयोग गरे पनि कतिपय सहकारीका सञ्चालक बचत गरेको रकम लिएर भागेको समाचार सुनिन्छ । यस्तो किन हुन्छ ? तपाईँको विचारमा यसलाई कसरी रोक्न सकिन्छ ?**

५. **सहकारीले आफ्ना सदस्यलाई जीवनस्तर उकास्नका लागि आयआर्जनका क्षेत्रमा प्रवेश गराउँछ । यस भनाइलाई उदाहरणसहित पाँच बुँदामा पुष्टि गर्नुहोस् ।**

६. **तपाईँको नजिकको सहकारीमा जानुहोस् र तिनेले गर्ने कार्यबारे छलफल गर्नुहोस् । उक्त सहकारीकाट आफ्नो समुदायमा पुगेका फाइदाको सूची बनाउनुहोस् ।**

पाठ ७

# हाम्रा समस्या

## पाठ प्रवेश

**तलको चित्रमा कुन प्रकारको समस्या देखाइएको छ । यसबाट पर्ने पाँच असर लेख्नुहोस् :**







ओहो ! जहाँ बसे पनि समस्या ! जीवनको कुनै भर नै नहुने रहेछ ! रातिको घटना सम्झिँदा त कहाली लाग्छ । कत्रो पहिरो आएको, घरै बगाउने गरी ! आम्मामा ! योभन्दा ठुलो विपत् के हुन सक्छ ? पण्डित बाजेको घर नै पहिरोमा पऱ्यो ! कत्रो समस्या ? धन्न कसैको ज्यान गएन । बाजेको गोडामा चोट मात्र लागेछ ।

हिजो मात्र गुरुआमाले भन्नुभएको थियो- घर भत्कनु, मानिस घाइते हुनु, मानिसको मृत्यु हुनु, भित्री सम्पत्तिको नोक्सानी हुनु आदि विपत्का समस्या हुन् । सुन्दा कथा जस्तो लागेको थियो आज आफ्नै आँखा अगाडि घटना घट्यो....! गुरुआमा "विपत्लाई नियन्त्रण गर्न सकिँदैन, न्यूनीकरण गर्न सकिन्छ" भन्नुहुन्थ्यो । नगरपालिकाले तोकेको मापदण्डमा निर्माण कार्य गरेको भए यस्तो हुने थिएन होला । बाटाको उचित व्यवस्थापन, रुखबिरुवाको कटान नगर्ने बानी, खाली जमिनमा वृक्षरोपण गर्ने गरेमा रोकथाम गर्न सकिन्छ । यस्तै आगोसँग सतर्कता अपनाउने, ट्राफिक नियमको पालना गर्ने बानी बसाउँदा मात्र पनि यस्ता विपत्को समाधान गर्न सकिन्छ ।

मानिस आफैँ विपत्को कारण बन्दो रहेछ जस्तो लाग्यो मलाई त । पण्डित बाजेले त्यस्तो जोखिमयुक्त ठाउँमा घर नबनाएको भए पनि त हुन्थ्यो नि । घर पनि तोकिएको मापदण्ड अनुसारको थिएन रे । घरमाथिको बाटामा पर्खाल पनि रहेनछ । बाटो निर्माण गर्दा ढल निकासको पनि व्यवस्था गरेको रहेनछ । अनि किन नजाओस् पहिरो !

विपत्मा त सबभन्दा पहिले प्रहरीलाई खबर गर्नुपर्ने रहेछ । प्रहरीको साहस, आँट र सहयोग नभएको भए त घाइते आमाछोरीको उद्धार हुने थिएन होला । तुरुन्तै अस्पताल पुऱ्याएकाले अहिले आमाछोरी खतरामुक्त छन् । नगरका प्रतिनिधि, टोलवासी र प्रहरीको सहकार्यमा हिजोको घटनामा उद्धार कार्य सम्पन्न भयो ।

पण्डित परिवारको बिस लाखभन्दा बढीको क्षति भयो रे । खाद्यान्न, लत्ताकपडा, भाँडाकुँडा सबै पहिरोमा परिहाले ! टोलवासीको सहयोगमा वडा कार्यालयमार्फत् केही रकम सङ्कलन भयो । नगरपालिकाले राहतका लागि पच्चिस हजार नगद

उपलब्ध गरायो । हाललाई त व्यवस्थापन भयो ।

टोलवासी र प्रहरी घटनास्थलमा नपुगेका भए त्यहाँ निकै गारो हुन्थ्यो । स्काउट, लियो/लायन्स क्लब, गुठीका मानिस, आमा समूह कति छिटो त्यहाँ आइपुगे । अधिकारी काकाका गाईवस्तु नफुकाएको भए ती पनि पहिरामा पर्थे । धन्न सबै को प्रयासमा विपत्को व्यवस्थापन भयो । यस्ता विपत्मा त सबैले सबैलाई सहयोग गर्नुपर्ने रहेछ । म त अब सधैँ सक्रिया हुन्छु ।

## अभ्यास

१. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| (क) घर | विपत्को असर |
| (ख) पहिरो | सहयोगी हात |
| (ग) घाइते | क्षतविक्षत |
| (घ) प्रहरी | राहत |
| (ङ) नगद | जोखिम |
| | प्राकृतिक विपत् |

३ . **पाठका आधारमा खाली ठाउँ भर्नुहोस् :**

(क) जीवनको कुनै .................. नहुने रहेछ !

(ख) नगरपालिकाले तोकेको .................. निर्माण कार्य गरेको भए यस्तो हुने थिएन होला ।

(ग) पण्डित बाजेले त्यस्तो .....................मा घर नबनाएको भए पनि त हुन्थो नि ।

(घ) पण्डित परिवारको ..............भन्दा बढीको क्षति भयो रे ।

(ङ) अधिकारी काकाका ......... नफुकाएको भए ती पनि पहिरामा पर्थे ।

४. **ठिक बेठिक छुट्याउनुहोस् :**

(क) पण्डित बाजेको गोठ नै पहिरोमा पर्‍यो !

(ख) भित्री सम्पत्तिको नोक्सानी हुनु विपत्को समस्या हो ।

(ग) मानिस आफैँ विपत्को कारण बन्दो रहेछ ।

(घ) बाटो निर्माण गर्दा ढल निकासको पनि व्यवस्था गरेको रहेछ ।

(ङ) नगरपालिकाले राहतका लागि पच्चिस हजार नगद उपलब्ध गरायो ।

५. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) पाठमा कस्तो समस्याको वर्णन गरिएको छ ?

(ख) विपत्का कारण आइपर्ने कुनै तीनओटा असर बताउनुहोस् ।

(ग) विपत् न्यूनीकरण गर्न अपनाउन सकिने कुनै तीनओटा उपाय बताउनुहोस् ।

(घ) उद्धार कार्यमा को को जुटेका थिए ?

(ङ) विपत्को समयमा सहयोगी हातहरूको कस्तो भूमिका हुँदो रहेछ ?

५. **तलका भनाइलाई बढाएर लेख्नुहोस् :**

(क) मानिस आफैँ विपत्को कारण बन्दो रहेछ

(ख) विपत्लाई नियन्त्रण गर्न सकिँदैन, न्यूनीकरण गर्न सकिन्छ ।

६. **विपत्को समयमा अपनाउन सकिने उपायका विषयमा छलफल गर्नुहोस् । छलफलबाट सङ्कलन भएका उपायहरूको सूची बनाउनुहोस् र कक्षामा टाँस्नुहोस् ।**

७. आपत्कालीन अवस्थामा सम्पर्क गर्न सकिने व्यक्ति  तथा सङ्घ संस्थाहरूका नामको सूची बनाउनुहोस् । त्यस्ता व्यक्ति तथा संस्थाको सम्पर्क नम्बरसमेत लेखी सूचना पाटी अथवा सबैले देख्न सक्ने उपयुक्त स्थान खोजेर टाँस्नुहोस् ।

८. घरमा आमाबा, नजिकका प्रहरी, वडाका अध्यक्ष अथवा सदस्य, आफ्ना प्रधानाध्यापक, स्काउट शिक्षक, तपाईँको टोलछिमेकका कुनै सामाजिक सङ्घसंस्था वा सामाजिक अभियन्तामध्ये कोही एक जनासँग विपत्का विषयमा छलफल र कुराकानी गर्नुहोस् र त्यही कुराकानीमा आधारित रही एक अनुच्छेद लेख्नुहोस् ।

# पाठ ८ पुरातत्त्वविद् मोहनप्रसाद खनाल



मानिसहरू नामले होइन, कामले चिनिन्छन् । कामले आफूलाई चिनाउने मानिस चाहिँ थोरै हुन्छन् । तिनै थोरै मानिसमध्येका एक हुन्  मोहनप्रसाद खनाल ।

मोहनप्रसाद खनाल हालको कागेश्वरी मनोहरा नगरपालिका वडा नं ६ मूलपानी डुमाखालमा २००३ सालमा जन्मिएका हुन् । उनकी आमाको नाम कृष्णकुमारी खनाल हो । उनका बुबाको नाम लोकनाथ उपाध्याय खनाल हो । लोकनाथ उपाध्याय खनाल राणाकालमा पूर्वी नेपालका बडाहाकिम थिए । राणाकालमा बडाहाकिम पद जनताले पाउने पदमध्ये सबै भन्दा उच्च तहको सरकारी पद थियो । त्यतिबेला देश भरमा प्रशासन तर्फबाट छ सात जनामात्र बडाहाकिम हुन्थे । बाबु बडाहाकिम भएका कारण उनले बा( ल्यकालमा कुनै अप्ठ्यारो झेल्नुपरेन ।

मोहनप्रसाद खनालले आफ्ना आमाबाबुबाट असल शिक्षा र संस्कार पाए । बाबु सरकारी जागिर तथा सम्पन्न परिवारका भएकाले उनले राम्रो शिक्षा लिने अवसर प्राप्त गरे । उनकी आमा संस्कारी थिइन् । सानै  उमेरदेखि उनले पारिवारिक तथा सामाजिक संस्कार सिके । आमासँग मन्दिर जाँदा उनमा मन्दिर किन बनाएको होला, कसले बनाएको होला भन्ने जिज्ञासा उत्पन्न हुन थाले । यसले उनलाई सानैदेखि अनुसन्धानतिर लम्क्यायो ।  अचेल धेरैले मुलपानी भनेर चिन्ने डुमाखालमा ढुङ्गेयुगको मानव बस्तीका अवशेष फेला परेका छन् । उनी सानो छँदा डुमाखालमा ऐतिहासिक सामग्रीहरू प्रशस्त फेला पर्थे । खेतबारी खन्दा कहिले माटोका भाँडा, पुराना मूर्ति, पैसा र ढुङ्गे हतियारहरू भेटिन्थे । कहिले पुराना इँटा र ढुङ्गाको रास निस्कन्थ्यो ।

एकचोटि तामाको सानो घल्चा भेटिएछ । त्यसभित्र पुरानो जमानाका पैसाको थुप्रो थियो । गाउँलेहरूले 'देउताको पैसा' भन्दै मुठीका मुठी लगे । छ सात वर्ष उमेरका मोहनले आफूभन्दा ६० वर्ष जेठा बुबासँग सोधे, 'बुबा, देउताको पैसा हुन्छ र ?'

राणाकालका बडाहाकिम उनका बुबाले जवाफ दिएछन्, 'देउताको पैसा भन्नाले धेरै अगाडिको पैसा भनेको हो । यो पुराना राजाका पालाको पैसा हो बाबु ।' त्यो त लिच्छवि राजा मानदेवको 'मानाङ्क' मुद्रा रहेछ । यो थाहा पाएपछि उनमा इतिहास खोजबिनतर्फ रुचि जाग्दै गयो । त्यसपछि उनी पुराना वस्तु सङ्कलन गर्न थाले ।

खनाल अध्यन, अनुसन्धान र साहित्य लेखनतर्फ रुचि रख्थे । माध्यमिक तहमा अध्ययन गर्दाखेरी नै उनी कविता लेखेर सुनाउँथे । अब्बल श्रेणीमा एसएलसी उत्तीर्ण गरेका खनालले प्रवीणता प्रमाणपत्रमा वाणिज्य शास्त्रमा भर्ना भए तर उनलाई यो विषय पटक्कै मन परेन । जसोतसो प्रमाणपत्र सकेपछि उनी इतिहास र पुरातत्त्वको अध्ययनतर्फ मोडिए । इतिहास र पुरातत्त्व अध्ययनमा लाग्ने निधो गरेपछि उनी तीन जना इतिहासकार बाबुराम आचार्य, नयराज पन्त र सूर्यविक्रम ज्ञवालीसँग सिक्न गए ।

स्नातकसम्मको अध्ययन त्रिभुवन विश्वविद्यालयबाट पूरा गरे भने संयुक्त राज्य अमेरिकाको कोलम्बिया विश्वविद्यालयबाट इतिहास र पुरातत्त्व विषयमा स्नातकोत्तरको विज्ञता हासिल गरे ।

अमेरिकामा स्नातकोत्तर सकेपछि उनले केही समय त्यही काम गरे । उनलाई विदेशमा बसेर काम गर्नुभन्दा स्वदेश फर्केर देशको सेवा गर्ने इच्छा जाग्यो । प्रगाढ देशभक्ति भएका खनाल वैभवशाली अमेरिकाको सुखी जीवन त्यागेर नेपाल फर्के । नेपाल फर्केपछि उनले त्रिभुवन विश्वविद्यालयको नेपाल र एसियाली अनुसन्धान केन्द्रमा रहेर प्राध्यापन तथा अनुशन्धान गर्न थाले । त्यहाँ उनले ३५ वर्ष काम गरे र आवकाश प्राप्त गरे । यसपछि पनि उनलाई

अध्ययन अनुसन्धानको भोकले सताइरह्यो । हाल उनी विभिन्न अनुसन्धान यो जनामा संलग्न रहेका छन् । हालसम्म उनका ३०० भन्दा बढी अनुसन्धानात्मक लेख प्रकाशन भइसकेका छन् ।

मोहन खनाल प्राचीन इतिहास, पुरातत्त्व, लिपिविज्ञान र मूर्तिकलाका विज्ञ हुन् । उनी भाषा, साहित्य एवम् पुराना अभिलेखका पनि विशेषज्ञ मानिन्छन् । उनका अहिलेसम्ममा दुई दर्जनभन्दा बढी पुस्तकहरू र लगभग ३०० अनुसन्धानात्मक लेखहरू प्रकाशित भइसकेका छन् । उनका कृति त्रिभुवन विश्वविद्यालय, हावर्ड विश्वविद्यालय र काठमाडौँ विश्वविद्यालयबाट पनि प्रकाशन भएका छन् । उनका निम्नलिखित कृति प्रकाशन भएका छन् :

- आर्कियोलजिकल एक्साभेसन्स इन द काडमान्डु भ्याली
- एन्सियन्ट ब्रोन्जेस अफ नेपाल
- पाम लिफ डकुमेन्ट्स अफ मिडियल नेपाल
- चाँगुनारायणका ऐतिहासिक सामग्री
- सिमरौनगढको इतिहास
- सेनराज्यको राजनैतिक इतिहास
- पश्चिम नेपालका मूर्ति र स्थापत्य
- नेपालमा भोटयुद्धको तयारी
- सैनिक द्रव्यकोष
- अभिलेख सङ्कलन
- मध्यकालीन अभिलेख
- नेपालका केही मल्लकालीन अभिलेख

- इतिहास प्रभात
- पृथ्वीपत्र सङ्ग्रह
- अभिलेख माला सन्दर्भ उनका इतिहास र पुरातत्त्वसम्बन्धी मुख्य कृति हुन् ।

खनालको रुचि इतिहास र पुरातत्त्वबाहेक भाषा र साहित्यमा पनि थियो । नेपाली भाषको अनुसन्धानमा उनको विशेष योगदान छ । नेपाली भाषाको ऐतिहासिक अनुसन्धान गरी लेखिएको उनको नेपाली भाषाका हजार वर्ष नामको पुस्तक निकै प्रसिद्ध छ । यात्रा (महाकाव्य), युगान्तर (नवकाव्य), मेरा पद्यात्मक पाइलाहरू (कविता सङ्ग्रह) र नेपाली कला उनका साहित्यिक कृति हुन् ।

उनले पर्वत राज्यका राजा मलय बमका छोरा राजकुमार रमेश मल्ल विक्रमले संवत् १८२२ मा लेखेको नेपाली भाषाको पहिलो महाकाव्य मदनदीपिकाको सम्पादन गरी प्रकाशन गरेका छन् । उनका पश्चिम नेपालका प्राचीन अभिलेख, नेपाली मूर्ति विज्ञान, रातो मच्छिन्द्रनाथ, शाहकालका अप्रकाशित दस्तावेज, आर्कियोलजिकल एक्प्लोरेसन इन वेस्टर्न नेपाल, हिस्टोरिकल डकुमेन्ट्स अफ नेपाल एन्ड ब्रिटिस इन्डिया कम्पनी जस्ता कृति प्रकाशोन्मुख छन् ।


मोहनप्रसाद खनाल इतिहास र पुरातत्त्व तथा भाषा र साहित्यको विशिष्ट व्यक्ति हुन् । उनका विचारमा इतिहास भनेको ज्ञान हो, पुरातत्त्व भनेको विज्ञान हो । ज्ञानलाई विज्ञानले पुष्टि गर्छ । ऐतिहासिक तथ्यलाई वैज्ञानिक रूपले पुष्टि गर्ने पुरातत्त्वले हो । उनको लगनशीलता, खोज र अनुसन्धानबाट राष्ट्रभक्तिको पाठ पढ्न सकिन्छ ।

## अभ्यास

१. **तलको चित्र हेर्नुहोस् र यसका बारेमा एक अनुच्छेद लेख्नुहोस् :**



प्रागऐतिक कालको ढुङ्गे बन्चरो



प्रागऐतिक कालको ढुङ्गाको धारिलो हतियार

२. **पाठ पढेर खाली ठाउँ भर्नुहोस् :**

(क) मोहनप्रसाद खनाल हालको कागेश्वरी मनोहरा नगरपालिका वडा नं ६ मूलपानी ................मा २००३ सालमा जन्मिएका हुन् ।

(ख) मोहनप्रसाद खनालले आफ्ना ...............बाट असल शिक्षा र संस्कार पाए ।

(ग) अचेल धेरैले मूलपानी भनेर चिन्ने डुमाखालमा ढुङ्गेयुगको मानव बस्तीका ............... फेला परेका छन् ।

(घ) माध्यमिक तहमा अध्ययन गर्दाखेरी नै उनी .................. लेखेर सुनाउँथे ।

(ङ) उनलाई विदेशमा बसेर काम गर्नुभन्दा स्वदेश फर्केर ............... गर्ने इच्छा जाग्यो ।

३. **पाठ पढेर उत्तर लेख्नुहोस् :**

(क) खनालले किन बाल्यकालमा दुःख भोग्नु परेन ?

(ख) खनालले आमाबाबुबाट के के सिके ?

(ग) खनालमा इतिहास र पुरातत्त्वको अध्ययन गर्ने सोच कसरी आयो ?

(घ) खनालले लेखेका इतिहास तथा पुरातत्त्वसम्बन्धी मुख्य कृति कुन कुन हुन् ?

(ङ) खनालको जीवनीबाट के सिक्न सकिन्छ ?

४. **तलको अंश पढेर बुझ्नुहोस् :**

'तपाईं मूलपानी जानुभएको छ ?' यसको पुरानो नाम डुमाखाल हो नि । डुमाखालको प्राचीनता मानदेवको समयको शिलालेखबाट पुष्टि हुन्छ । यसको प्रमाण चाँगुको अभिलेखमा समेत पाइन्छ । नेपाल संवत् ६७८ मा भक्तपुरका राजा त्रैलोक्य मल्लले चाँगुनारायणको मन्दिरमा राखेको सुवर्णपत्रमा डुमाखालको नाम दुम्हाखाल र दुम्हादेश लेखिएको छ । डुमाखालमा ऋषिपाध्या खनालले विक्रम संवत् १७७१ मा गौचरण छाडी स्थापना गरेको शिव मन्दिरको शिलापत्रमा डुम्हादेशे भनी उल्लेख गरिएको छ । यसको अलावा जङ्गवहादुर राणाको समयमा अर्थात् १९१० देखि १९१३ को बिचमा गरिएको नेपालको पहिलो जनगणनामा डुमाखाल गाउँको जनसङ्ख्या र घरधुरीको विवरण दिइएको छ। यसरी लिच्छविकालदेखि वर्तमानकालसम्मको इतिहास भएको यस थलोको नाम डुमाखाल हुनुमा यसै ठाँउमा अवस्थित डुमादेवी मन्दिरको नामबाट नामाकरण भएको होला भन्ने अनुमान गर्न सकिन्छ ।

डुमाखाल काठमाडौं उपत्यकाको प्राचीन बस्तीमध्ये एक हो । भूगर्भविद् हरूले काठमाडौं उपत्यका तालका रूपमा थियो भनी पुष्टि गरेका छन् । यस तालको पानी करिब एकलाख वर्षअघि चोभारको गल्छीबाट निकास भएर बग्न थालेको थियो । तर ताल हुँदा यहाँ बस्ती थिएन भन्ने होइन । पानी सुक्नुभन्दा अगाडि पनि उपत्यका वरिपरिका डाँडामा मानव बसोबास थियो भन्ने देखिन्छ। त्यसैमध्ये उत्तरी भेगको डुमाखाल पनि एक हो । मोहन खनालले डुमाखालका बारेमा लेखेको पुस्तक हार्वर्ड विश्वविद्यालयले प्रकाशन गरेको छ । यस पुस्तकको नाम 'आर्कियोलोजिकल एक्जाभेसन इन द काठमाडौं भ्याली' हो ।

**५. डुमाखालको अवलोकन भ्रमण गरी देखे, सुने र पढेअनुसारको सिकाइलाई समेटी यसको वर्णन गर्नुहोस् ।**

**६. सूचना प्रविधिका साधनको उपयोग गरी डुमाखाल र मोहनप्रसाद खनालका बारेमा थप जानकारी सङ्कलन गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**७. साथीको समूहमा बसी नेपाली भाषाका हजार वर्ष नामक पुस्तक अध्ययन गर्नुहोस् र त्यसबारे कक्षामा छलफल गर्नुहोस् ।**

**८. तपाईँको समुदायका एक जना विशिष्ट व्यक्तिका बारेमा तलका विवरण सोधेर छोटो जीवनी तयार पार्नुहोस् :**

नाम :

उहाँका आमाको नाम

उहाँका बाबुको नाम

जन्म

शिक्षाः

बाल्यकाल कसरी बित्यो :

आफूले गरेका मुख्य काम :

असल बन्न के गर्नुपर्छ :

पाठ ५

# नाचौँ

## विषय प्रवेश

तलको चित्रमा कुन जातिको नाच देखाइएको छ ? यो कुन बेला नाचिन्छ ?





झ्याउरे नेपाली लोकभाका हो । झ्याउरे नाच हाम्रो समाजमा  प्रख्यात छ । यो नाच समुदायका युवतीले एकल अथवा समूहमा नाच्ने गर्छन् । विशेष गरी झ्याउरे नाच गुरुङ समुदायमा प्रचलित छ । अन्य जातिका मानिसले पनि यो गीत गाउँछन् । झ्याउरे नाचमा गाइने गीत माया प्रीतिले भरिएका हुन्छन् । यो नाच नेपालको एक लोकप्रिय परम्परागत नाच हो ।  झ्याउरे नाच झ्याउरे गीतमा नाचिन्छ । झ्याउरे बाह्रै महिना गाइने नेपाली समाजको सबभन्दा लोकप्रिय मनोरञ्जन प्रधान गीत  हो । झ्याउरे लोकगीतको साथमा मादलको तालमा झ्याउरे नाच नाचिन्छ । झ्याउरे कुनै निश्चित कार्यसँग सम्बन्धित हुँदैन । यो मनोरञ्जनात्मक हुन्छ । झ्याउरे कुनै उत्सवमा, मेलापातमा जाँदा, कामबाट फुर्सद पाएका बेला साथीभाइहरू भेला भएर गीत गाउँदै नाचिन्छ । तपाईं पनि मादल बजाउँदै तलको लोक गीत गाएर नाच्नुहोस् :

हे ...जेठामा दाजुका सातै जोडी परेवा
देऊ न-देऊ न दाजु मलाई जोडी परेवा
सिरानीमा राखौँला, कम्मलले ढाकौँला
परेवैको घुर्की सुनी राती उठौँला
राती पनि उठौँला, मुरी धान कुटौँला
मेरी असल सासुका सरण पुगौँला

हे .....माइलामा दाजुका सातै जोडी परेवा
देऊ न-देऊ न दाजु मलाई जोडी परेवा
सिरानीमा राखौँला, कम्लीले ढाकौँला
परेवैको घुर्की सुनी राती उठौँला
राती पनि उठौँला, मुरी धान कुटौँला

मेरी असल सासुका सरण पुगौँला

हे....साइलामा दाजुका सातै जोडी परेवा
देऊ न-देऊ न दाजु मलाई जोडी परेवा
सिरानीमा राखौँला, कम्लीले ढाकौँला
परेवैको घुर्की सुनी राती उठौँला
राती पनि उठौँला, मुरी धान कुटौँला
मेरी असल सासुका सरण पुगौँला

हे..... कान्छामा दाजुका सातै जोडी परेवा
देऊ न-देऊ न दाजु मलाई जोडी परेवा
सिरानीमा राखौँला, कम्लीले ढाकौँला
परेवैको घुर्की सुनी राती उठौँला
राती पनि उठौँला, मुरी धान कुटौँला
खरी मेरी सासुका सर पुगौँला

## अभ्यास

१. **तलको चित्रमा धिमे नाच देखाइएको छ । अभिभावकसँग सिकेर वा शिक्षकलाई सोधेर यो नाच नाच्ने अभ्यास गर्नुहोस् :**



२. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) झ्याउरे कस्तो नाच हो ?

(ख) झ्याउरे नाच कहिले नाचिन्छ ?

३. **तपाईँको समुदायमा नाचिने झ्याउरे नाचका बारेमा जानकारी लिई नाच्ने प्रयास गर्नुहोस् ।**

४. **तपाईँले दसैँमा मान्यजनसाग टीका लगाउँदा मन्त्र पढेको सुन्नुभएको होला । तपाईँ पनि मान्यजनसँग टीका लगाउँदा भनिने मन्त्र सुन्नुहोस् र यो मन्त्र पढ्दै आफूभन्दा सानालाई टीका लगाइदिनुहोस् :**



**लोग्ने मानिसलाई आशीर्वाद दिने मन्त्र**

आयुर्द्रोणसुते श्रियो दशरथे शत्रुक्षयो राघवे
ऐश्वर्य नहुषे गतिश्च पवने मानञ्च दुर्योधने ।
शौर्य शान्तनवे बलं हलधरे सत्यञ्च कुन्तीसुते,

विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे ।

**स्त्रीलाई आशीर्वाद दिने मन्त्र**

ॐ जयन्ती मङ्गलाकाली भद्रकाली कपालिनी

दुर्गा क्षमा शिवा धात्री स्वधा स्वहा नमोस्तु ते ॥

जय त्वं देवि चामुण्डे जय भूतार्तिहारिणी ।

जय सर्वगते देवि कालरात्रि नमोस्तु ते ॥

४. **आफूले मान्ने गरेको कुनै एक धार्मिक वा सांस्कृतिक कार्यका बारेमा वर्णन गरी शिक्षकलाई देखाउनुहोस् ।**

पाठ १०

# जडीबुटी खेती

**चित्रहरू हेर्नुहोस् र छलफल गर्नुहोस् :**







**प्रश्नहरू**

(क) माथिका चित्र के केका हुन् ?

(ख) यी वस्तुहरू कहाँ पाइन्छन् ?

(ग) यी केका लागि उपयोग हुन्छन् ?

(घ) यी वस्तुबाट कसरी लाभ लिन सकिन्छ ?

## जडीबुटीको परिचय

विभिन्न बोटबिरुवा तथा झारपातका अङ्ग प्रत्यङ्गबाट निर्माण हुने औषधी र सुगन्धित वस्तुहरूलाई नै जडीबुटी भनिन्छ । अर्को अर्थमा रोगलाई जरैदखि निर्मूल पारेर आराम पारिदिने वनस्पतिहरूलाई जडीबुटी मानिँदै आइएको छ । तितेपाती, जटामसी, तुलसी, अदुवा, चिराइतो आदि जडीबुटी हरू हुन् । केही जडीबुटीका नामहरू यसप्रकार छन् :

| | | |
|---|---|---|
| १. तुलसी | २. अमला | ३. ओखर |
| ४. कुटकी | ५. गुच्ची च्याउ | ६. गुर्जो |
| ७. चिराइतो | ८. जङ्गली सयपत्री | ९. जटामसी |
| १०. झ्याउ | ११. टिमुर | १२. तेजपात/ दालचिनी |
| १३. धसिङ्गरे/धुर्सेली | १४. निम | १५. पदमचाल |
| १६. विष | १७. बोझो | १८. पिपला |
| १९. भ्याकुर | २०. मजिठो | २१. यार्सागुम्बा |
| २२. रिठ्ठो | २३. लघुपत्र | २४. लौंठसल्ला |
| २५. सुगन्धकोकिला | २६. सुगन्धवाल | २७. सतावरी (कुरिलो) |

**महत्त्व :**

परापूर्वकालदेखि स्वास्थ्य उपचारमा प्रयोग हुने विभिन्न जडीबुटीहरूको प्रयोग हुँदै आइरहेको छ । यस्ता अमूल्य सम्पदा हाम्रो देश नेपालमा प्रशस्त पाइन्छन् । धेरैजसो वैज्ञानिक अध्ययन अनुशन्धानमा करिब ७०० वनस्पतिहरू जडीबुटीहरू औषधीको रूपमा प्रयोग हुँदै आइरहेका छन् । तीन हजार वर्ष पहिला नै विकास भएको आयुर्वेदले विभिन्न जडीबुटीबाट औषधी बनाउँदै आइरेहको छ । नेपालमा आदिकालदेखि नै विभिन्न जनजातिहरूको परम्परागत ज्ञानहरूको सङ्गम स्थल रहिआएको छ । तर पनि यस्ता जडीबुटीहरूको अधिकांश मात्रा जङ्गली स्रोतबाट नै सङ्कलन गर्ने, प्रयोग गर्ने र व्यापार व्यवसाय गर्ने चलन छ ।

पछिल्ला दशकहरूमा जडीबुटीहरूको माग राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारमा दिनानुदिन बढ्दै गइरहेको छ । त्यैसले वैज्ञानिक खेती प्रविधि विकास गरी अन्य खाद्य र नगदेबाली सरह नै जडीबुटीहरूको पनि दिगो खेती गर्न अति जरुरी भइसकेको छ ।



औषधीका रूपमा प्रयोग हुने जडीबुटीमध्ये सबैभन्दा बढी कर्णाली क्षेत्रमा जडीबुटी उत्पादन हुने गरेको छ । कर्णाली क्षेत्रमा हावापानी तथा जलवायु राम्रो र मानवीय चाप कम भएकाले धेरै जडीबुटी उत्पादन हुने गरेको छ । हिमाली क्षेत्रमा भने जटामसी, कट्की, अतिस, पञ्चाललगायतका रहेका छन् । तराईमा उत्पादन हुने मुख्य जडीबुटीमा मेन्था, कुरिलो, सर्पगन्धा हुन् । त्यस्तै मध्यपहाडी भागमा चिराइतो, रिठ्ठा, टिमुर, तेजपात/दालचिनी, सुगन्धवाल व्यावसायिक रूपमा खेती भएको छ । जडीबुटीमध्ये तेल निस्कने जडीबुटीमा मेन्था, टिमुर, तेजपात हुन् । यीमध्ये जटामसी, पाँचऔँले, कुट्की, निरमसी पाटन (हिमाली घाँसे मैदान) क्षेत्रमा पाइन्छ ।

नेपालमा हाल सतुवा, लौँठसल्ला, अतिसलगायत ३० प्रजातिका जडीबुटीलाई अध्ययन, अनुसन्धान र खेती विस्तार हुने गरेको पाइन्छ । नेपालमा उत्पादन भएका जडीबुटी मध्ये १०० देखि १५० प्रजातिका जडीबुटी भारत, चीनलगायत विभिन्न देशमा निकासी हुँदै आएका छन् । नेपालमा आयुर्वेदिक औषधीका कम्पनीहरू कम भएका कारण नेपालमा उत्पादन हुने जडीबुटीको भरपुर उपयोग हुन सकेको छैन । जडीबुटीलाई गुणस्तरीय उत्पादन र प्रयोगका लागि

जनचेतना फैलाउनु आवश्यक भएको छ ।

**जडीबुटीका किसिम**

हाम्रो देशमा करिब ७००० प्रजातिका बोट बिरुवाहरू पाइन्छन् । तीमध्ये १० प्रतिशत अर्थात् ७०० बोट बिरुवाहरू जडीबुटीमा पर्दछन् । हालसम्म करिब २३८ जातिका जडीबुटीको रासायनिक परीक्षणसमेत भइसकेको छ। जडीबुटीहरू मुख्य गरेर औषधीयुक्त र सुगन्धित तेलधारी गरी दुई किसिमका हुन्छन् ।

औषधीयुक्त जडीबुटीहरू

(**क**) **जरा जाति** : पाँचऔंले, जटामसी, बोझो, वन लसुन सुगन्धवाल, भ्याकुर, पाषणभेद

(**ख**) **पात जाति** : तेजपात, कुमकुम, लोठसल्ला, भोर्ला, तितेपाती, असुरो

(**ग**) **बीज र फल जाति** : पिपल, रुद्राक्ष, लप्सी, कटुस, रिठ्ठा, सुगन्धकोकिला, सिकाकाई हर्रो, बर्रो, अमला

(**घ**) **बिरुवा जाति** : यार्सागुम्बा, भ्याउ, मजिटो, चिराइतो, घोडताप्रे, सेमलता, नागबेली, जीवन्ती

(**ङ**) **बोक्रा जाति** : काफल, ओखर, दालचिनी, चुत्रो, भोजपत्र, छतिवन, टोटलो, पलास, अर्जनु, निम

(**च**) **फूल र भुवा जाति** : गुराँसको फूल, नागेश्वरको फूल, असुराको फूल, सिमलको भुवा, आँकको फूल

(**छ**) **रङ जाति** : पिपला, मजिटो, अमला, मेहेन्दी, घन्टीफूल

(**ज**) **गम र रोजिन जाति** : सिलाजित, खोटो, गोकुल धूप, रक्तचन्दन, सालधूप, सुगन्धित तेलधारी जडीबुटी

सुगन्धित तेलधारी जडीबुटीअन्तर्गत सुगन्धकोकिला, मेन्था, सयपत्री, मसला, सुगन्धवाल, कुमकुम, तुलसी, केमामहल आदि पर्दछन् ।

## स्थानीय जडीबुटीको पहिचान

हाम्रो देशमा विभिन्न प्रकारका जडीबुटीहरू पाइन्छन् । जडीबुटीहरूको पहिचान गर्नका लागि तिनीहरूको आकार प्रकारको अध्ययन गर्नुपर्छ। जडीबुटीका आकारमा अग्लो, होचो, ठुलो, सानो, मोटो, मसिनो आदि पर्दछन् । त्यस्तै चिप्लो, खस्रो, कडा, नरम वा पतझड, सदावहार कस्तो हो ? सोको पनि जानकारी हुनुपर्दछ । रूप, रङ, रस, स्वाद तथा गन्ध पनि फरक फरक हुन्छ । कालो, रातो, निलो, पहेँलो, सेतो, हरियो रङको पनि आआफ्नो महत्त्व हुन्छ । कतिपय जडीबुटीहरू रसिलो, सुख्खा, तितो, पिरो, टर्रो र अमिलो स्वादका हुन्छन् । त्यस्तै कतिपय सुगन्धित तथा दुर्गन्धित पनि हुन्छन् । पहिचानकै क्रममा तिनीहरूको पात, बोक्रा, जरा, काण्ड, फुल तथा फलको पनि जानकारी आवश्यक पर्दछ ।





नेपालका विभिन्न क्षेत्रहरूमा स्थानीय क्षेत्रमा विभिन्न जडीबुटीहरू छन् । हाम्रो देशमा धेरै गर्मी र होचो भाग पनि पाइन्छ । त्यस्तै पहाड र उच्च हिमाली भागहरू पनि छन् । विभिन्न धरातल तथा घाम पानीमा समेत निश्चित रूपमा जडीबुटीहरू पाइन्छ । यस्तै आधारमा पनि जडीबुटीहरूको पहिचान गरिन्छ । जस्तै भोजपत्र, चिराइतो, धुपी, सुनपाती, जटामसी, कटुकी, यार्सागुम्बा, पाँच औले, नागबेली, निरमसी, पाषणभेद आदि हिमाली क्षेत्रका जडीबुटीहरू हुन् । पद्मचाल, तेजपत्र, चुत्रो, धमेरो, तितेपाती, गुर्जो, टिमुर, जेठीमधु आदि पहाडी क्षेत्रमा पाइन्छ । सर्पगन्धा, निम, हर्रो, बर्रो, अमला, सिकाकाई, कुरिलो, बोझो, खयर, धतुरो, पारिजात, राजवृक्ष आदि चुरे भावर र तराई क्षेत्रहरूमा पाइने जडीबुटीहरू हुन् ।

## क्रियाकलाप

(१) यहाँ केही जडीबुटीको नाम, प्रशोधन गर्ने तरिका, प्रयोग गर्ने भाग प्रयोग गर्ने तरिकाका बारेमा एक तालिका प्रस्तुत गरिएको छ । अध्ययन गरी तलका क्रियाकलाप पूरा गर्नुहोस् :

| क्र.स. | जडीबुटीको नाम | प्रशोधन गर्ने तरिका | जडीबुटीको प्रयोग हुने भाग | काम र प्रयोग गर्ने तरिका |
|---|---|---|---|---|
| १. | तितेपाती | पिसेर वा मिचेर, सुकाएर कीटनाशक विषादीमा प्रयोग गर्ने, कुटेर पानीमा उमालेर रस पिउने | मुन्टा, पात, जरा, डाँठ बिरुवा | जुकाका लागि, कीटनाशक औषधीका रूपमा, ज्वरो, अरुचि आदिमा रस लगाउने, पिउने, विषादीका रूपमा प्रयोग गर्ने |
| २. | बोझो | कुटेर पिठो बनाउने | जरा | रुघाखोकी, घाँटी दुखेमा, हर्षदन्तमा, लुतो र गाईबस्तुको जुम्रा हटाउन |
| ३. | चिराइतो | पानीमा भिजाएर त्यसको रस निकाल्ने | पुरै भाग | ज्वरो र जुकामा आवश्यक मात्रामा खाने |

| | | | | |
|---|---|---|---|---|
| ४. | सिस्नु | पिसेर लेतो बनाउने, लेप बनाउने | जरा | मर्केको, गोडा भाँचिएकामा काम्रो बाध्नका लागि |
| ५. | सिल्टिमुर | पिसरे झाले र धुलो बनाउने | फल | भुँडी फुलेको सञ्चो पार्न |
| ६. | हर्रो | पकाएर झाले खाने वा मुखमा च्याप्ने | फलको बोक्रा | रुघाखोकी लाग्दा, अरुचिमा |
| ७. | ऐसेलु | कुटेर झोल बनाउने | जरा | निमोनियाका लागि झोल बनाएर खाने |
| ८. | चुत्रो | कुटेर कपडामा छानेर झोल निकाल्ने | बोक्रा | आँखा दुखेको बेलामा राख्ने |
| ९. | असुरो | झाले बनाएर पकाएर खाने | हरियो मुन्टा | औंलो ज्वरोका लागि |
| १०. | लसुन | कुटेर झाले बनाई खाने | पोटी | ग्यास्टिक, लेक लागेमा प्रयोग गर्ने र मसलाका रूपमा |
| ११. | तुलसीपत्र | पिसेर वा पात पानीमा उमालेर खाने वा चपाएर पात खाने | पात र डाँठ सबै | ज्वरो तथा रुघाखोकीमा |

१. तपाईंको समुदायमा पाइने औषधीयुक्त जडीबुटीहरू पत्ता लगाई तिनीहरूका एक एक ओटा नमुनाहरू सङ्कलन गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

२. तपाईँको समुदायमा पाइने जडीबुटी सङ्कलन गरेर तिनको प्रयोग के कसरी गर्न सकिन्छ भनी आफूभन्दा जान्ने मानिससँग सोधेर ल्याउनुहोस् । अनि कक्षामा सबैले ल्याएको विवरण प्रस्तुत गरी माथिका जस्तै तालिका बनाई छलफल गर्नुहोस् ।

३. तपाईँको समुदायमा पाइने १० ओटा जडीबुटीको प्रयोग हुने अङ्गहरू जम्मा गरी ती जडीबुटी के कसरी प्रयोग गर्नुपर्ने रहेछ, कक्षामा छलफल गर्नुहोस् ।

४. स्थानीय रूपमा पाइने जडीबुटीहरूको औषधीको तालिका बनाई छलफल गर्नुहोस् ।

५. नेपालका जडीबुटीहरूको संरक्षण कसरी गर्न र सही रुपमा तिनको प्रयोग कसरी गर्न सकिन्छ ? छलफल गरी सुझावहरू प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) **तलका प्रश्नको उत्तर लेख्नुहोस् :**

१. जडीबुटीको परिचय दिनुहोस् ।

२. जडीबुटीका किसिमहरू उदाहरणसहित लेख्नुहोस् ।

३. “नेपाल जडीबुटी को धनी देश हो ।” यस भनाइलाई उदाहरणसहित पुष्टि गर्नुहोस् ।

४. नेपालमा जडीबुटीको महत्व उल्लेख गर्नुहोस् ।

५. जडीबुटी सङ्कलन गर्दा ध्यान दिनुपर्ने कुराहरू के के हुन् ?

६. नेपालमा जडीबुटी खेती के कसरी गर्न सकिन्छ आफ्नो मौलिक विचार लेख्नुहोस् ।

(ख) **तलका भनाइ ठिक भए ठिक चिह्न र बेठिक भए बेठिक चिह्न लगाउनुहोस् :**

१. जडीबुटी सङ्कलनपछि घाम वा छहारीमा सुकाएर राख्नुपर्छ ।

२. जडीबुटीलाई किरा तथा ढुसीबाट सुरक्षित हुने गरी भण्डारण गर्नुपर्दछ ।

३. जडीबुटी राख्ने बोरा, थैला, बाकस ओभानो सुख्खा तथा ढुसी नभएको र सफा हुन आवश्यक छैन ।

४. सुक्खा, हावा लाग्ने तथा ओस नभएको कोठा वा गोदाममा मात्र भन्डारण गर्नुपर्दछ ।

५. भण्डारण गरिसकेपछि पनि बेला बेलामा जडीबुटीको जाँच र रेखदेख गरिरहनु पर्दैन ।

६. लामो समयसम्म भण्डारण गर्नुपर्ने जडीबुटीहरूलाई बेला बेलामा घाममा सुकाउनु पर्दछ ।

## सिर्जनात्मक कार्य

१. तपाईंको समुदायमा रहेका केही जडीबुटी सङ्कलन गर्नुहोस् । ती जडीबुटी कुन रोगमा कसरी प्रयोग गर्नुपर्ने रहेछ, स्थानीय वैद्य तथा अभिभावकसँग सोधेर तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. रुघाखोकी र ज्वरो आउँदा प्रयोग गरिने कुनै तीनओटा जडीबुटीको नाम पत्ता लगाई प्रयोग गरिने तरिकाका बारेमा प्रतिवेदन तयार गर्नुहोस् ।

पाठ ११

# पर्यटनका लागि पूर्वाधार निर्माण

## विषय प्रवेश

**घुम्न जाउँ घुम्न जाउँ घुम्न नगरकोट**
**जिन्दगीमा सानु माया हो सबै थोक**

माथिको गितको सन्दर्भ घुमघाम र  पर्यटनसँग सम्बन्धित छ।

अब पर्यटन के हो ? छलफल गरौँ है त





**पर्यटन भनेको के हो ?**

प्राचीनकालदेखि नै मानिसहरू घुम्नका लागि एक ठाउँबाट अर्को ठाउँमा जाने गर्थे । यसरी मानिसहरू घुमघाम र ज्ञानको खोजीमा एक ठाउँबाट अर्को ठाउँमा यात्रा गर्ने कार्यलाई पर्यटन भनिन्छ भने यसरी घुम्ने व्यक्तिलाई पर्यटक भनिन्छ। पर्यटन स्वेच्छिक र अस्थायी गतिविधि हो । नेपाल पर्यटनका लागि विश्वभर प्रसिद्ध छ । यहाँको प्राकृतिक दृश्य अवलोकन गर्न, संस्कृतिक गतिविधिहरूको अवलोकन गर्न विश्वभरका मानिसहरू नेपाल आउने गर्छन् ।

पर्यटनका लागि विभिन्न पूर्वाधारको जरुरी पर्छ। ती पूर्वाधारमा भौतिक पूर्वाधार, सेवा सुविधासँग सम्बन्धित पूर्वाधार, संयुक्त रूपमा स्थापित पूर्वाधार, नयाँ र नौलो लाग्ने सामान वा वस्तुको उत्पादन गर्ने पूर्वाधार र वस्तुको उपलब्धता आदि पर्छन् ।

पर्यटन आन्तरिक र बाह्य दुवै प्रकारको हुन्छ । स्वदेशका विभिन्न क्षेत्र र स्थानमा गरिने घुमघाम र भ्रमण आन्तरिक पर्यटन हो भने विदेशका विभिन्न क्षेत्र र स्थानमा गरिने घुमघाम, अध्ययन भ्रमण, अवलोकन बाह्य पर्यटनका उदाहरण हुन् ।

**सांस्कृतिक पर्यटन** : जात्रा, मेला, पर्व, सांस्कृतिक भोज परिकार, लोकगित, लोक सङ्गीत, कला, सांस्कृतिक समारोह आदिको अवलोकन सहभागितासँग सम्बन्धित पर्यटन सांस्कृतिक पर्यटन हो। कागेश्वरी मनोहरामा सांस्कृतिक पर्यटनका लागि विभिन्न सम्भावनाहरू रहेका छन्। तामाङ संस्कार र संस्कृति, नेवारी संस्कार र संस्कृति र ब्राह्मण क्षेत्रीका संस्कार र संस्कृतिमा हाम्रो नगरपालिका धनी छ । यहाँ मनाइने विभिन्न जात्रा र मेलाले पनि यो नगरपालिकालाई सांस्कृतिक रूपमा धनी बनाएको छ। यहाँ लाग्ने गणेश भैरव जात्रा, डाँछीमा मनाइने डाँछी नयाँ गाउँ जात्रा आदि यहाँका प्रसिद्ध जात्राहरू हुन् ।


**ग्रामीण पर्यटन** : गाउँले जीवनको मौलिकता र ग्रामीण जनजीवनको अवलोकन र जानकारी लिन यस्ता पर्यटन गरिन्छ। ग्रामीण परिवेश, रीतिरिवाज, संस्कृति,

आनिबानी र स्थानीय परिकारको स्वादसँग परिचित गराउनु ग्रामीण पर्यटनको उद्देश्य हो । होम स्टेको विकास, सरसफाइ, ग्रामीण कला र संस्कृतिको संरक्षणले ग्रामीण पर्यटनको विकासमा मदत पुग्दछ । कागेश्वरी मनोहरा पनि ग्रामीण पर्यटनका लागि प्रसिद्ध छ । यहाँका धेरै बस्तीहरूमा ग्रामीण पर्यटनको सम्भावना रहेको छ । ग्रामीण व्यवहार र जीवनशैली, ग्रामीण संस्कार र आि( तथ्यताले पर्यटकलाई लोभ्याउने मात्र होइनन् पर्यटकले पाउने आतिथ्यता र सम्मानले समेत पर्यटनलाई निरन्तरता दिन मदत गर्छ ।


**मनोरञ्जनात्मक पर्यटन** : यस प्रकारको पर्यटन रमाइला र साहसिक खेलकुद र मनोरञ्जनसँग सम्वन्धित हुन्छन् । मनोरञ्जनात्मक पर्यटनमा शारीरिक चुनौतीको सामाना गर्नुपर्ने हुन्छ । ट्रेकिङ, पर्वतारोहण, हाइकिङ, रक क्लाइबिङ, बन्जी जम्पिङ, राफ्टिङ आदि मनोरञ्जनात्मक पर्यटनका उदाहरण हुन् । कागेश्वरी मनोहरामा हाइकिङको राम्रो सम्भावना रहेको छ । यहाँ रहेको शिवपुरी क्षेत्रमा हाइकिङ गर्ने प्रचलन बढ्न थालेको छ ।

### पर्यटन पूर्वाधार भनेको के हो ?

पर्यटकको सेवा सुविधाका लागि तयार पारिएका संरचना, भवन, सुविधाका क्षेत्र र सेवामूलक क्षेत्र, सेवा दिने प्रक्रिया र प्रविधिलाई पर्यटन पूर्वाधार भनिन्छ । यस्ता पूर्वाधारमा सडक, रेल वे, विमानस्थल, होटल, सम्मेलन केन्द्र, रङ्गशाला, धार्मिक स्थल लज, स्पा, रेस्टुरेन्ट, आराम र मनोरञ्जनका सुविधाहरू पर्छन् ।




**पर्यटन पूर्वाधारका लागि आवश्यक तत्त्वहरू**




**(क) आकर्षक**

कागेश्वरी मनोहरा काठमाडौँबाट नजिक रहेको, ग्रामीण परिवेशसमेत भएको, परम्परागत कला संस्कृतिमा धनी छ । प्राकृतिक सौन्दर्यले भरि पुर्ण भएकाले पनि पर्यटनका लागि आकर्षक गन्तव्य रहने गरेको छ ।

(क) प्राकृतिक आकर्षण : प्राकृतिक सम्पदा, पहाड, हिमाल, नदी, ताल, तलैया

(ख) मानिसबाट निर्माण हुने आकर्षण

- आकर्षक पर्यटन स्थल निर्माण : यसका लागि आकर्षक स्थल बनाउने, जस्तै : ताल, पोखरी, मन्दिर, झरना, बगैँचा सजावटमा ध्यान दिने, सरसफाइ गर्ने, सुरक्षा प्रबन्ध भरपर्दो बनाउने आदि कार्य गरिन्छ ।

- आकर्षक भौतिक पूर्वाधार : पशुपतिनाथ मन्दिर, पचपन्न झ्याले दरबार, धरहरा, रानीमहल
- इभेन्ट आकर्षण : गतिविधिलाई रमाइलो, सम्झना योग्य, रुचिपूर्ण हुने खालका इभेन्ट सञ्चालन गर्नुपर्दछ ।

**(ख) पहुँच**


पहुँच पर्यटनका लागि दोस्रो महत्त्वपूर्ण तत्त्व हो । पहुँचको हिसाबले कागेश्वरी मनोहरा काठमाडौँबाट नजिकै रहेको पर्यटकीय गन्तव्य हो । यहाँ गाडीबाट सजिलै पुग्न सकिने प्रशस्त पर्यटकीय गन्तव्य छन् । सडकहरू फराकिला र कालोपत्रे गर्न सकिएका पर्यटकको यात्रा समय छोटो हुने र छोटो अवधिमा आउजाउ हुँदा समय बचत हुनपुग्छ । यहाँको पर्यटकीय स्थलको पहुच वृद्धि गर्न फराकिला सडक, सफा र कालोपत्रे सडक जस्ता पूर्वाधारमा स्थानीय सरकार र प्रदेश सरकारको चासो र सक्रियता बढ्नु पर्छ । भित्री बस्तीसम्म गाडी जाने सडकको प्रबन्ध गरिनुपर्दछ । ट्याक्सी र अन्य भाडाका गाडीको सुविधा वृद्धि गरिनुपर्छ ।

**(ग) खाना र वासको प्रबन्ध**

यसमा सुविधा सम्पन्न होटल र रेस्टुरेन्टको प्रबन्ध भएको ठाउँमा पर्यटकहरू जान मन पराउँछन् । कागेश्वरी मनोहरामा पनि धेरै सुविधा सम्पन्न होटलहरू नभए पनि मध्यम स्तरका धेरै होटल र रेस्टुरेन्टहरू रहेका छन् । होटलमा उपयुक्त कोठा, वाइफाइको प्रबन्ध, तातो चिसो पानीको प्रबन्ध, कर्मचारीको पाहुनाप्रति गरिने आतिथ्यता आदिले पनि पर्यटकको मनमा प्रभाव पार्नुपर्दछ । अनि मात्र पर्यटक दोहोऱ्याएर आउने, अरूलाई सेवा सुविधा सम्पन्न जानकारी गराउने अवस्था रहन्छ ।

## क्रियाकलाप

१. तल दिइएको सूचना अध्ययन गरी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :



कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
(सहकारी शाखा)
डाँछि, काठमाडौँ
बागमती प्रदेश, नेपाल

प.सं. : ०७९/८०
च.नं. : ३७

फोन नं.: ०१-४४९१२४२
०१-४४२०१८६
०१-४४२०३४६

मिति:२०७९/११/०४

श्री सहकारी संस्था सबै,
कागेश्वरी मनोहरा नगरपालिका,
काठमाडौं।

विषय:- सहभागी हुने सम्बन्धमा

यस कागेश्वरी मनोहरा नगरपालिकाको वडा नं. १, गागलमा मिति २०७९ फाल्गुण ०७ गते आइतबार ९ औं कागेश्वरी पर्यटन महोत्सव् "स्वच्छ, सफा हराभरा, घुम्न जाऔं कागेश्वरी मनोहरा" नाराका साथ आयोजना हुनेभएकाले नगरपालिका भित्र संचालित सबै सहकारी संस्थाहरुको सहभागिता को लागि अनुरोधका साथ, सहकारी संस्थाबाट उत्पादित सामाग्री प्रदर्शनीका लागि आ-आफ्नो व्यानर सहित तपसिलका स्थान तथा समयमा उपस्थितिका लागि अनुरोध छ।

तपसिल:
मिति: २०७९/११/०७
स्थान: कागेश्वरी मनोहरा नगरपालिका वडा नं.१
समय: विहान १० बजे देखि

अनिता तामाङ
(अधिकृत सातौं)

(क) माथि दिइएको सूचना वा जानकारी के सँग सम्बन्धित छ ?

(ख) पर्यटन महोत्सव भनेको के हो ?

(ग) उल्लिखित पर्यटन महोत्सवको नारा के रहेको छ ?

(घ) पर्यटन महोत्सवमा के के प्रदर्शन गर्न भनिएको छ ?

(ङ) पर्यटन महोत्सवको महत्त्व उल्लेख गर्नुहोस् ।

(च) पर्यटन प्रवर्धन गर्न तपाईंको स्थानीय तहले यीबाहेक अरू कुन कुन कार्य गर्दै आइरहेको छ ? सोधखोज गरी लेख्नुहोस् ।

## क्रियाकलाप २

**तल दिइएको सन्दर्भ पढौँ र छलफल गरौँ ।**

कागेश्वरी मनोहराको फेसबुक पेज हेर्दै गर्दा सलिमाले 'स्वच्छ, सफा र हराभरा, बनाऔँ कागेश्वरी मनोहरा' लेखेको देखिन् । उनले सो कुरा कक्षामा साथीहरूलाई सुनाइन् । कक्षामा कसरी कागेश्वरी मनोहरा नगरपालिकालाई स्वच्छ सफा र हराभरा बनाउन सकिन्छ भनी छलफल गरे र निम्नानुसारको निष्कर्ष निकाले । तपाईंपनि कागेश्वरी मनोहरा नगरलाई कसरी सफा, स्वच्छ र हराभरा बनाउन सकिन्छ भनी समूहमा छलफल गर्नुहोस् र निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

- खाली सार्वजनिक जमिनमा वृक्षरोपण गर्ने,
- एक घर एक बिरुवा रोप्ने कार्यक्रमलाई प्राथमिकता दिने,
- वनजङ्गलमा डडेलो नलगाउने र लगाउनेलाई पहिचान गरी दण्ड जरिवाना गर्ने,
- हरेक बस्ती र टोलमा हप्ताको एक दिन सरसफाई अभियान सञ्चालन गर्ने,
- कागेश्वरी मनोहरामा पुराना सवारी साधनलाई चल्न प्रतिबन्ध लगाउने,
- औद्योगिक संरचनालाई बस्तीभन्दा टाढा राख्ने,
- हरेक चोक र बस्तीहरूमा सार्वजनिक शौचालयहरू व्यवस्था गर्ने ।

## अभ्यास

**तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) पर्यटन भनेको के हो ?

(ख) सांस्कृतिक पर्यटन भनेको के हो ?

(ग) ग्रामीण पर्यटनको महत्त्व उल्लेख गर्नुहोस् ।

(घ) पर्यटनका पूर्वाधारहरू के के हुन् ?

(ङ) तपाईंको समुदायमा के कस्ता पर्यटन पूर्वाधारहरू विकास भएको छ ? सूची तयार पार्नुहोस् ।

(च) पर्यटकलाई आकर्षित गर्न आफ्नो समुदायका पर्यटकीय स्थललाई स्वच्छ, सफा र हराभरा बनाउन के के गर्न सकिन्छ ?

पाठ १२

# पर्यटनका लागि सेवा सुविधाका क्षेत्र

## विषय प्रवेश

पर्यटकका लागि यी सेवा सुविधा आवशयक पर्छन् की पर्दैनन् ।

| सडक/यातायात | होटल | ढुङ्गेधारा | होमस्टे |







पर्यटनका लागि विभिन्न पूर्वाधारहरू चाहिन्छ । कतिपय पूर्वाधारहरू पर्यटकका सेवा सुविधासँग सम्बन्धित हुन्छन् भने कतिपय पूर्वाधार भौतिक अवस्था र मनोरञ्जनसँग सम्बन्धित हुन्छन्। पर्यटकका लागि आवश्यक पर्ने सेवा सुविधाका क्षेत्रलाई तल प्रस्तुत गरिएको छ ।



(क) **होटल र लज** : पर्यटन आगमनल(ाई आकर्षण गर्ने महत्त्वपूर्ण क्षेत्र होटल र लजको पर्याप्ततालाई लिन सकिन्छ । पर्यटकका लागि आरामदायी वास, स्वादिष्ट भोजन, मौलिक परिकार भएको होटलमा पर्यटक बस्न रुचाउँछन् । कागेश्वरी मनोहरामा पर्यटकलाई आकर्षित गर्न यी खालका सुविधा भएको होटलको सङ्ख्या वृद्धि गर्नु पर्ने हुन्छ । पर्यटकलाई दिने आतित्थतामा कमी आउन दिनुहुँदैन् ।



(ख) **यातायात** : पर्यटकका लागि यातायातको सेवा सुविधा महत्त्वपूर्ण मानिन्छ । पालिकामा रहेका पर्यटकीय क्षेत्र नजिकै यातायात साधनको पहुँच हुने अवस्थामा मात्र त्यहाँ पर्यटक घुम्न जाने हुँदा त्यस्तो सुविधा विस्तार गर्नुपर्छ ।

(ग) **खेल तथा मनोरञ्जन** : पर्यटकहरू विभिन्न उदेश्यले घुम्न निस्कन्छन् । कतिपय पर्यटक रमाइलो र मनोरञ्जनका लागि घुम्न मनपराउने हुँदा त्यहाँ खेलकुद र मनोरञ्जनको प्रबन्ध गर्नुपर्छ । विभिन्न खेलहरू, सांस्कृतिक कार्यक्रम, ऱ्याफ्टिङ आदिले मनोरञ्जन प्रदान गर्छन् ।





रोटेपिङ   मुलपानी क्रिकेट रङ्गशाला   बागमती नदीमा ऱ्याफ्टिङ

(घ) **स्वास्थ्य सुविधा :** पर्यटकका लागि अर्को महत्त्वपूर्ण क्षेत्र स्वास्थ्य सुविधा पनि हो । पर्यटकीय स्थल आसपास र बास बस्ने होटल र लज आसपासमा अस्पताल, क्लिनिक र औषधीको प्रबन्ध हुन सकेमा पर्यटक बिरामी भएमा उनीहरूले आवश्यक स्वास्थ्य सेवा लिन पाउनेछन् । ती सुविधा नभएको ठाउँमा पर्यटक दोहोऱ्याएर जान मन पराउँदैनन् । त्यसैले स्वास्थ्य सेवा र सुविधाको प्रबन्ध मिलाउने, मेला जात्राहरूमा स्वास्थ्य शिविरहरू सञ्चालन गर्ने गर्नुपर्छ ।

(ङ) **सूचना तथा सञ्चार सुविधा :** पर्यटकका लागि सूचना तथा सञ्चार सुविधाको जरुरत पर्दछ । पर्यटकले परिवारका सदस्यसँग कुराकानी गर्न, सूचना प्रविधिसँग, सामाजिक सञ्जालमा अद्यावधिक हुन पनि सूचना तथा सञ्चार प्रविधिको जरुरत पर्दछ । यस्ता सुविधा नभएको ठाउँमा पर्यटक जान मन पराउँदैनन् । पर्यटक पुगे पनि लामो समय बस्न चाहँदैनन् ।

(च) **उपहार पसल :** उपहार पसलमा पर्यटकका लागि आवश्यक उपहारहरू जरुरत पर्दछ । यस्ता उपहारबाट उनीहरूले आफ्नो भ्रमणलाई यादगार बनाउन उपहारहरू लैजाने गर्छन् । जसले स्थानीय सिप र कलाको प्रवर्धन पनि हुने र आम्दानी पनि हुने गर्छ । स्थानीय उत्पादनले वजार पाउने गर्छ ।



(छ) **आकस्मिक सेवा :** पर्यटकहरू बिरामी परेका आकस्मिक सेवा र एम्वुलेन्सको जरुरत पर्छ । आवश्यक पर्दा यी सेवा प्राप्त हुँदा पर्यटकको ती पर्यटकीय क्षेत्रप्रति सकारात्मक धारणाको विकास हुन्छ ।

## क्रियाकलाप

१. **तल दिइएको सन्दर्भ अध्ययन गरी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

**कागेश्वरी मनोहरा नगरपालिकामा पर्यटन प्रर्वधन गर्ने उपायहरू**

- मौलिक संस्कृति र संस्कारको संरक्षण एवम् जगेर्ना गर्नुपर्दछ ।
- सडकहरूलाई कालो पत्रे गर्नुपर्दछ ।
- ग्रामीण सडकलाई स्तर उन्नति गर्नुपर्छ ।
- स्थानीय उत्पादन, सिप र कलालाई महत्त्व दिने र बजारीकरणको व्यवस्था गर्नुपर्छ ।
- पर्यटकीय स्थलको पहिचान, विकास र संरक्षण गर्नुपर्दछ ।
- पर्यटकीय क्षेत्रमा यातायात र सूचना तथा सञ्चार प्रविधिको पहुँच वृद्धि गर्नुपर्छ ।
- पर्यटकका लागि आतिथ्यता र सेवा प्रदान गर्ने दक्ष जनशक्ति उत्पादनमा जोड दिनुपर्छ ।
- सरसफाइ र वातावरण संरक्षणमा जोड दिनुपर्छ ।

**प्रश्नहरू**

(क) मौलिक संस्कृतिको संरक्षण किन गर्नुपर्दछ ?

(ख) स्थानीय उत्पादन र पर्यटनबिचको सम्बन्ध उल्लेख गर्नुहोस् ।

(ग) आफ्नो पालिका पर्यटन प्रवर्धनका लागि अपनाइएका उपायहमा कुनै एक उपाय थप्नुपर्दा कुन उपाय थप्न उपयुक्त हुने ठान्नुहुन्छ र किन ?

२. **तपाईँको पालिकामा कुन कुन स्थानमा होमस्टेहरू सञ्चालन भएका छन्, ती होम स्टेले पर्यटकलाई के कस्ता सुविधाहरू प्रदान गर्ने गरेका छन् । अवलोकन भ्रमण गरी विवरण तयार पार्नुहोस् ।**

३. **तपाईँको समुदायमा सञ्चालित स्वास्थ्य सेवा र सुविधाहरू पर्यटन प्रवर्धन गर्न पर्याप्त छन् ? समूहमा छलफल गरी निष्कर्ष कक्षामा सुनाउनुहोस् ।**

## अभ्यास

**सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) पर्यटन व्यवसायको प्रवर्धन गर्न के कस्ता सेवा सुविधाहरूको आवश्यकता पर्दछ ? सूची तयार पार्नुहोस् ।

(ख) पर्यटन प्रवर्धनको लागि होटल र लजहरू स्तरीय र सुविधा सम्पन्न हुनपर्छ । यस भनाइसँग आफ्नो सहमतिका बुँदाहरू प्रस्तुत गर्नुहोस् ।

(ग) पर्यटन प्रवर्धनका लागि आकस्मिक सेवाको महत्त्व उल्लेख गर्नुहोस् ।

# पाठ १३ हाम्रा स्थानीय प्राकृतिक सम्पदाको महत्त्व

## विषय प्रवेश

**तलका मध्य कुन प्राकृतिक सम्पदा हुन् । पहिचान गर्नुहोस् :**











विद्यार्थीहरूले आफ्नो समुदायमा रहेका प्राकृतिक सम्पदाको महत्त्व सम्बन्धमा आफ्ना भनाइहरू राखेका छन् । हामी पनि उनीहरूले तयार पारेको विवरण अध्ययन गरौँ ।

म रोशना महर्जन, मेरो गाउँ नजिक कालिका सामुदायिक वन छ । सो वनमा स्थानीयहरू घाँस दाउरा ल्याउने गरेका छन् । यस जङ्गलमा पाइने काठहरूबाट फर्निचर वनाइन्छ । यस वनमा हर्रो, बर्रो, अमला, असुरो, गुर्जो, बोझो, तितेपाती आदि जडीबुटीहरू पनि पाइन्छन् । यस जङ्गलमा धेरै प्रकारका वन्यजन्तु र चराचुरुङ्गीहरू पाइन्छन् । यो



वन वनबिरालो, स्याल, मृग, बँदेल, चितुवा आदि वन्यजन्तु र कालिज, कोइली, मलेवा, सुगा, ढुकुर, कोइली, मैना आदि चराहरूको वासस्थान पनि हो । यहाँको प्राकृतिक सौन्दर्य हेर्न धेरै मानिसहरू यस वनमा आउँछन् । समुदायका मानिसहरूले यस वनको संरक्षण गरेका छन् ।

म विपिन नेपाली, हाम्रो समुदायमा खोला छ, खोलामा धेरै भरी पानी बगिरहन्छ । हिउँदमा भने खोला सुक्खा हुन्छ । यस खोलाको पानीबाट नजिकैको बस्तीमा खानेपानी उपलब्ध भएको छ । बस्ती नजिकैको खेतबारीमा सिँचाइ सुविधा पनि उपलब्ध भएको छ । खोलामा रहेका बालुवा, गिटी आदि घर र भवनहरू बनाउन उपयोग गर्ने गरिएको छ ।

म तारा फुयाल, हाम्रो समुदायमा रहेको महत्त्वपूर्ण प्राकृतिक सम्पदा भनेको मलिलो माटो हो । यो कालो रङको हुन्छ । यस माटोमा सागपात, अन्न र फलफूल राम्रो उब्जाउ हुन्छ । माटोको उर्वरा शक्ति वढाउन स्थानीयहरूले माटोमा

विषादी र रासायनिक मलको सट्टा प्राङ्गारिक मलको प्रयोग गर्न थालेका छन् ।

म रोहित थापा, म गोठाटारमा बस्छु । हाम्रो समुदायमा कमेरो माटो पाइन्छ । कमेरो माटो घर रङ्ग्याउन प्रयोग गरिन्छ । आजकल यसको प्रयोगमा कमी आउन थालेको छ ।

**प्राकृतिक सम्पदाको महत्त्व**

- वातावरण स्वच्छ हराभरा हुन्छ ।
- आवश्यकता परिपूर्ति गर्न मदत पुग्छ ।
- पर्यटकीय क्षेत्रको विकासमा मदत पुग्छ ।
- स्थानीय पहिचान स्थापित गर्न मदत पुग्छ ।
- प्राकृतिक सम्पदाको उपयोगमा सचेत र जिम्मेवारी बोध हुन्छ ।
- स्थानीय ज्ञान सिप र प्रविधिको विकासमा मदत पुग्छ ।

## क्रियाकलाप

१. **विभिन्न प्राकृतिक सम्पदाको महत्त्व छानी तलको तालिका भर्नुहोस् :**

घाँस दाउरा प्राप्त हुन्छ, जलचरको वासस्थान उपलब्ध हुन्छ, सोत्तर प्राप्त हुन्छ, बोटबिरुवा, अन्न उत्पादन हुन्छ, घर रङ्ग्याउन प्रयोग गरिन्छ, बालुवा प्राप्त हुन्छ ।

| वनजङ्गल | खोला | कमेरो माटो | माटो |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

२. **वनजङ्गलको महत्त्व शीर्षकमा दुई साथीबिच हुने संवादको नमुना तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।**

३. **तपाईँको समुदायमा रहेका प्राकृतिक सम्पदाहरू पहिचान गरी ती सम्पदाहरूको महत्त्व सम्बन्धमा अभिभावकसाग सोधपुछ गरी विवरण तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

(क) प्राकृतिक सम्पदा भनेको के हो ?

(ख) प्राकृतिक सम्पदामा कुन कुन सम्पदा पर्दछन् ? सूची तयार पार्नुहोस् ।

(ग) प्राकृतिक सम्पदाको महत्त्व शीर्षकमा निबन्ध लेख्नुहोस् ।

(घ) माटोको संरक्षण गर्ने उपायहरू उल्लेख गर्नुहोस् ।

## परियोजना कार्य

आफ्नो समुदायका विभिन्न प्राकृतिक सम्पदाको अवलोकन गरी अवलोकनबाट प्राप्त विवरण समेटी निम्नलिखित ढाँचामा प्रतिवेदन तयार पार्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

- अवलोकन गरिएको सम्पदाको नाम र स्थान
- अवलोकनको उद्देश्य
- अवलोकनवाट सङ्कलन गरिएका विवरण
- अवलोकनबाट प्राप्त अनुभवहरू
- निष्कर्ष

# पाठ १४ प्रदूषण र नदी कटान

## विषय प्रवेश

**चित्र हेरी छलफल गर्नुहोस् :**







आज मनिषा सानिमाको साथ कागेश्वरी मन्दिर जाँदै गर्दा बाटोमा फोहोरको डुँङ्गुर देखिन् । डुङडुङ फोहोर गन्हाइरहेको थियो । उनले सानिमालाई मानिसहरू के भएका होलान्, यसरी बाटोबाटोमा फोहोर फाँक्ने हो त ? भनेर कराउँदै थिइन् । अलिक पर खोलामा पनि सिधैँ ढल मिसाएको देखेर उनले सानीमालाई थप जिज्ञासा राख्दै भनिन् ? यो त अति नै भयो । खोलामा सिधै ढल हाल्दा खोला प्रदूषित हुन्छ भन्ने चेत मानिसमा किन नआएको होला ? भर्खर मात्र विद्यालय पनि वायु प्रदूषणको कारण ३ दिन विदा भएको कुरा उनले सानीमालाई बताइन। सानीमाले प्रदूषणले वातावरण फोहोर हुने, श्वासप्रश्वास र छालासम्बन्धी रोगहरू निम्तिनुका साथै सङ्क्रामक रोगहरू फैलने हुँदा यस्ता कार्य रोकथाममा सबै मानिसहरू जिम्मेवार हुनुपर्ने कुरा बताउनुभयो । उनीहरू कुराकानी गर्दागर्दै मन्दिर आइपुगेको पत्तै पाएनन् ।

**प्रदूषण** : प्रदूषण भनेको मानव बस्ती वरपरको क्षेत्र वरपरको हावा, पानी आदिमा धुँवा धुलो, आदि मिसिएर हुने वातावरणीय ह्रासको अवस्था हो ।

कागेश्वरी मनोहरा नगरपालिका काठमाडौँ उपत्यकाभित्र पर्ने नगरपालिका भएकाले यहाँ प्रदूषण ठुलो समस्याका रूपमा रहेको छ ।

**विभिन्न प्रदूषण र यसका प्रकार र असरहरू**

| प्रदूषणको प्रकार | प्रदूषणका असरहरू | प्रदूषण रोकथामका उपायहरू |
|---|---|---|
| वायु प्रदूषण | स्वास प्रश्वाससम्बन्धी समस्या आउने, छालासम्बन्धी रोग देखा पर्ने | वनजङ्गलमा डडेलो लाग्न नदीने, अन्नका पराल, ढोड आदि नजलाउने, पुराना गाडीको प्रयोगलाई निरुत्साहित गर्ने, विद्युतीय सवारी साधनको प्रयोग बढाउने, घर, आँगन, सडक, चोकहरू सफा राख्ने, |


| | | |
|---|---|---|
| ध्वनि प्रदूषण | श्रवण शक्तिमा ह्रास आउने, चिडचिडाहट हुने | गाडीको हर्न बजाउन निषेध गर्ने, ठुला आवाज आउने लाउडस्पिकरको प्रयोग नगर्ने, विवाह, भोज, पार्टीहरूमा राती अबेरसम्म वाजा, गीतसङ्गीत नबजाउने |
| जल प्रदूषण | पानी फोहोर हुने, जलचरहरू नष्ट हुने | खोला, नदी, तालमा फोहोर नफ्याँक्ने, पानीको स्रोत वरपर फोहोर नगर्ने, नदीहरूबाट सिधै बालुवा नझिक्ने, माछा मार्दा विषादी वा विष्फोटक पदार्थको प्रयोग नगर्ने |
| माटो प्रदूषण | उत्पादन शक्ति ह्रास हुने, उत्पादन कम हुने | विषादी र रासायनिक मलको प्रयोग नगर्ने<br>बालीमा प्राङ्गारिक मलको प्रयोग गर्ने |

## क्रियाकलाप

(क) **तपाईँको समुदायमा कुन प्रदूषण मुख्य समस्याका रूपमा रहेको छ, यसका कारण र असरहरू सम्बन्धमा समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।**

(ख) **वायु प्रदूषणले निम्त्याउन सक्ने असरहरू सम्बन्धमा गीत वा कविता वा कथा तयार पारी कक्षामा सुनाउनुहोस् ।**

(ग) तल दिइएको अवस्था अध्ययन गरी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :




(क) नेपालमा विभिन्न रोगबाट मृत्यु हुनेमा वायु प्रदूषणको भूमिका उच्च रहने रोग कुन हो ?

(ख) वायु प्रदूषणका कारण कति प्रतिशत नवजात शिशुको मृत्यु हुने तथ्याङ्कले देखाउँछ ?

(ग) फोक्सोको दीर्घरोगपछि वायु प्रदूषणबाट मृत्यु हुने दोस्रो ठुलो सङ्ख्या कुन रोगको रहेको छ ?

(घ) **प्रदूषणसम्बन्धी विभिन्न समाचारहरू सङ्कलन गरी विनिषाले विद्यालयको बुलेटिन बोर्डमा टाँसेकी छिन् । तपाईँ पनि प्रदूषणसँग सम्बन्धित समाचार, चित्र आदि सङ्कलन गरी बुलेटिन बोर्डमा टाँस्नुहोस र मुख्य विषयवस्तु साथीहरूलाई सुनाउनुहोस् ।**

## बुलेटिन बोर्ड

**वायु प्रदूषणः हामीले श्वास फेर्दा कति आयु घटिरहेछ**



फोक्सोका रोगहरू, क्यान्सर, मुटुसम्बन्धी समस्या र मस्तिष्कघात सबै वायु प्रदूषणसँग जोडिएका छन् । वायु प्रदूषण र रोगको सम्बन्ध यति धेरै देखिन थालेको छ कि यसलाई नयाँ धूमपान भन्न थालिएको छ । तर हाम्रो जीवनलाई वायु प्रदूषणले कति छोट्याउँदै छ त ?

वैज्ञानिकहरूको एउटा टोलीले घर बाहिरको वायु प्रदूषणले हाम्रो जीवनको झन्डै तीन वर्ष घटाउने बताएको छ । यो २.९ वर्षको नयाँ औसत पहिले अनुमान गरिएभन्दा दोबर र सूर्ती धूमपानभन्दा बढी हो ।

कार्डियोभास्कुलर रिसर्च जर्नलमा प्रकाशित एउटा अध्ययनमा उनीहरूले युद्धसहित सबै खाले हिंसाभन्दा प्रदूषण १० गुणा बढी घातक भएको दाबी गरेका छन् । अध्ययनकर्ताहरूले वायु प्रदूषणका कारण हुने मृत्युको सङ्ख्या धूमपानबाट हुनेभन्दा धेरै भएको पत्ता लगाएको दाबी गरेका छन् ।

उनीहरूले नयाँ तथ्याङ्क प्रशोधन विधि प्रयोग गरेर सन् २०१५ मा भएको मृत्युदर गणना गरेर वायु प्रदूषणलाई ८८ लाख मृत्युसँग जोडेका छन् । विश्व स्वास्थ्य सङ्गठनकाअनुसार विश्वभरि प्रतिवर्ष ८२ लाख मानिसहरूको मृत्यु धूमपानसँग जोडिने गरेको छ । पूर्वी एशियामा वायु प्रदूषणले मानिसको लगभग चार वर्ष आयु घटेको र ओसनिया क्षेत्रमा एक वर्षभन्दा कम घटेको उनीहरूको अनुमान छ । देशअनुसारको असर पनि फरक छ ।

विविसि न्यूज नेपालीबाट साभार

## जल प्रदूषण



प्रदूषण विभिन्न किसिमका हुन्छन् । जस्तैः वायु प्रदूषण, जल प्रदूषण, भूमि प्रदूषण, ध्वनि प्रदूषण आदि । विभिन्न प्रदूषणमध्ये जल प्रदूषण हाम्रो जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषय हो । जल प्रदूषण भन्नाले नदी, ताल, तलैया, पोखरी आदि जलीय क्षेत्रहरूमा मानवीय वा प्राकृतिक कारणवश, बाह्य तत्त्वहरू जलसँग मिसिएर मनुष्य, जीवजन्तु तथा वनस्पतिलाई प्रत्यक्ष वा अप्रत्यक्ष नकारात्मक असर पुग्ने अवस्था हो । यस्तो अवस्थामा उक्त जल प्रयोग गर्न अयोग्यसमेत हुन जान्छ । जल प्रदूषणलाई दुई तवरले विभाजन गर्न सकिन्छ :

(क) **प्रत्यक्ष जल प्रदूषण** : औद्योगिक, कलकारखाना वा घरायसी प्रयोजनबाट निस्केको दूषित पानी, रसायन वा फोहोर-मैला आदिलाई पाइप वा ढलको माध्यमद्वारा जलक्षेत्रमा सिँधै विसर्जन गरिन्छ। यो तवरको प्रदूषणबाट धेरैजसो सहरी क्षेत्रहरूबाट बग्ने नदीनालाहरू प्रभावित छन् ।

(ख) **प्रत्यक्ष जल प्रदूषण** : वर्षाको पानीसँगै खेतबारीबाट माटो-ढुङ्गा, धुलो-मैलो, फोहोर आदि बगेर नदीनाला तथा पोखरीमा मिसिएर प्रदूषण हुन जान्छ । प्रत्यक्षभन्दा अप्रत्यक्ष तवरले हुने प्रदूषणलाई नियन्त्रण गर्न कठिन हुन्छ ।

जल प्रदूषण विभिन्न कारणबाट हुन सक्छ। यीमध्ये उद्योग तथा कलकारखानाबाट निस्कने हानिकारक फोहोर पानी, रसायन आदि सिँधै नदी, पोखरी तथा तालतलैयामा मिसाउने परिपाटी अति नै हानिकारक छ। नेपालमा धेरैजसो उद्योग तथा कलकार खानाहरूले फोहोर पानी तथा हानिकारक रसायनहरू सिँधै नदीमा मिसाउने गर्दछन्। जसले गर्दा नदीको पानी दूषित हुन जान्छ । उद्योग तथा कलकारखानाहरूले पनि आफ्नो फोहोर पानी प्रशोधन गर्ने व्यवस्था गरेपछि मात्र नदीमा मिसाउने गरेमा यसलाई उचित तवरले न्यूनीकरण गर्न सकिन्छ । प्राय:जसो विकसित देशहरूले उद्योग तथा कलकारखानाबाट निस्कने प्रदूषित पानीलाई वैज्ञानिक प्रशोधन प्रणालीमार्फत् न्यूनीकरण गर्ने नीति र नियम लागु गरेको पाइन्छ ।

जलप्रदूषण हुने अर्को महत्त्वपूर्ण कारण भनेको घरायसी रूपमा प्रयोग भएको पानी र मलमूत्रलाई पाइपलाइनको माध्यमबाट जलक्षेत्रमा सिँधै मिसाउने परिपाटी हो । यसको ज्वलन्त उदाहरण भनेको बागमती नदीमा ढल मिसिएको दूषित पानी हो ।

जल प्रदूषण नियन्त्रणका लागि नेपालको सन्दर्भमा मल-मूत्र विसर्जनको व्यवस्थापन चुनौतीको रूपमा रहेको छ । ग्रामीण तथा तराईका केही भेकमा अद्यापि खुला रूपमा दिसा-पिसाब गर्ने चलन छ ।। थोरै जनघनत्व भएको ठाउँमा खुला रूपमा हुने दिसा-पिसाबले त्यति असर नगरे पनि बाक्लो जनघनत्व भएको ठाउँमा यस्तो चलनले भयानक रूप लिनसक्छ । यी कारणबाहेक यातायात क्षेत्रमा प्रयोग हुने पेट्रोलियम पदार्थबाट हुने जल प्रदूषण, कृषि क्षेत्रमा अत्यधिक मात्रामा प्रयोग हुने रासायनिक मल तथा विषादिबाट हुने जल प्रदूषण, प्लाष्टिक आदिको प्रयोगबाट हुने प्रदूषणबारे खासै चर्चा भएको पाइँदैन । यसैगरी कृषि क्षेत्रमा अत्यधिक प्रयोग हुने फोसफोरस्, पोटासियम्, नाइट्रेट जस्ता रासायनिक पदार्थहरू जल क्षेत्रमा जम्मा भएर अन्य अर्गानिक पदार्थसँग सम्मिश्रण भई हरियो लेउले नदी तथा पोखरीलाई ढाक्न सक्छ । यो पनि जल प्रदूषणको एउटा स्वरूप हो ।

परिसंवाद डट कमबाट साभार

**तल दिइएको विषयवस्तु अध्ययन गरी छलफल गर्नुहोस् :**

**नदी कटान**



नदी कटान भन्नाले नदीमा आएको बाढीले नदी आसपासका जमिनहरू काट्ने काम नदी कटान हो । वर्षाको समयमा नदी कटान बढी हुने गर्छ । नदी कटानले नदी आसपासमा जमिनमा पहिरो जाने, आसपासमा लगाइएका बाली र वनस्पतिहरू नष्ट हुने, बस्तीहरूमा बाढी पस्ने, घर भवन लगाएका संरचनाहरू भत्किने र मानवीय क्षति हुने हुन्छ । त्यस्तै पशु चौपायाहरू घाइते हुने, बगाउने र मृत्यु हुनेसमेत खतरा रहन्छ । नदी कटानबाट

बच्न तटबन्ध निर्माण गर्ने, नदी आसपासका जमिनहरूमा वृक्षारोपण गर्ने आदि कार्य गर्नुपर्छ ।

(क) तपाईँको समुदायमा नदी कटानको समस्या छ, छैन ? छ भने नदी कटानले के कस्ता समस्या निम्त्याएको छ ?

(ख) नदी कटानले पुऱ्याउने असर समूहमा छलफल गरी निष्कर्ष प्रस्तुत गर्नुहोस् ।

(ग) नदी कटान हुन नदीन अपनाउनुपर्ने उपायहरूको सूची तयार पार्नुहोस् ।

**नदी कटान संरक्षणका उपायहरू तलकामध्ये कुन ठिक छ, किन ? कारण समेत उल्लेख गर्नुहोस् :**

(क) 

(ख) 

(ग) 

(घ) 

(ङ) 

(च) 

## अभ्यास

(क) नदी कटान भनेको के हो ?

(ख) नदी कटानले पुऱ्याउने क्षतिहरूको सूची तयार पार्नुहोस् ।

(ग) नदी कटान रोक्न के के गर्न सकिन्छ ? उपायहरू उल्लेख गर्नुहोस् ।

(घ) तपाईंको पालिकामा नदी कटान हुने मुख्य क्षेत्रहरू उल्लेख गर्नुहोस् ।

# पाठ १५ स्थानीय बजार सुधार तथा विस्तार

चित्रहरू हेर्नुहोस् र छलफल गर्नुहोस् :



















भाइबहिनीहरू ! बजार भनेको के हो ? बजार किन आवश्यक हुन्छ ? भन्नुहोस् त !

**बजार के हो ?**

बजार भनेको ग्राहक अर्थात् आफूले उत्पादन गरेको वस्तु वा सेवा खरिद गर्ने व्यक्ति, समुदाय वा संस्थाहरू हुन् । बजार हुनका लागि क्रेताहरूमा वस्तु वा सेवाको आवश्यकता/चाहना हुनुपर्छ । त्यस्तै मूल्य तिर्ने क्षमता र तिर्ने तत्परता/चाहना हुनुपर्दछ । त्यसैले बजार केवल वस्तु वा सेवा प्राप्त हुने स्थान मात्र होइन । बजार हुनका लागि क्रेताले वस्तु वा सेवाको मूल्य तिरी खरिद पनि गर्नुपर्दछ ।

के हाम्रो नगरपालिका क्षेत्रमा यस्तो बजार उपलव्ध छ, कि छैन ? साथीहरूबिच छलफल गरी निष्कर्ष निकाल्नुहोस् है त ।

**बजारको अवस्था**

आजभोजि बजारमा निकै महङ्गी बढेर गएकाले क्रेताहरूमा माल वस्तु खरिद गर्ने क्षमता कम हुँदै गएको पाइन्छ । सबैजसो वस्तुहरू वाह्य देशबाट आयात गरिएकाले पनि वस्तु महँगा हुन गएका छन् । आन्तरिक उत्पादन घट्दै जाने र परनिर्भरता बढ्दै जाँदा बजार क्रयशक्ति विस्तार हुनुको सट्टा घट्दै जान थालेको छ । बजार अनुगमन गरी कालो बजारी रोक्ने काम पनि कमी हुँदै गएको पाइन्छ । मूल्य नियन्त्रण नहुँदा सर्वसाधारण मानिसहरूलाई निकै मर्का पर्दै गएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिमा हुन आवश्यक पूर्वाधारमा बजारक्षेत्र भएको हुनुपर्ने व्यवस्था गरेको छ। साथै उक्त ऐनमा नगरपालिकाको कम, कर्तव्य र अधिकारअन्तर्गत बजार व्यवस्थापनको जिम्मेवारी दिएको छ । त्यस्तै बजारको अनुगमन गर्ने, नियमन गर्ने अधिकार पनि नगरपालिकालाई दिएको छ। तसर्थ तपाई रहेको नगरपालिकाले सोअनुसार प्रभावकारी अनुगमन पाउनु भएको छ कि छैन त ?

बजार अनुगमन गरी सुलभ मूल्यमा सामान उपलव्ध गराउने कार्यमा नगरपालिकाले सकारात्मक भूमिका निर्वाह गर्न आवश्यक हुन्छ । साथै बजार सुधारका उपाय अवलम्बन गर्नुपर्छ ।

**बजार सुधारका उपायहरू**

- ग्राहकको आवश्यकता र मागअनुसारका सामग्री उपलब्ध गराउने,
- ग्राहकलाई पायक पर्ने किसिमले पायक पर्ने ठाउँमा सामान वस्तु बिक्री गर्नुपर्ने,
- बजारमा नयाँ नयाँ राम्रो गुणस्तरका वस्तु ल्याई ग्राहकका आवश्यकता पूरा गर्ने प्रयास गर्नुपर्ने,
- उचित मूल्यमा सामग्री बिक्री गर्नुपर्ने,
- सामानको प्याकिङ राम्रो र आकर्षक गरी गर्नुपर्ने तथा सामानलाई सजावट गरी पसलको आकर्षण बढाउने,
- व्यापार विस्तार गर्न पसलको बारेमा ठाउँ ठाउँमा साइनबोर्ड राख्ने तथा विभिन्न माध्यमबाट प्रचारप्रसार गर्ने, जस्तै रेडियो, टि.भी.,पत्रपत्रिका र फेसबुक भाइबर आदि माध्यमवाट प्रचार प्रसार गर्ने,
- ग्राहकलाई आकर्षित गर्न मूल्यमा छुट दिनु वा अन्य किसिमका छुट दिनुपने
- बिक्रेतामा ग्राहकलाई आकर्षित गर्ने गुण हुनु जस्तै, हँसिलो मुद्रा, मिठो र नरम बोल्ने, सफा लुगा कपडा लगाउने, इत्यादि ।
- पसललाई सफा चिटिक्क बनाएर राख्नुपर्ने,
- आफ्ना ग्राहकहरूका गुनासा र सल्लाह लिने गर्नुपर्ने ।

**बजारीकरण र बजार विस्तार**

बजारीकरण भन्नाले ग्राहकको चाहना र आवश्यकतालाई केन्द्रित गरी ग्राहकलाई सन्तुष्टि दिई नाफा आर्जन गर्ने उद्देश्यले सञ्चालित सम्पूर्ण क्रियाकलापलाई

जनाउँछ ।

व्यवसायको सफलता वा असफलता व्यवसायीले आफ्नो ग्राहकको आवश्यकता, चाहना कत्तिको गहिरिएर अध्ययन गरेको छ वा बुझ्न सकेको छ भन्ने कुरामा निर्भर गर्दछ । ग्राहकहरू कस्तो वस्तु/सेवाको अपेक्षा गर्दछन् ? कहाँ र कुन दरमा सामान वा सेवा उपलब्ध होस् भन्ने चाहन्छन् र उनीहरूलाई कुन समयमा कति वस्तु/सेवाको आवश्यकता हुन्छ ? यी सबै कुरा बुझी सोअनुसार कार्य गर्न सक्नु नै एउटा असल बिक्रेताको प्रमुख भूमिका हो । व्यवसाय जति ग्राहकमुखी हुँदै जान सक्छ त्यति नै त्यसको बजार बिस्तार हुँदै जान्छ । यसरी आफूले गर्न चाहेको व्यवसायको बजार कस्तो छ भनी जान्नका लागि बजारसम्बन्धी अध्ययन गर्नुपर्ने हुन्छ ।

### क्रियाकलाप

(क) **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा नगरपालिकाको कम, कर्तव्य र अधिकारअन्तर्गत बजार व्यवस्थापनसम्बन्धी व्यवस्था निम्नअनुसार रहेको छ :**

- स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन र उपभोक्ता अधिकार तथा हितसम्बन्धी नीति, कानुन बनाउने र कार्यान्वयन तथा अनुगमन गर्ने,
- बजार तथा हाटबजार व्यवस्थापन गर्ने,
- स्थानीय वस्तुहरूको उत्पादन, मूल्य निर्धारण र अनुगमन गर्ने,
- व्यापारसम्बन्धी पूर्वाधार निर्माण गर्ने,
- स्थानीय वस्तु तथा सेवा, व्यापारको मूल्य निर्धारण तथा गुणस्तरको अनुगमन नियमन गर्ने,
- व्यापारिक फर्मको दार्त अनुमति, नवीकरण, खारेजी र अनुगमन तथा नियमन गर्ने,

- ➨ स्थानीय व्यापार प्रवर्धन गर्ने आदि ।

यसरी कानुनले स्थानीय बजार व्यवस्थापन गर्ने जिम्मेवारी नगरपालिकालाई दिएको छ । उल्लिखित कार्य नगरपालिकाबाट भए नभएको बारेमा विभिन्न ग्राहक, सेवाग्राहीलाई सोधेर समूहगत रूपमा एक एक प्रतिवेदन बनाउनुहोस् ।

यसका लागि एक रुजुसूची बनाउन सकिन्छ । जस्तै :

ग्राहक वा सेवाग्राहीको नाम: (ऐच्छिक)

ठेगाना :

(पसले तथा ग्राहक वा सेवाग्राहीलाई तलका प्रश्न सोधेर वा अन्तर्वार्ता लिएर बजारको अनुगमन गर्न सकिन्छ ।)

| **अनुगमन गर्ने सूचक** | **छ, छैन ?** |
|---|---|
| ➨ व्यापार व्यवस्थापन र उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानुन बनाए नबनाएको | |
| ➨ नीति, कानुन बनेको भए कार्यान्वयन तथा अनुगमन गरे नगरेको | |
| ➨ बजार तथा हाटबजार व्यवस्थापन गर्ने कार्य गरे नगरेको | |
| ➨ स्थानीय वस्तुहरूको उत्पादन, मूल्य निर्धारण र अनुगमन गरे नगरेको | |
| ➨ व्यापारसम्बन्धी पूर्वाधारहरू, जस्तै : बाटो, बिजुली बत्ती, सडक पेटी, सार्वजनिक शौचालय आदि निर्माण गरे नगरेको | |
| ➨ स्थानीय वस्तु तथा सेवा, व्यापारको मूल्य निर्धारण तथा गुणस्तरको अनुगमन नियमन गरे नगरेको | |

| | |
|---|---|
| ➨ व्यापारिक फर्मको दार्त अनुमति, नवीकरण, खारेजी र अनुगमन तथा नियमन गर्ने व्यवस्था गरे नगरेको | |
| ➨ स्थानीय व्यापार प्रवर्धन गर्ने कार्य गरे नगरेको । | |

**बजार अनुगमनको प्रतिवेदनको खाका**

**स्थानीय बजार अनुगमनको प्रतिवेदन**

विद्यालयको नाम : कक्षा :

समूह :

अनुगमन गरिएको बजारक्षेत्रको नाम : टोल :

वडा नं

१. पृष्ठभूमि : ........................

२. अनुगमनको उद्देश्य :

३. अनुगमनको साधन :

४. अनुगमनमा गरिएका कार्यहरू :

५. अनुगमनबाट प्राप्त जानकारी :

६. सुझाव :

७. निष्कर्ष :

माथि उल्लेख भएबाहेक आवश्यकताअनुसार अझ विस्तृत अनुगमन साधन बनाएर बजारको अवस्था थाहा पाउन सकिन्छ । त्यस्तै प्रतिवेदन पनि आवश्यकताअनुसार अरू खलको ढाँचामा पनि तयार गर्न सकिन्छ ।

## अभ्यास

**तलका प्रश्नको उत्तर लेख :**

(क) बजार भनेको के हो ?

(ख) बजार हुन कस्तो विशेषताहरू हुनुपर्छ ?

(ग) तपाइँको घर वरपर के कस्ता व्यापार व्यवसाय रहेका छन्, ती व्यापार र व्यवसायीको व्यवहार कस्तो पाउने गर्नुभएको छ ? उहाँहरूको बानी व्यवहार कस्तो भइदिए हुन्थ्यो जस्तो लाग्छ ?

(घ) कागेश्वरी मनोहरा नगरपालिकामा रहेको बजार विस्तार गर्न आवश्यक ५ ओटा सुझाव दिनुहोस् । कृषिका लागि आवश्यक पर्ने वस्तु र उपकरणहरूको सूची बनाउनुहोस् ।

(ङ) नगरपालिकाका बजार व्यवस्थापनसम्बन्धी ५ ओटा कार्य लेख्नुहोस् ।

## सिर्जनात्मक कार्य

(क) तलको चित्रमा के के देख्नुहुन्छ ? छलफल गर्दै यो हाटबजारमा के क वस्तु तथा सामान किनबेच भएको होला ? के तपाईंको नगरपालिकामा यस्ता हाट बजारको आवश्यकता छ ? छ, भने हाटबजारको व्यवस्था गरिदिन नगरप्रमुखलाई एक पत्र लेख्नुहोस् ।



(ख) तलको चित्रमा के के वस्तु देख्नुभयो, यी वस्तुहरू मानिसलाई किन आवश्यक हुन्छन् ? छलफल गर्दै तपाईंहरूले पनि यस्तै चित्र कोर्नुहोस् र त्यसमा उपयुक्त रङ पनि लगाउनुहोस् ।



# पाठ १६ व्यावसायिक योजना

चित्रहरू हेर्नुहोस् र छलफल गर्नुहोस् :








कुनै पनि व्यवसाय स्थापना गरी सञ्चालन गर्नका लागि योजना चाहिन्छ। बजार, उत्पादन, व्यवस्थापन तथा वित्त आदि सम्बन्धी कुराहरू कसरी व्यवस्थापन गर्ने भनेर गरिने योजनालाई नै व्यावसायिक योजना भनिन्छ ।

व्यावसायिक योजना भनेको कुनै पनि व्यावसायको नक्सा हो जुन नक्सा हेरेपछि उक्त व्यवसाय के-कस्तो हो भन्ने स्पष्ट हुन्छ । त्यसैले व्यावसायिक योजनाले कुन वस्तु/सेवा उत्पादन गर्ने हो ? कस्तो गुणस्तरको वस्तु/सेवा उत्पादन गर्ने हो ? वस्तु/सेवाको बजार क्षेत्र कहाँ हो ? बजार माग कस्तो छ ? कति परिमाणमा उत्पादन गर्ने हो? के कस्ता मेसिन  उपकरण के कति चाहिन्छ ? के कस्ता कच्चा पदार्थ आवश्यक पर्छ ? के कस्तो सिप भएका कति कामदार चाहिन्छन् ? अन्य खर्चहरू के कति लाग्छ ? कुल कति पैसा आवश्यक पर्छ ? लगानीको कति प्रतिफल पाउन सकिन्छ ? आदि व्यवसायसम्बन्धी उठ्ने प्रश्नहरूको जबाफ दिनसक्नु पर्दछ ।

**व्यावसायिक योजना किन तयार गर्नु पर्छ ?**

- व्यापार व्यवसाय व्यवस्थित रूपमा स्थापना तथा सञ्चालन गर्न,
- ऋण प्राप्त गर्न तथा उद्योग दर्ता गर्न,
- लगानीका दृष्टिकोणले उपयुक्त छ, छैन थाहा पाउन,
- कामको लेखाजोखा गर्न ।

**व्यवसाय छनोट गर्दा ध्यान दिनुपर्ने कुराहरू**

सही व्यवसायको छनोट गर्नु सजिलो हुँदैन । व्यावसायीको उद्देश्य, उसको खुबी र इच्छाशक्ति, कमजोरी, स्रोत, उपलब्ध साधन, उसको उत्प्रेरणा आदिका आधारमा व्यावसायिक योजना फरक हुन सक्छन्। मानिसले आफ्नो इच्छा/चाहना र उद्देश्यअनुसार उसको भविष्यको लक्ष्य तय गरेको हुन्छ । तसर्थ व्यवसायको प्रारम्भिक छनोटदेखि नै जीवनमा आशा गरिएका कुराहरू र भावी लक्ष्यसँग तालमेल मिलाई व्यवसाय छनोट गर्नुपर्ने हुन्छ ।

व्यवसायमा सबैभन्दा महत्त्वपूर्ण कुरा त व्यक्तिगत इच्छा नै हो । त्यसैले आफूलाई कुन व्यवसायमा कत्तिको मिहिनेत गर्न मन लाग्छ। त्यो काममा आफू कति रमाउँछ ? त्यो विचार गर्नुपर्छ । त्यसपछि उक्त व्यवसाय गर्दा आफूले चाहेका व्यक्तिहरूसँग परस्पर सहयोग पाउन सकिन्छ वा सकिँदैन र त्यसैगरी आशा गरे अनुरूप व्यवहार, वा सहयोग पाउन सम्भव छ कि छैन ? जस्ता कुराहरू माथि विचार पुऱ्याउनु आवश्यक छ । पारिवारिक वातावरण र पारिवारिक सम्बन्धले पनि व्यवसायमा असर पार्ने हुन्छ । प्रस्तावित व्यवसायको स्थापनाले पारिवारिक सम्बन्धमा कस्तो असर पार्छ भनेर विचार गर्नुपर्दछ । पारिवारबाट नैतिक, आर्थिकलगायतका सहयोग प्राप्त हुने भए अझ राम्रो हुन्छ। त्यस्तै आफूले जीवनमा पुग्न चाहेको स्तरसम्म त्यो व्यवसाय गर्दा पुग्न सकिएला कि नसकिएला जस्ता कुराहरू पनि विचार गरेर व्यवसायको छनोट गर्नु आवश्यक हुन्छ।

**के कारणले व्यवसाय राम्रो/सफल हुन्छ ?**

- योजना राम्रो भएमा,
- कच्चा पदार्थको गुणस्तर राम्रो भएमा,
- व्यापार/व्यवसाय गर्दा जिम्मेवारी पहिला नै बाँडफाँड भएमा,
- साधन स्रोतको सही प्रयोग गरेको भएमा,
- राम्रो उत्पादन प्रक्रिया अपनाएमा,
- उपयुक्त प्रविधिको प्रयोग गरेमा,
- मालसामान अनुसार उचित मूल्य राखेमा,
- बजारीकरण गर्ने कला राम्रो भएमा,
- अनुगमन र मूल्याङ्कन प्रक्रिया राम्रो भएमा,
- समूह कार्य र एक अर्का बिचको सहकार्य राम्रो भएमा।

**व्यवस्थापनका प्रक्रिया/कार्यहरू**

१. **योजना - आफ्नो उद्देश्य पूर्ति गर्नका लागि दिसाबोध गराउने तरिका योजना हो । योजना अन्तर्गत गर्नुपर्ने कार्यहरू यसप्रकार छन् :**

- लक्ष्य निर्धारण गर्ने - कति उत्पादन गर्ने, कतिमा बिक्री गर्ने, कति नाफा कमाउने ?
- लक्ष्य हासिल गर्न विभिन्न विकल्पहरू तयार गर्ने,
- उत्तम विकल्पको छनोट गर्ने,
- विकल्पलाई कार्यान्वयन गर्ने तरिकाहरू निश्चित गर्ने ।

२. **मानिस तथा सामग्री र साधनहरू जुटाउने : यसअन्तर्गत गर्नुपर्ने कार्यहरू यसप्रकार छन् :**

- के काम गर्ने हो, पत्ता लगाउने,
- त्यस काम गर्न विभिन्न समूह बनाउने,
- समूहअनुसार कामको बाँडफाँड गरी उपयुक्त व्यक्तिलाई जिम्मेवारी दिने,
- व्यवसाय गर्न आवश्यक संरचना तयार गरी सोअनुसार मानिस तथा स्रोत, साधन वा सामग्रीहरूको व्यवस्था गर्ने ।

३. **कार्यान्वयन गर्ने : यस अन्तर्गत गर्नु पर्ने कार्यहरू यसप्रकार छन् :**

- निर्देशन - के काम कसरी गर्ने, भनेर भन्ने,
- नेतृत्व - बाटो देखाउने, डोऱ्याउने,
- निरीक्षण - राम्रो नराम्रो के भएको, हेर्ने,
- समन्वय - एक अर्कोमा मिलोमतो र सुमधुर सम्बन्ध राख्ने,

- उत्प्रेरणा - काम गरूँ भन्ने भित्रैदेखि उब्जने भावना, हौसला र प्रेरणा जगाउने ।

४. **नियन्त्रण गर्ने : यसअन्तर्गत गर्नुपर्ने कार्यहरू यसप्रकार छन् :**

- व्यावसायिक कार्यको स्तर निर्धारण गर्ने,
- आशा गरे अनुसार स्तर अनुरूप भएको छ छैन ? रेखदेख गर्ने,
- आवश्यक सुधारको कदम चाल्ने ।

## क्रियाकलाप

१. कक्षामा भएका विद्यार्थी साथीहरूलाई ४।५ जनाका दरले समूह बनाउनुहोस् । अनि समूहमा मिलेर नजिकैको कुनै व्यावसायिक फार्मको अवलोकन गर्नुहोस् । त्यसका आधारमा विद्यालयमा कौसी खेती वा करेसाबारीसम्बन्धी आयआर्जन हुने व्यावसायिक योजना बनाउने अभ्यास गर्न लगाउनुहोस् । उक्त योजना कक्षामा प्रस्तुत गर्न लगाई पृष्ठपोषण दिनुहोस् ।

२. तलको चार्टमा दिइएको विवरण पढ्नुहोस् । यस्तै आधारमा आफ्नो घर र विद्यालयमा एक व्यावसायिक योजनाको खाका बनाउनुहोस् ।

**योजनाको नाम : आदर्श सस्तो सहकारी पसल सञ्चालन**

१. **पृष्ठभूमि** : हाम्रो आदर्श मा.वि.मा अधिकांश विद्यार्थीहरू गरिब परिवार तथा मजदुरहरूका बालबालिकाहरू पढ्छन् । त्यसैले उनीहरूलाई कापी, कलम र पोसाक आदि किन्न सहज छैन । कक्षा ५ सम्म सरकारले खाजाको व्यवस्था गरे पनि त्यसपछिका विद्यार्थीहरूलाई दिउँसो खाजा खान पनि कठिन छ । त्यसैले उनीहरूमध्ये ज्यादै कमजोरलाई निःशुल्क रूपमा उपलब्ध गराउन तथा केही सक्नेलाई सुपथ मूल्यमा स्टेसनरी र पोसाक, खाजा आदि उपलब्ध गराउन विद्यालयमा एक सहकारी पसल सञ्चालन गर्न आवश्यक देखिएको छ ।

२. **योजनाको उद्देश्य :** यस सहकारी पसल सञ्चालनका उद्देश्य यसप्रकार रहेका छन् :

(क) शिक्षक तथा विद्यार्थीहरूको सहभागितामा एक कोष बनाउने,

(ख) कोषमा जम्मा हुने रकमबाट सस्तो सहकारी पसल सञ्चालन गर्ने,

(ग) सहकारी पसलबाट प्राप्त फाइदा रकमबाट गरिब विद्यार्थीहरूलाई निःशुल्क र अरुलाई सस्तो मूल्यमा स्टेसनरी, पोसाक र खाजा प्रबन्ध गर्ने ।

३. **सहकारी सञ्चालन गर्ने तरिका :**

(क) विद्यालयमा अध्ययनरत सक्ने सबै विद्यार्थीहरूलाई कम्तीमा मासिक १० रुपियाँका दरले नियमित बचत गर्न लगाउने,

(ख) प्रत्येक शिक्षक र कर्मचारीले मासिक तलबको १ प्रतिशतका दरले नियमित बचत गर्ने,

(ग) समयमा आई नपुग्ने र बिचैमा कक्षा छाड्ने विद्यार्थीलाई एक पटकमा रु. २ का दरले जरिवाना गरेर उक्त कोषमा जम्मा गर्ने,

(घ) कुनै शिक्षक विद्यार्थी वा अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारी र शिक्षाप्रेमीबाट यस कोषमा सहयोग गर्न चाहेमा सहयोग गर्न अनुरोध गरी प्राप्त रकम पनि जम्मा गर्ने,

(ङ) सम्बन्धित जनप्रतिनिधि तथा वडा समिति वा नगरपालिकामा गर्न लागेको कार्यको प्रस्तावसहित यस कोषमा सहयोग गर्न अनुरोध गर्ने र प्राप्त रकम पनि यस कोषमा जम्मा गर्ने,

(च) यसरी प्राप्त रकमबाट विद्यालयमा एक सहकारी खोल्ने । यसको सञ्चालकमा विद्यार्थी तथा सहजीकरण गर्न शिक्षक प्रतिनिधि तथा

निशुल्क सेवा गर्न इच्छुक वि.व्य.स.र शिक्षक अभिभावक सङ्घका सदस्यहरू राख्ने,

(छ) कोषको रकमबाट कुनै होलसेल बिक्रेतासँग सम्पर्क गरी वा सम्बन्धित उत्पादनकर्ता वा उद्योगसँग सोझै सम्पर्क गरी कल्याणकारी कार्यमा सकेसम्म सस्तो मूल्यमा नियमित सामान दिन अनुरोध गरी सामग्रीको व्यवस्था गर्ने,

(ज) खाजा बनाउन विद्यालयका कर्मचारीको सहयोग लिने र यस काम गरेवापत् थोरै इन्सेन्टिभ प्रदान गर्ने,

(झ) सहकारी पसलमा पोसाक र स्टेसनरी सामान राख्ने र त्यसमा हप्तामा ३ दिन बिहान एक घण्टा र बेलुका एक घण्टा पसल खुला हुने व्यवस्था गर्ने,

(ञ) पसलमा विद्यार्थीहरूले स्वयंसेवकाका रूपमा पालै पालो सहयोग गर्ने र पसलका लागि विद्यालयकै कर्मचारीको सहयोग लिने,

(ट) सबै बिक्री हुने सामान बिल काटेर दिने र सबै हिसाब मासिक रूपमा सार्वजनिक हुने व्यवस्था गर्ने,

(ठ) नाफबाट आउने रकमबाट गरिब, अशक्त असहाय विद्यार्थीहरूलाई निशुल्क रूपमा र अरु शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूलाई वाहिर को भन्दा निकै सस्तो मोलमा सामान उपलब्ध गराउने ।

## अभ्यास

१. **तलका भनाइमा रहेका खाली ठाउँमा उपयुक्त शब्द राखी वाक्य पूरा गर्नुहोस् :**

(क) कुनै पेसा तथा व्यवसाय गर्नुपूर्व योजनको उद्देश्य, क्रियाकलाप, लगानी आदि कुराहरू समावेश गरी विस्तृत रूपमा तयार गर्ने कार्यलाई ........ भनिन्छ । ( सम्भाव्यता अध्ययन, योजना, कार्यक्रम)

(ख) व्यावसायिक योजना बनाउनाले गर्न लागेमा कामका .........प्राप्त हुन्छ । (सफलता, उद्देश्य, फइदा)

(ग) सबै सदस्यहरूको सामूहिक जिम्मेवारी र दायित्व तथा समान हैसियत रहने गरी सञ्चालन गर्ने संस्था ........हो । (सामूहिक संस्था, सहकारी, कार्यालय)

(घ) बजार, उत्पादन, व्यवस्थापन तथा वित्त आदि सम्बन्धी कुराहरू कसरी व्यवस्थापन गर्ने भनेर गरिने योजनालाई................ भनिन्छ । (व्यावसायिक योजना, कार्यक्रम, सहकारी)

(ङ) .............. सञ्चानलमा सबैभन्दा महत्त्वपूर्ण कुरा त व्यक्तिगत इच्छा नै हो । (व्यवसाय, योजना, कार्यक्रम)

२. **तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

(क) व्यावसायिक योजना भनेको के हो ?

(ख) व्यावसायिक योजना गर्नुपर्नाका ३ ओटा कारण लेख्नुहोस् ।

(ग) व्यावसायिक योजनाबाट हुने ५ ओटा फाइदा लेख्नुहोस् ।

(ग) व्यवसाय छनोट गर्दा ध्यान दिनुपर्ने ५ कुराहरू लेख्नुहोस् ?

(घ) के गर्न सकेमा व्यवसाय सफल हुन सक्छ ?

३. **तपाईँले देखे जानेका आधारमा कुनै एक व्यवसायका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।**

४. **गाउँमा बस्ने तिम्रो एक साथीलाई व्यावसायिक योजनाको महत्त्व र आवश्यकता दर्साउँदै एउटा पत्र लेख्नुहोस् ।**

५. **साथीहरूलाई तीन समूहमा बाँडेर तलका शीर्षकमा व्यावसायिक खेती गर्नका लागि आवश्यक व्यावसायिक योजनाको खाका बनाउनुहोस् :**

समूह क : मौरी पालन

समूह ख : आलु तथा तरकारी खेती

समूह ग : फलफूल खेती

## सिर्जनात्मक क्रियाकलाप

१. **तलको चित्र अध्ययन गरी सोका बारेमा सोधिएका प्रश्नको जबाफ लेख्नुहोस् । त्यसपछि उपयुक्त रङ लगाउनुहोस् :**

माथिको चित्रमा हेरेर तलका प्रश्नका बारेमा छलफल गर्नुहोस् है त !

- माथिको चित्रमा के के देख्नुभयो त ?



- यस चित्रमा के कस्ता पेसा व्यवसायका साङ्केतिक चित्र रहेका छन् ?
- मानिसका दुई हातले के लिएको छ ?
- मानिसले आफ्नो स्वास्थ्य राम्रो राख्न के के आवश्यक पर्छन् ?
- तपाईँहरू आफ्ना आवश्यकता कसरी पूरा गर्नुहुन्छ ?

२. **तपाईँ ठुलो भएपछि के गर्ने वा बन्ने सपना छ ? जस्तै एक असल व्यावसायी बन्न के के गर्नुपर्ला । एक सफल व्यवसायी बन्ने आफ्नो सपनाका बारेमा दुई अनुच्छेद लेख्नुहोस् ।**

# पाठ १७ हाम्रा स्थानीय उत्पादन



आज गोठाटारको तल काँडाघारी बजारमा मेला लागेको छ । पर्यटन प्रवर्धन र स्थानीय उत्पादनलाई प्रवर्धन गर्न स्थानीय उद्योग वाणिज्य सङ्घको आयोजनामा भएको सो व्यापार मेलामा स्थानीय उत्पादनका सामग्रीको बिक्री वितरण पनि भएको थियो । म सरिता आले सानिमाको साथमा सो मेला हेर्न गएको थिएँ । मेलामा स्थानीय स्तरमा उत्पादन भएका तरकारी र फलफूलको स्टल सुरुमा नै राखिएको थियो । हामीले मेलामा स्थानीय स्तरमा उत्पादित केरा र आरुबखडा किन्यौँ । अलिक पर हस्तकलाका सामानहरू आकर्षक हिसाबले सजाइएका थिए । मलाई काठको पेन होल्डर राम्रो लागेर किनेको थिएँ पनि सानिमाले उनको सल किन्नुभएको थियो । केही मानिसहरू गलैँचा किन्न व्यस्त थिए । स्थानीय व्यापारीले अम्रिसोको कुचा, स्थानीय उत्पादन बदाम, तेजपता आदि पनि बिक्रीमा राखेका थिए । मेलामा स्थानीय व्यापारी मात्र नभएर बाहिरबाट व्यापारीहरू आएका थिए । अघिल्लो महिना कागेश्वरी मन्दिरमा पनि धार्मिक मेला लाग्दा धेरै स्थानीय सामानहरू बिक्री वितरणमा राखिएका थिए । मैले त्यो बेला काँक्रो र टमाटर किनेर ल्याएको थिएँ । सानिमाले अम्बा र अकबरे खुर्सानी किनेर ल्याउनुभएको थियो । यसरी स्थानीय सामग्रीको उत्पादनले स्थानीय पर्यटकीय क्षेत्रमा बिक्री वितरण हुँदा घुम्न जाने तीर्थालु र पर्यटकलाई सामान पाउन सहज भएको थियो भने स्थानीय उत्पादनको प्रवर्धन भएको थियो ।

## क्रियाकलाप

(क) **कुन ठाउँमा कुन सामग्री उत्पादन हुन्छ ? खोजी गरी तलको तालिकामा भर्नुहोस् ।**

| गाउँ टोलको नाम | उत्पादन हुने वस्तु वा सामग्री |
|---|---|
| गागलफेदी | |
| आलापोट | |
| डाँछी | |
| मुलपानी | |
| थली | |
| गोठाटार | |

(ख) **आफ्नो ठाउँमा उत्पादन हुने सामग्रीहरूको विवरण सङ्कलन गरी ती सामग्रीहरूको घरमा मात्र उपभोग गरिन्छ कि बिक्री वितरण पनि गरिन्छ । ती सामग्रीहरू पर्यटकीय क्षेत्रमा बिक्रीवितरण गरिन्छ गरिँदैन, अभिभावकसँग सोधखोज गरी विवरण सङ्कलन गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।**

## अभ्यास

(क) तपाइँ समुदायमा उत्पादन हुने सबैभन्दा बढी प्रख्यात वस्तु वा सामान कुन हो ?

(ख) स्थानीय उत्पादनको महत्त्व उल्लेख गर्नुहोस् ।

(ग) तपाइँको घर नजिक वा बसोबास क्षेत्र नजिक रहेका बजारहरूको नाम लेख्नुहोस् र त्यहाँ पाइने मुख्य मुख्य पर्यटकीय सामग्रीहरूको सूची तयार पार्नुहोस् ।

पाठ १८

# नैतिक अभ्यास

**तल दिइएको प्रश्नका साझा सार यकिन गर्न कक्षामा छलफल गर्नुहोस् :**



(क) अरूलाई खुसी पार्न गरिने स्थानीय अभ्यासको सूची बनाउनुहोस् ।

(ख) तपाईँलाई खुसी पार्न परिवारका सदस्यले के के गर्नुहुन्छ ?

(ग) तपाईँ परिवारका सदस्यलाई खुसी पार्न के के गर्नुहुन्छ ?

नैतिकता भनेको नीतिसम्मत आचरण अर्थात् व्यवहार प्रदर्शन हो । यसले के उचित र के अनुचित भन्ने कुरा छुट्याउँछ । नैतिकता र सदाचारिता व्यक्तिमा हुनुपर्ने अत्यावश्यक गुण हुन् । सत्य अर्थात् जुन व्यवहार समाजका लागि स्वीकार्य हुन्छ त्यस्तो आचरणलाई सदाचारिता भनिन्छ । यसले नै व्यक्तिले समाजमा मान प्रतिष्ठा, सम्मान र लोकप्रियता हासिल गर्छ । कुनै पनि नैतिकहिन र दुराचारी व्यक्तिलाई तपाईँले सम्मान गर्नुहुन्छ ? वा कुनै समाजले त्यस्ता व्यक्तिलाई सम्मान र प्रतिष्ठा दिएको देख्नुभएको छ ? तपाईँको समुदायमा इज्जत वा मानसम्मान पाएका प्रतिष्ठित व्यक्तिलाई सम्झनुहोस् र तिनीहरूको आचरणलाई मूल्याङ्कन गर्नुहोस् त नैतिकता के हो, नैतिकताको महत्त्व के

रहेछ भन्ने कुरा बुझ्न सकिन्छ । हो कसैको श्रमको पैसा नलिनु, मानव भएर सबै प्राणीको हितका लागि काम गर्नु, नैतिकताभित्र पर्छ । नीतिमा भनिएको छ “अन्यायोपार्जितं द्रव्यं दशवर्षाणि तिष्ठति, प्राप्ते चैकादशे वर्षे समूलं च विनश्यति” अर्थात् अन्याय गरेर कमाएको धन दश वर्षसम्म टिक्छ । एघारौँ वर्ष लागेपछि त्यसले अन्यायपूर्वक कमाएको धन त जान्छ जान्छ, आफ्नो मूल धनसमेत नाश भएर जान्छ । त्यसकारण कहिल्यै अन्यायपूर्वक अरूको धन सम्पत्ति न लिनु नै नैतिकता हो । अरूको उपकार प्रति कृतज्ञ हुनु र कृतज्ञता प्रकट गर्नु पनि नैतिकता नै हो ।

**शिष्टाचार, सहयोग र परोपकार**

शिष्टाचार हरेक प्राणीको गुणवान् स्वभाव हो । मानिसले यसलाई शिष्टाचार भन्छन् भने कोइली मयूर आदि पक्षीको हकमा स्वभाव भनिन्छ । त्यसैले मानिसले एकअर्कामा नमस्कार, अभिवादन, कृतज्ञता र धन्यवाद ज्ञापन गर्ने कार्यलाई शिष्टाचार भनिन्छ। यस प्रकारका शिष्टाचारका स्थानीय अभ्यास पनि हुन्छन्। कोही व्यक्ति भेट हुँदा वा अतिथि भई घरमा आउँदा कसैले पानी दिएर, कसैले बस्ने आसन वा कुर्सी दिएर, कसैले चियानास्ता खुवाएर तथा कसैले मिठो बोलीवचनमार्फत यस्तो शिष्टाचार प्रस्तुत गर्दछन् । हाम्रो समुदायमा स्थानीय जातिपिच्छे यस प्रकारको आआफ्नै शिष्टाचार गर्ने प्रचलन अझै पनि रहेको छ।



शिष्टाचारले गर्दा नै विशेष रूपमा स्थानीय तहका मानिसलाई एकअर्कासँग जोडेर राखेको छ । उनीहरू एकआपसमा भेट हुँदा, एकअर्कालाई सम्बोधन गर्दा, टाढा बसेको मानिससँग भेटघाट हुँदा शिष्टाचारबाट संवाद तथा सहकार्य सुरु गर्छन् । यस प्रकारको संवाद तथा सहकार्यले उनीहरूको सम्बन्ध स्थायी र बलियो पनि हुन्छ । स्थानीय तहमा प्रचलित यस प्रकारको व्यक्तिगत, पारिवारिक तथा सामाजिक शिष्टाचार पालना गर्न कुनै विशेष परिश्रम र खर्च गर्नु पर्दैन । त्यसले नैतिकता कायम गर्ने स्थानीय अभ्यास घरपरिवारबाट सुरु हुन्छ ।



त्यसपछि छरछिमेकमा यसको अझ विस्तृत अभ्यास गर्न सकिन्छ । हाम्रा छरछिमेकमा विभिन्न रुचि, वर्ग, सोचाइ, संस्कार र आस्थाका मानिस हुन सक्छन् । उनीहरूको चालचलन पनि बेग्लै हुन सक्छ । तर शिष्टाचारका लागि हामी सबैले सबैलाई अभिवादन गर्नुपर्छ र कृतज्ञता पनि जनाउनुपर्छ । सबैले अरूलाई खुसी पार्न, हार्दिक सम्बन्ध कायम गर्न र सहयोगको आदानप्रदान गर्न पनि शिष्टाचारको पालना आवश्यक छ ।

सबै प्राणी तथा वनस्पतिले एकअर्काबाट सहयोग आदानप्रदान गरिरहेका हुन्छन् । मानिस आफैँमा साामजिक प्राणी भएकाले व्यक्तिगत र पारिवारिक साथ सहयोगले मात्र उसको जीवन चल्न गाह्रो पर्छ । यस प्रकारको साथसहयोग पाएपछि उसले  सहयोगीप्रति कृतज्ञता र धन्यवाद प्रकट गर्नुपर्छ । उल्लिखित सन्दर्भबाट शिष्टाचार महत्त्व बुझ्न सकिन्छ । आपसमा अभिवादन गर्ने र कृतज्ञता तथा धन्यवाद प्रकट गर्ने सबैलाई लाभ पनि हुन्छ । मानिसलाई सहयोग तथा उपकार सूर्यलगायतका तारा, पृथ्वीलगायतका ग्रह र तुलसी पिपलगायतका बोटवनस्पतिले पनि गरिरहेका छन् । वनस्पति पनि मानिसका असल मित्र हुन् ।

हामी उनीहरूलाई केही दिन्छौँ तर तिनीहरूले हामीलाई धेरै कुरा दिन्छन् । वनस्पतिबाट हामीलाई फलफूल, औषधीलगायत अन्य दैनिक उपभोग्य वस्तु प्राप्त गर्छौं । यिनीहरू स्वभावले नै परोकारी हुन्छन् । यी सबैबाट हामीले सिक्न जरुरी छ ।

## क्रियाकलाप

घरपरिवारका सदस्यसँग केही समयपछि भेट हुँदा, छिमेकीलाई भेट्दा र साथीहरूसँग भेट भएको बेला अभिवादनका लागि के कस्ता शब्दहरूको प्रयोग गर्छौं भनी विद्यार्थीलाई सोध्नुहोस् । उनीहरूले भनेका शब्दहरू कालोपाटीमा टिप्नुहोस् र ती शब्दहरू प्रयोग गर्नुको कारणबारे उनीहरूबीच छलफल गराउनुहोस् ।

बोटबिरुवा, वनस्पतिबाट तिमीहरूले के लाभ लिएका छौ भनी विद्यार्थीहरूलाई सोध्नुहोस् । उनीहरूले उत्तर भनिसकेपछि तिनको सुरक्षाका लागि गर्न सक्ने उपायबारे कक्षामा छलफल गराउनुहोस् ।

## अभ्यास

१. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) नैतिकता के हो ?

(ख) मानिसका लागि नैतिकता किन आवश्यक छ ?

(ग) अनैतिक तरिकाले कमाएको धन सम्पति बढीमा कति वर्षसम्म भोग गर्न पाइने रहेछ ?

(घ) शिष्टाचार के हो र किन गरिन्छ ?

(ङ) मानिस समाजमा प्रतिष्ठित बन्न के गर्नुपर्ने रहेछ ?

२. **पाठमा दिइएको श्लोक पढेर सुनाउनुहोस् ।**

३. **पाठमा दिइएको श्लोकको सार के हो ?**

४. **श्लोकमा भनिए जस्तै भएको कुनै घटना विवरण परिवारका जेष्ठ सदस्यलाई सोधी कक्षामा सुनाउनुहोस् ।**

५. **पाठमा प्रयुक्त श्लोक कण्ठस्थ सुनाउनुहोस् ।**

६. **दिइएको कार्य गर्नुहोस् :**

(क) आफ्नो घरपरिवारका कम्तीमा तीन जना सदस्यलाई के भयो भने सबैभन्दा बढी खुसी हुनुहुन्छ भनेर सोधेर पाएको उत्तर निम्नलिखित ढाँचामा कक्षामा प्रस्तुत गर :

| क्र.सं. | प्रश्न सोधेका | परिवारका सदस्यसँगको नाता | उत्तर |
|---|---|---|---|
| | | | |
| | | | |

(ख) तिम्रो टोल/समुदायमा मानिसहरू भेट भएर बोल्न सुरु गर्नुभन्दा अगि अभिवादन जनाउन के कस्ता शब्द प्रयोग गर्छन् ? सुनेका र जानेका शब्द टिपोट गरी ल्याऊ र कक्षामा सुनाऊ ।

पाठ १५

# विविधताको सम्मान र शन्तिपूर्ण वातावरण

**दिइएको विषयवस्तु पढी कक्षाकोठा, विद्यालय, घरपरिवार तथा टोलबस्तीमा शान्ति कायम गर्ने उपायको खोजी गरौँ :**




शान्ति भनेको त्रास र भयरहित स्वस्थ मानसिक र शारीरिक स्थिति हो । हरेक व्यक्तिले स्वतन्त्र र आनन्दपूर्वक आफ्ना गतिविधि सञ्चालन गर्न शान्तिको खोजी गर्छ, जस्तै :

- आनन्दमा रहनु, रमाउनु
- अरूलाई बाधा नपुर्‍याई चाहेको कुरा पूरा गर्नु
- न्याय पाउनु
- माया र ममता पाउनु
- आपसमा सम्मान गर्नु
- अन्याय, डर र हिंसाको स्थिति नहुनु
- हिंसाको अवशेष नरहनु
- सामाजिक न्याय विद्यमान रहनु

शान्ति मानव जीवनका लागि अपरिहार्य छ । सामाजिक न्यायसहितको शान्तिलाई सकारात्मक शान्तिका रूपमा लिइन्छ । शान्तिका लागि आवश्यक मुख्य तत्त्व निम्नानुसार सूचीबद्ध गर्न सकिन्छ :

- सबैको सहभागिता
- साझा बुझाइ
- सहयोग
- सक्रिय सुनाइ
- विधिको शासन
- आदर र सम्मान
- समता र समानता
- समाजिक न्याय
- पारदर्शिता
- मित्रता
- सकारात्मक सोचाइ
- विविधताको सम्मान
- लोकतान्त्रिक संस्कार
- सहनशीलता

## शान्ति, मित्रता र विविधता

हामीले आफ्नो वरपरको क्षेत्रमा भययुक्त वातावरण सिर्जना गर्न सकेमा शान्ति कायम गर्न सकिन्छ । यसका लागि विविधताको सम्मान गर्न भेदभावरहित वातावरण बनाउनुपर्दछ। यसका लागि समावेशी वातावरण बनाउनेतर्फ सबैको ध्यान केन्द्रित गर्नुपर्दछ । अहिंसात्मक गतिविधि सञ्चालन सबैलाई प्रोत्साहित गर्नुपर्दछ । अनुशासनको पालनाका साथमा समस्यालाई शान्तिपूर्ण तरिकाले समाधान गर्नेतर्फ अगाडि बढ्नुपर्छ। नम्र बोली र असल व्यवहार गर्नुपर्छ। सबैलाई आदर, सम्मान र माया गर्नुपर्छ। यसरी व्यक्ति, घर परिवार, समुदाय र विद्यालयले शान्ति स्थापनार्थ सहयोग गर्न सक्छन्।




नेपाल बहुभाषिक तथा बहुसांस्कृतिक देश हो । यसमा धेरै धर्म, संस्कृति, जाति, समाज र समुदाय बसोबास गर्छन्। यस प्रकारका समाज तथा समुदाय आपसमा मिलेर बसोबास गर्न एकअर्काको सम्मान गर्न आवश्यक छ। समाजमा

एक व्यक्तिले अर्को व्यक्तिसँग कायम गर्ने सम्बन्ध, आचरण वा चालचलनलाई व्यवहार भनिन्छ । यस्ता व्यवहार विभिन्न खाले हुन सक्छन् तर हामीले एकअर्कालाई बिझाउने वा नराम्रो लाग्ने व्यवहार गर्नुहुँदैन । यसर्थ विविधताको सम्मान भनेको गुण, आकार आदिका दृष्टिले उही र उस्तै वा बराबर रूपमा प्रदर्शन गरिने व्यवहार अर्थात् समान व्यवहार हो । जस्तै कुनै व्यक्तिले सबै धर्म, वर्ण, लिङ्ग, जात जाति, भाषा भएका व्यक्तिलाई उही र उस्तै व्यवहार गर्दछ भने त्यो समान व्यवहार हो, विविधताको सम्मान हो ।

समाज अपाङ्गता भएका व्यक्ति, किसान, गरिब, धनी, साक्षर, निरक्षरलगायत सबै प्रकारका मानिस बसोबास गर्दछन् । हामीले सबै प्रकारलाई व्यक्तिलाई समान व्यवहार गर्नुपर्दछ । एकआपसमा समान व्यवहार हुन नसकेमा झगडा र कलह सिर्जना हुन सक्छ । झगडा तथा कहलका कारणले समाजमा अशान्ति फैलन्छ । यसर्थ व्यक्ति र समाजलाई अनुशासित र मर्यादित बनाउन हरेक नागरिकले एकआपसमा समान व्यवहार गर्नु अनिवार्य हुन्छ । समाजमा समानता कायम गर्न हाम्रो संविधानले नागरिकका मौलिक हकअन्तर्गत समानताको हकको व्यवस्था गरेको छ । यस हकमा भनिएको छ :

१. सबै नागरिक कानुनको दृष्टिमा समान हुने छन् ।

२. कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग जातजाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था आदिका आधारमा भेदभाव गरिने छैन ।

३. समान कामका लागि महिला र पुरुषका बिच पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन ।

उल्लिखित व्यवस्थाले कसैले पनि अरूप्रति असमान व्यवहार गरेमा त्यो कानुन विपरीत हुन्छ भन्ने कुरा स्पष्ट गर्दछ ।

हामीले पनि धनी, गरिब जातिपाती जस्ता कुराका आधारमा भेदभाव गर्नुहुँदैन । मानिस ठुलो दिलले हुन्छ, जातले हुँदैन भनेझैँ काम र व्यवहारबाट मानिस असल र खराब हुन्छ । त्यस्तै महिला र पुरुष, छोराछारी बिच पनि समान

व्यवहार गर्नुपर्दछ । घरपरिवार,  छरछिमेक र विद्यालयमा सबैले एक अर्कोप्रति सम्मान र विश्वास गर्नुपर्छ । कसैले समान व्यवहार नगरेमा उसलाई समान व्यवहार गर्न सहयोग र सल्लाह दिनुपर्दछ । हामीले साथीसाथीबिचमा मिलेर बस्नु र खेल्नु, सरसल्लाह गर्नु, सहयोग लिनु र दिनु, अर्काको परिमार्का बुझ्नु र अशक्त तथा अपाङ्गता भएकालाई भेदभाव नगर्नु मित्रताको अनुसरण गर्नु हो । परिवारमा सबै सदस्यको आदर, सम्मान, माया र सेवा गर्नु, एकअर्काको विचार र भावनाको कदर गर्नु, काममा सहयोग गर्नु तथा सबैसँग मिठो बोलीवचन गर्नु मित्रताको सम्मान गर्नु हो । साथै छरछिमेकमा सुखदुःखमा सहयोग गर्नु, विचार र सल्लाह लिनु र दिनु, बाटो, पानी, पँधेरो आदिमा सहज प्रयोगका लागि पहल गर्नु तथा सामाजिकीकरणमा सहयोग गर्नु पनि विविधताको सम्मान गर्नु हो । त्यसैगरी समुदायमा धर्मका आधारमा भेदभाव नगर्नु,  जातका आधारमा भेदभाव नगर्नु, भाषाका आधारमा भेदभाव नगर्नु, कामका आधारमा भेदभाव नगर्नु, छुवाछुतका आधारमा भेदभाव नगर्नु, धनी र गरिबबीच भेदभाव नगर्नु विविधताको सम्मान गर्नु हो ।

### अभ्यास

१. **तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) शान्ति भनेको के हो ?

(ख) शान्ति कायम कसरी हुन्छ ?

(ग) शान्ति कायम गर्ने कुनै ५ तत्त्व लेख्नुहोस् ।

(घ) विविधताले सम्मान कसरी गर्न सकिन्छ ?

(ङ) समानताको हकको लागि संविधानमा भएको कुनै एक व्यवस्था लेख्नुहोस् ।

२. **समुदायमा शान्ति कायम गर्न वडा कार्यालयबाट भएका कायको जानकारी लिई कक्षामा प्रस्तुत गर्नुहोस् ।**

पाठ २०

# नीति श्लोक

**शान्ति तुल्यं तपो नास्ति न सन्तोषात्परम् सुखम्**
**न तृष्णायाः परो व्याधिः न च धर्मो दयापरः ॥**

शान्ति बराबर अर्को कुनै तपस्या छैन, सन्तोषभन्दा ठुलो सुख हुँदैन अर्थात् असन्तोष दुख हो । तृष्णा अर्थात् यो पनि मैले पाउँ त्यो पनि मैले पाउँ भन्ने लालसाभन्दा अर्को ठुलो रोग हुँदैन । अनि दयाभन्दा ठुलो कुनै धर्म पनि छैन । त्यसैले सबै प्राणी जगतमा दयाभाव राख्नुपर्छ ।

**अधमा धनमिच्छन्ति धनं मानं च मध्यमाः ।**
**उत्तमा मानमिच्छन्ति मानो हि महता धनम् ॥**

अधम अर्थात् तल्लोस्तरका मानिसले धनमात्र चाहन्छन् । मध्यमस्तरका मानिस धन र मान दुवैको चाहना राख्छन् र त्यसैअनुसारको कर्म गर्छन् । उत्तमस्तरका मानिस मान सम्मान चाहन्छन् । किनकि संसारमा सबैभन्दा उत्तम धन नै मान सम्मान हो । समाजमा उत्तमकोटीका मानिसको नै मान र प्रतिष्ठा हुन्छ ।

**सुखार्थी चेत् त्यजेद्विद्यां विद्यार्थी चेत् त्यजेत्सुखम् ।**
**सुखार्थिनः कुतो विद्या कुतो विद्यार्थिनः सुखम् ॥**

यदि सुख खोज्ने हो भने विद्या छोड्नुपर्छ । विद्या चाहनेले सुख छोड्नुपर्छ । सुखको इच्छा गर्नेलाई विद्या प्राप्त हुँदैन र विद्या प्राप्त गर्न चाहनेलाई सुख हुँदै न । त्यसैले विद्या आर्जन गर्न सजिलो हुँदैन कठिन परिश्रम गर्नुपर्छ ।

**येषा न विद्या न तपो न दानम्**
**न चापि शीलं न गुणो न धर्मः ।**
**ते मर्त्यलोके भुवि भारभूवा**
**मनुष्यरूपेण मृगाश्चरन्ति ॥**

जोसँग विद्या छैन अर्थात् पढेको छैन, जसले तपस्या गर्दैन, जो कसैलाई केही दिँदै न अर्थात् दान पुण्य गर्दैन, न कुनै असल शीलस्वभाव छ, न कुनै असल गुण छ न धर्म कर्म गर्छ, त्यस्ता मानिस यो मृत्युलोकमा पृथ्वीका भारमात्र भई मानव रूपमा पशुसमान भएर बाच्छन् ।

**आलस्य हि मनुष्याणां शरीरस्य महान् रिपुः ।**
**नास्त्युद्यमसमो बन्धुर्य कृत्वा नावसीदति ॥**

अल्छीपना मानव शरीरमा रहने सबैभन्दा ठुलो शत्रु हो साथै उद्योग जति मानिसको आफन्त कोही हुँदैन । उद्योगी व्यक्तिले कहिल्यै दुःख पाउँदैन । त्यसैले हामीहरू सुख खोज्ने हो भने अल्छी नगरी उद्योगी बन्नुपर्छ ।

**बुद्धिर्यस्य बलं तस्य निर्बुद्धेस्तु कुतो बलम् ।**
**बने सिंहो मदोन्मत्तः शशकेन निपातितः ॥**

जसको बुद्धि हुन्छ त्यही बलवान् हुन्छ । बुद्धबिनाको बल निरर्थक हुन्छ किनकि बुद्धिपूर्वक प्रयोग गरिएको बलले लक्ष्य हासिल गर्छ । बुद्धिको बलबाट बुद्धिमान् खरायोले जङ्गलको घमण्डी सिंहलाई पनि इनारमा खसाएर मार्न सफल हुन्छ ।

## क्रियाकलाप

दिइएका श्लोक कक्षामा विद्यार्थीको समूह बनाई लय मिलाएर सस्वर वाचन गर्नुहोस् । पहिलो समूहमा त्यसपछि जोडीमा र एक्लाएक्लै सस्वर वाचन गर्ने अभ्यास गर्नुहोस् । यी श्लोक कण्ठस्थ पार्नुहोस् ।

## अभ्यास

१. **दिइएका प्रश्नका उत्तर दिनुहोस् :**

(क) सबैभन्दा ठुलो सुख के हुन्छ ?

(ख) उत्तम मानिस कसरी बन्न सकिन्छ ?

(ग) विद्या प्राप्त गर्न चाहनेले के गर्नुपर्छ ?

(घ) कस्ता मानिस पृथ्वीका भार मात्र हुन्छन् ?

(ङ) मानिसको सबैभन्दा ठुलो शत्रु को हो ?

(च) कस्ता मानिस सुखी हुन्छन् ?

(ज) सबैभन्दा बलवान् कसलाई मानिन्छ ?

२. **माथिका श्लोक सस्वर वाचन गरेर सुनाउनुहोस् ।**

३. **माथिका श्लोक कण्ठस्थ सुनाउनुहोस् ।**

४. **माथिका एक एक श्लोकको भावार्थ भन्नुहोस् ।**

पाठ २१

# साँचो मित्र

धेरै समय अगाडिको कुरा हो । एउटा अत्यन्त सुन्दर घना जङ्गल थियो । त्यस जङगलमा चार मित्र रहन्थे । तिनमा मुसो, कौवा, हरिण र कछुवा थिए । तिनीहरू अलग अलग जातिका भए तापनि उनीहरूबिच अत्यन्त घनिष्टता थियो । चारै मित्रले एक अर्काका लागि ज्यान दिन पनि पछि पर्दैनथे । चारै मित्रबिच दुख सुखका कुरा हुन्थे, सँगै खाने खेल्ने गर्थे । जङ्गलमा एउटा सुन्दर निर्मल तलाउ थियो । त्यहाँ कछुवा बस्थ्यो । तलाउको नजिकै एउटा जामुनको रुख थियो । त्यस रुखमा कौवा बस्थ्यो । रुखको फेदमा जमिनमा दुलो बनाएर मुसो बस्थ्यो । त्यसकै नजिकमा घना जङ्गलभित्र हरिणको वास थियो । कछुवा दिनभरि पानीमा डुब्ने र किनारको बालुवामा घाम ताप्ने गर्थ्यो भने बाँकी तीन मित्रहरू आहाराको खोजीमा टाढा टाढासम्म पुग्थे र सूर्यास्त हुने बेलामा फर्केर आफ्नै वासस्थानमा आउँथे । हरेक दिन आहाराको खोजीबाट फर्केपछि चारै मित्र एकापसमा भेट हुने, दिनभरिका दुख सुखका कुरा सुन्ने सुनाउने, खेल्ने मनोरञ्जन गर्ने गरेर दिन व्यतित गरेका थिए । यही उनीहरूको दैनिकी थियो ।

एक दिन साँझ कौवा र मुसो त आहारा खोजेर साँझ वासस्थानमा फर्के कछुवा त्यहीँ नै बस्थ्यो तर हरिण रात पर्दासम्म पनि फर्केन । तीनै मित्र हरिणको बाटो हेरेर बसे । उनीहरूलाई त्यो दिन हाँस खेल गर्न पनि मन लागेन । आफ्ना दिनभरिका सुखदुख साट्ने इच्छा पनि भएन । हरिणको चिन्तामा उसको बाटो हेरेर बसिरहे । कछुवाले रुग्ध कण्ठ पार्दै भन्यो, “सधैँ त तिमी दुईभन्दा पनि पहिले हरिण आइपुग्थ्यो । आज नजाने के भयो अहिलेसम्म पनि आइपुगेन । मेरो त मन अति विचलित भएको छ ।”

मुसाले पनि चिन्तित स्वरमा भन्यो, “हो त नि कुरा सारै गम्भीर छ । पक्कै

पनि हरिण कुनै सङ्कटमा फस्यो होला । अब हामीले के गर्ने होला ?" कौवाले आकाशतिर हेर्दै आफ्नो चुच्चो खोल्यो र भन्यो, "साथी हो, हरिण प्राय जता चर्न जान्छ म त्यता हेरेर आउँथे तर के गर्ने अँध्याराले घेरिसक्यो । भुइँमा केही देखिँदैन । हामी अब भोलि बिहानसम्म प्रतीक्षा गर्न बाध्य छौँ । बिहान हुनासाथ म आकाशमा उडेर सबैतिर डुलेर हरिणको खबर जरुर लिएर आउँछु ।"

कछुवाले टाउको हल्लायो र भन्यो "आफ्नो साथीको कुशलताको अवस्था थाहा नपाई कसरी राती सुत्न सकिन्छ अनि कसरी निद आउला र ? मनमा कुनै चैन नै हुँदैन । म त छिटो हिँड्न पनि सक्दिन, म अहिले नै हिरण चर्ने चरनतिर खोज्न हिँड्छु, तिमीहरू भोलि बिहान आउनु ।" मुसाले पनि भन्यो "कछुवा दाइसँगै म पनि जान्छु । म पनि कति नै पो छिटो हिँड्छु र ? कछुवा दाइ र म अहिले नै जान्छौँ, कौवा दाइ तपाईं भोलि बिहान आउनु" भनेर ती दुई हिँडे ।

त्यहाँ कौवा एक्लै भयो । उसले रात आँखा झिमिक्क नगरी कटायो । निद आओस् पो कसरी आफ्नो प्रिय साथीको अत्तोपत्तो छैन, मनमा भयानक आशङ्का उब्जेको छ । जसै बिहान भयो कौवा हरिणको खोजीमा उड्यो । कौवा चारैतिर नजर लाउँदै उड्दै थियो । एक ठाउँमा कछुवा र मुसो जाँदै गरेको पनि देख्यो । कौवाले आफू पनि खोजीमा आएको जानकारी काँ काँ गरेर उनीहरूलाई दियो र अगाडि बढ्यो । कौवाले हिरणलाई बोलाउँदै अगाडि बढिरह्यो ।

कौवा अगाडि बढ्दै जाँदा एक ठाउँमा कोही रोएको आवाज सुन्यो । रोएको स्वर पहिचान गर्ने प्रयास गऱ्यो । त्यो रुवाइको आवाज आफ्नो साथी हरिणको जस्तो लाग्यो । कौवा रुवाइको आवाज आएको दिशातिर गयो र उ सिधै हरिण भएकै ठाउँमा पुग्यो । त्यहाँ हरिण सिकारीको जालमा फसेको रहेछ । उ रुँदै छटपटाइरहेको थियो । हरिणले रुँदै कागलाई भन्यो, "निर्दयी सिकारीले यहाँ जाल बिछ्याएको रहेछ, मैले देखिन र जालमा परेँ । अब बिहान पनि भइसक्यो सिकारी आफ्नो जाल हेर्न आउँदै होला । अब मलाई सिकारीले लान्छ र मार्नेछ मित्र । अब मेरो जीवन यति नै रहेछ । कछुवा र मुसालाई पनि मेरो अन्तिम

सम्झनास्वरूप नमस्कार सुनाइदिनु," हरिणले रुँदै कागलाई भन्यो ।

कौवाले हिरणलाई आश्वस्त पार्दै भन्यो, 'मित्र, हामीले आफ्नो ज्यानको बाजी लगाएर पनि तिमीलाई बचाउँछौँ । कछुवा र मुसा पनि तिम्रै खोजीमा यतै आउँदैछन् । निराश नहोऊ ।' हिरणले निराश हुँदै भन्यो, 'तिमीले कसरी मलाई मुक्त गर्न सकौला र ?' कौवाले आफ्नो पखेटा फटकार्दै भन्यो 'सुन मित्र, मैले हाम्रो साथी मुसालाई आफ्नो पिठियुँमा राखेर उडाएर लिएर आउँछु । मुसाले आफ्ना दाँतले तिम्रो यो पासो काट्छ । अनि त तिमी मुक्त भइहाल्छौ नि, चिन्ता नगर ।' हरिणलाई अलिकति आफू बाँच्ने आशा जागेर आयो । उसको आँखामा आशाको चमक देखिन थाल्यो र भन्यो, 'काग भाइ सिकारी आउनुभन्दा अगाडि छिटो मुसालाई लिएर आउ ।'

कौवा तेजले उड्यो र तुरुन्तै कछुवा र मुसा भएको ठाउँमा पुग्यो । कौवाले भन्यो समय कत्ति पनि बिताउन भाछैन, हाम्रो मित्र हरिण दुष्ट सिकारीको जालमा फसेको छ । सिकारी आउनुपूर्व हामीले उसलाई जसरी पनि छुटाउनुपर्छ अन्यथा उसलाई सिकारीले मार्नेछ । कछुवा आत्तिँदै भन्यो 'त्यसका लागि हामीले के गर्नु पऱ्यो ? छिटो भन ।' मुसा चलाख थियो उसले कौवाको कुरा बुझिहाल्यो । 'नआत्तिनुहोस् साथी हो, कौवा दाइ मलाई छिटो आफ्नो पिठियुँमा राखेर हरिण भएको ठाउँमा पुऱ्याउनुहोस् ।' कौवाले मुसालाई उडाएर तुरुन्तै हरिण भएको ठाउँमा पुऱ्यायो ।

मुसाले फटाफट हरिणको पासो काट्न थाल्यो । एकैछिनमा हरिणको पासो काट्यो र हरिणलाई जालबाट मुक्त गरायो । त्यतिन्जेलमा कछुवा पनि त्यहाँ आइपुग्यो । हरिणले रुग्ध कण्ठ गरेर आफूले यस्ता सच्चा साथी पाएकोमा साथीहरूलाई धन्यवाद दिँदै अङ्कमाल गऱ्यो । हरिण जाल मुक्त भएकाले खुसी थियो । उसका साथीहरू हरिणलाई जालमुक्त गर्न सफल भएकोमा खुसी थिए ।

उनीहरूबिच खुसीको माहोल हुँदा हुँदै केही परबाट सिकारी आउँदै गरेको हरिणले देख्यो र साथीहरूलाई सचेत गरायो । कौवा उडेर रुखमा गयो, मुसो

जमिनको दुलोमा पसेर लुक्यो, हरिण उफ्रेर जङ्गलतिर पस्यो । विचरा कछुवा भाग्न सक्ने अवस्था रहेन तैपनि आफ्ना गतिअनुसार भाग्ने प्रयास त गऱ्यो । उ आठ दश पाइला मात्र पर पुगेको थियो । सिकारी जाल भएको ठाउँमा आफ्नो जाल काटिएको देखेर यता उता भौंतारिँदै थियो । उसले केही पर कछुवालाई देख्यो । यही कछुवालाई भए पनि लैजान्छु भनेर उसले कछुवालाई समातेर बोरामा राख्यो र त्यसको मुख बाँधेर हिँड्यो ।

यो घटना उसका तीनै जना साथीले देखिरहेका थिए । एउटा साथीको त ज्यान बचाइयो अर्को साथी सिकारीको हात लाग्यो । उनीहरूलाई झन ठुलो आपत् आइलाग्यो । कछुवालाई त सिकारीकै हातबाट छुटाउनुपर्ने भयो अन्यथा कछुवाको ज्यान जाने निश्चित भयो । ती तीनै मित्रहरू त्यही भेला भए । त्यो आपत्को बेलामा होस् नहराउनु भने झैँ हरिणले एउटा जुक्ति नलगाई कछुवालाई बचाउन सकिँदैन । त्यसैले उसले जुक्ति निकाल्यो र बोरा काटेर कछुवालाई भगाउने जिम्मा मुसालाई दियो । आफू सिकारीको अगाडि गएर खुट्टा खोच्याउँदै हिँड्न थाल्यो । सिकारीले हरिणलाई हिँडन नसकेको देखेर उसलाई समाउन सक्छु भन्ने विचार गरेर कछुवालाई बाँधेको बोरा त्यहीँ छोडेर हरिणको पछि लाग्यो । हरिणले खोच्याएको अभिनय गर्दै सिकारीलाई कछुवाभन्दा अलि पर पुऱ्यायो । यता मुसाले कछुवाको बोरा काटेर मुक्त गरायो । कौवाले माथिबाट सबै सूचना मुसा र कछुवालाई दिइरहेको थियो । त्यतिन्जेलमा मुसा र कछुवा त्यहाँबाट भागेर लुक्न सफल भए भने उता कौवाको सूचनाबाट कछुवा मुक्त भएको थाहा पाएपछि हरिण पनि उफ्रेर घना जङ्गलतिर लाग्यो । सिकारी कछुवा भएको ठाउँमा आउँदा कछुवा पनि त्यहाँ नदेखेर निराश भएर घरतिर लाग्यो भने मित्रबिचको एकापसको सहयोगले आफ्ना साथीको ज्यान बचाउन र बाँच्न सफल सबै मिलेर खुसी मनाए ।

## अभ्यास

१. **दिइएको प्रश्नको उत्तर दिनुहोस् :**

(क) कथा पढेर के सन्देश पाउनुभयो ?

(ख) साँचो मित्र किन आवश्यक पर्दो रहेछ ?

(ग) कथाको सन्देशलाई हाम्रो जीवनमा कसरी उपयोग गर्न सकिन्छ ?

(घ) असल मित्रको कर्तव्य के हुनुपर्छ ?

(ङ) हरिणको ठाउँमा तपाइँ हुनुभएको भए आफ्ना साथीबाट के अपेक्षा गर्नुहुन्थ्यो ?

(च) आपतमा परेको आफ्नो साथीलाई सहयोग गरेको कुनै अनुभव सुनाउनुहोस् ।

२. **कथाका पात्रका ठाउँमा तपाइँसहित मिल्ने तीन जना साथीलाई राखेर तपाइँको जीवनसँग मिल्दो घटनामा आधारित कथा लेखी कक्षामा सुनाउनुहोस् ।**

पाठ २२

# स्थानीय स्तरका पेसाहरू

## पाठ प्रवेश

**तलका चित्र हेर्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**









(क) चित्रहरूमा ककसले के के गर्दै हुनुहुन्छ ?

(ख) तपाईंलाई कुन पेसा मन पर्छ, किन ?

(ग) भविष्यमा तपाईं कुन पेसामार्फत देशको सेवा गर्न चाहनुहुन्छ ?

# पेसामार्फत सेवा

पेसाकर्मी हुनका लागि ज्ञान र सिप चाहिन्छ । यस प्रकारका ज्ञान तथा सिप आर्जन गर्ने प्रमुख स्थल विद्यालय हो । विद्यालयमा अनिवार्य विषयका अतिरिक्त कृषि, स्वास्थ्यलगायत प्राविधिक तथा व्यावसायिक विषयमा पनि ज्ञान तथा सिप दिइन्छ । विद्यालय शिक्षाको यस कार्य देशलाई आवश्यक पर्ने आधारभूत र मध्यमस्तरका जनशक्ति तयार गर्दछ । हामीले कृषि विषयबाट अन्न तथा फलफूल खेती, पशुपालन तथा पशु स्वास्थ्यका बारेमा ज्ञान तथा सिप प्रदान गरिन्छ । शिक्षा विषयबाट शिक्षण कला प्राप्त हुन्छ । यही वियष पढेपछि शिक्षक बन्न सकिन्छ । हामी हाम्रो नगरपालिकामा रहेका जनशक्तिबाट यससम्बन्धी थप जानकारी र आवश्यकता परेको खण्डमा सहयोग लिन सक्छौँ ।




माध्यमिक तहमा इन्जिनियरिङ विषयमार्फत सिभिल, मेकानिकल र अटोमोबाइल पढाइन्छ । त्यसैगरी जुनियर कम्प्युटर टेक्निसियन, एयर कन्डिसनिङ एवम् रेफ्रिजेरेसन, इलेक्ट्रिकल, इलोक्ट्रोनिक्स, स्यानटरी, तथा सर्वे आदि विषयमा पनि जानकार व्यक्ति तयार पारिन्छ । स्वास्थ्य विषयबाछ अनमी (अक्जलरी नर्स मिडवाइफ) तथा सिएमए (कम्युनिटी स्वास्थ्य सहायक) एएएचडब्लु (आयुर्वेद), डेन्टल हाइजेनिस्ट, ल्याब एसिस्टेन्ट, आम्चि तथा अक्युपन्चरसम्बन्धी ज्ञान र सिप दिइन्छ । यी सबै पेसामार्फत देशको सेवा गर्ने माध्यम हुन् ।

विकास तथा व्यवस्थापन सम्बद्ध विषयबाट सामाजिक परिचालक, कार्यालय व्यवस्थापन र उद्यमशीलता आदि सम्बन्धी ज्ञान र सिप दिइन्छ । यस्तो विषयमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममार्फत गरी खाने शिक्षा प्रदान गरि

न्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले सामुदायिक विद्या( लयमा सञ्चालित प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गरिरहेको छ । यसले सामुदायिक विद्यालयहरूको स्थानीय स्रोत साधन, भवन, जग्गा, फर्निचर तथा अन्य सामग्रीहरूको उपयोग र परिचालन गरी प्राविधिक शिक्षा र व्यावसायिक तालिम सञ्चालन गर्ने मुख्य लक्ष्य लिएको छ ।

प्राविधिक पेसाकर्मीका लागि लामो अवधि र छोटो अवधिको गरी दुई किसिमका तालिम दिने गरिन्छ । नेपालमा पेसाका लागि छोटो अवधिको प्राविधिक तालिम १५ महिना र २९ महिनाको हुन्छ । यस किसिमको तालिम पाउने व्यक्तिहरूले प्राविधिक एसइइको प्रमाणपत्र पाउँछन् । २९ महिने तालिमका लागि दश कक्षा र १५ महिने तालिमका लागि एसइइ उत्तीर्ण भएको हुनुपर्दछ । लामो अवि( धको प्राविधिक तालिममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले सञ्चालन गर्ने तीन बर्से डिप्लोमा/प्रमाणपत्र तह पनि पर्दछन् ।

नेपालमा व्यावसायिक तालिमहरू एक दिनदेखि लिएर तीन महिनासम्मका हुन्छन् । पशु स्वास्थ्य कार्यकर्ता, मौरीपालन, बेमौसमी तरकारी खेती, च्याउ खेती र फलफूल नर्सरी र गार्डेनिङका बारेमा तालिम लिएर सेवा सञ्चालन गर्न सकिन्छ । त्यसैगरी कुकिङ, बेकिङ, हाउस किपिङ, बिजुली जडान र प्लम्बिङ जस्ता काम पनि तालिमबाट सिक्न सकिन्छ । डकर्मी तालिम, कम्प्युटर, रेडियो/टिभी/ मोबाइल मर्मत र फोटोग्राफीका लागि तालिम उपयुक्त माध्यम हो । ब्युटिसियन तालिम पनि छोटो अवधिका मुख्य व्यावसायिक तालिम हो । यसर्थ छोटो अवधिका व्यावसायिक तालिमले हामीलाई सम्बन्धित पेसामा प्रवेश गर्न मदत गर्छ ।

शिक्षाले हामीलाई विशेष क्षेत्र र उद्योगहरूमा काम गर्न आवश्यक ज्ञान तथा सिप प्रदान गर्दछ, जसमध्ये धेरैको उच्च माग पनि छ । शिक्षाले हामीलाई नवीनतम प्रविधि र उद्योग विकासहरूसँग अद्यावधिक रहन मद्दत गर्दछ । यसले हामीलाई हाम्रो पेसा तथा सेवाका क्षेत्रमा प्रतिस्पर्धी रहन उत्प्रेरित गर्छ ।



यसले अर्थतन्त्रमा प्रभाव पार्छ किनकि यसले व्यवसायहरू विस्तार गर्न र नयाँ रोजगारीका अवसरहरू सिर्जना गर्न सघाउँछ ।

## क्रियाकलाप

१. तपाईंको बसोबास क्षेत्रमा बस्ने सेवाकर्मीको नाम, सेवा दिने कार्यालय र सेवाको प्रकृतिका बारेमा जानकारी हासिल गरी तालिकामा प्रस्तुत गर्नुहोस् ।

२. कागेश्वरी नगरपालिकाबाट कुनै क्षेत्र (शिक्षा, स्वास्थ्य, कृषिलगायत) मा कार्यरत विज्ञलाई कक्षामा आमन्त्रण गर्नुहोस् र नगरपालिकाबाट भइरहेका कार्यक्रम र भावी योजनाका बारेमा अन्तरक्रिया सञ्चालन गर्नुहोस् र यसबाट जानकारीलाई बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

३. तपाईं भावी दिनमा अपनाउने कुनै पेसा छनोट गर्नुहोस् । त्यस पेसाका लागि तपाईंले गर्नैपर्ने पूर्वतयारीको योजना बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) पेसागत शिक्षा किन चाहिन्छ ?

(ख) इन्जिनियरिङ क्षेत्रअन्तर्गत कुन कुन सेवा पर्दछन् ?

(ग) नेपालमा कस्ता कस्ता तालिम अभ्यासमा रहेका छन् ?

(घ) तपाईंको रुचि कुन पेसासँग सम्बन्धित छ ? भावी दिनमा तपाईं यस पेसाबाट कस्ता सेवा दिन चाहनुहुन्छ ?

(ङ) के सबै मानिस पेसाकर्मी हुन आवश्यक छ ? आफ्नो विचार बुँदागत रूपमा प्रस्तुत गर्नुहोस् ।

पाठ २३


# शिक्षण पेसा

## पाठ प्रवेश

**तलका चित्र हेर्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**







(क) चित्रहरूमा के भइरहेको छ ?

(ख) तपाईँलाई कुन तरिका मन पर्‍यो ? किन ?

(ग) यदि तपाईँ शिक्षक हुनुभयो भने कक्षामा सिकाइ रोचक बनाउन के के गर्नुहुन्छ ?

## अध्यापन कार्य

विद्यार्थी ज्ञान तथा सिपयुक्त नैतिक, अनुशासित र सच्चरित्रवान् हुनुपर्छ । प्राचीनकालमा अध्यापकहरूलाई गुरु, उपाध्याय र आचार्य भनिन्थ्यो । ज्ञान, सिप, संस्कार तथा आचरण सिकाउने व्यक्ति गुरु हुन् । यसर्थ आमाबुबा, वन्धुवान्धवलगायत सबै हाम्रा गुरु हुन् । जीविकाका लागि शिक्षा दिने व्यक्ति उपाध्याय हुन् । यसर्थ उपाध्यायले पेसाकर्मी हुन उत्प्रेरित गर्छन् । कतिपय अवस्थामा शिक्षकले नै उपाध्यायको भूमिका निर्वाह गर्छन् । शिक्षालाई संस्कार तथा पेसाभन्दा माथि रहेर सिकाउने व्यक्तिलाई आचार्य भनिन्छ । आचार्यको स्थान अरूको भन्दा ऊँचो हुन्छ । प्राचीनकालमा यिनै आचार्यमध्ये जसले दश हजार विद्यार्थीलाई एकैचोटि आवास, भोजनसहित निःशुल्क पढ्ने पढाउने व्यवस्था गर्थे त्यस्ता आचार्यलाई कुलपति भनिन्थ्यो । यसको प्रमाणका रूपमा यसलाई लिन सकिन्छ - **मुनीनां दशसहस्रं योऽन्नपानादिपोषणात् अध्यापयति विप्रर्षिरसौ कुलपतिः स्मृतः ।**

हिजोआज पनि हामी विश्वविद्यालय तथा एकेडेमीमा रहने सर्वोच्च व्यक्तिलाई कुलपति नै भन्दछौँ ।



आधुनिक मान्यताअनुसार पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिहरू हासिल गर्न गराउन गरिने क्रियाकलाप सञ्चालनको समग्र स्वरूप नै अध्यापन कार्य हो । अचेल अध्यापन गर्ने व्यक्तिलाई शिक्षक भनिन्छ । सिक्नु सिकाउनु नै अध्यापनको एक मात्र लक्ष्य हो । लक्षियत सक्षमता र सिकाइ उपलब्धिका आधारमा हासिल गरिने ज्ञान, सिप, मूल्य, अभिवृत्ति र कार्यतत्परताको समष्टि रूप अध्यापन हो । यस प्रकारका सिकाइ विद्यालय तथा कलेजबाट प्राप्त हुन्छ ।

विद्यालय वा कलेजको सञ्चालन गर्ने शिक्षक, प्राध्यापक, प्रधानाध्यापक र प्राचार्यको विशेष भूमिका रहने गर्दछ । उनीहरूलाई सहयोग गर्न हिजोआज विद्यालय व्यवस्थापन समिति, कलेज सञ्चालक समिति तथा अभिभावकको पनि भूमिकालाई कानुनी रूपमा सुनिश्चित गरिएको छ । विद्यालयमा शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्ने अध्यापकलाई शिक्षक भनिन्छ । अर्थात् विद्यालयका कक्षामा सिकाइ सहजीकरणका लागि आवश्यक क्रियाकलापहरू गर्ने र गराउने व्यक्ति नै शिक्षक हुन् । यसर्थ तोकिएको विषयको शिक्षणका लागि पाठयोजना तयार पारी प्रभावकारी रूपले अध्यापन गर्नु शिक्षकको मुख्य कार्य हो । शिक्षकले हरेक विद्यार्थीको सर्वाङ्गीण विकासका लागि चाहिने शैक्षणिक तथा अतिरिक्त क्रियाकलापसमेत सञ्चालन गर्छन् ।

नेपालमा प्रायः स्नातकदेखि माथि अध्यापन गर्ने अध्यापकलाई प्राध्यापक भन्छन् । प्राध्यापकले सिकाइ सहजीकरणका क्रममा विद्यार्थीमा उच्चस्तरका ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्पररतालाई विशेष रूपमा जोड दिन्छन् । यसर्थ शिक्षक वा प्राध्यापकले विद्यार्थी रुचि, आवश्यकता, सन्दर्भ र विद्यार्थीको मनोविज्ञान समे तलाई बुझी क्रियाकलाप सञ्चालन गर्न सक्ने हुनुपर्छ । उनीहरूलाई उत्प्रेरित गर्दै सम्बन्धित विषयसम्बन्धी गुणस्तरीय र व्यावहारिक शिक्षणसिकाइ गर्नुपर्छ । अतः सिकाइ सहजीकरण अत्यन्तै विशेष पेसा हो । यसले सबै क्षेत्रका जनशक्ति उत्पादन गर्दछ ।

सामान्यतया विद्यालयको प्रमुखलाई प्रधानाध्यापक र कलेजको प्रमुखलाई प्राचार्य

भनिन्छ । विद्यालय तथा कलेजको असल नेतृत्वबाट दैनिक कार्य सुचारु रूपले सञ्चालन गर्नु नै प्रधानाध्यापक वा प्राचार्यको प्रमुख कार्य हो । यिनले सिकारुको अध्यापनलाई प्राथमिकतामा राखी प्रभावकारी रूपमा शिक्षण सिकाइ सञ्चालन गर्छन् । प्रधानाध्यापक वा प्राचार्यको सबल नेतृत्व तथा निरीक्षणमा विद्यार्थीको पठनपाठनसम्बन्धी व्यवस्थापन गरिन्छ ।

पेसा र शिक्षा एकआपसमा अन्तरसम्बन्धित हुन्छन् । कुनै पनि राष्ट्र, समाज र व्यक्तिको सामाजिक तथा आर्थिक विकासमा शिक्षा र पेसाको विशेष योगदान रहेको हुन्छ । शिक्षा तथा पेसाको माग बजारले गर्ने गर्छ । त्यो मागअनुरूप शिक्षाले आवश्यक सिपयुक्त दक्ष जनशक्ति उत्पादन गर्छ । यस्ता जनशक्तिहरू उत्पादन गर्नका लागि कलेज, प्राविधिक शिक्षालय र तालिम केन्द्रहरूको स्थापना भएका हुन्छन् । यसर्थ चिकित्सा, इन्जिनियरिङ, कृषि, वन, वित्त, पर्यटन, शिक्षण तथा सार्वजनिक सेवा पेसाका क्षेत्रहरू हुन् । हरेक क्षेत्रका पेसाहरू आधारभूत, मध्यम र उच्च स्तरीय हुन्छन् । यी सबैका लागि शिक्षा चाहिन्छ । हामीले के बुझ्नु पर्छ भने चिकित्सा क्षेत्रका सहायक स्वास्थ्य कार्यकर्ता (अ.हे.व.) आधार भूत जनशक्ति हुन् भने स्वास्थ्य सहायक (हे.अ.) मध्यम स्तरीय जनशक्ति हुन् । चिकित्सकहरू उच्च स्तरीय जनशक्तिमा पर्छन् । हामीले जे बन्न चाहेको हो त्यसैका आधारमा शिक्षा हासिल गर्नुपर्छ । उहाहरणका लागि चिकित्सा क्षेत्र निकै व्यापक क्षेत्र हो । यसमा फार्मेसी, अप्थाल्मोलोजी, नर्सिङ, फिजियोथेरापी, डेन्टिस्ट्रीलगायत चिकित्सा क्षेत्रसँग सम्बन्धित पेसामा पर्छन् । यी सबै शिक्षाबाट प्राप्त हुन्छन् । अतः हामीले यिनीहरू छुट्टाछुट्टै रूपमा बुझ्नु बुझाउनु हुँदैन ।

## क्रियाकलाप

१. साथीको समूह बनाई आफ्‌ना र वरपरका विद्यालयका शिक्षकहरूको सूची तयार पार्नुहोस् :

| नाम | अनुभव (वर्षमा) | पढाउने विषय |
|---|---|---|
| | | |
| | | |

२. तपाईंलाई मन पर्ने विषयमा तपाईंको शिक्षकले जस्तै तयारी गरी नमुना कक्षा शिक्षण गर्नुहोस् । त्यसका बारेमा शिक्षक र साथीहरूको सुझाव पनि सङ्कलन गर्नुहोस् ।

३. तपाईँको अभिभावकलाई मनपर्ने शिक्षक कार्य उहाँलाई नै सोधी तपाईँलाई मन पर्ने शिक्षकको कार्यबिच समानता र भिन्नता पहिचान गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यास

(क) **अध्यापन भनेको के हो ?**

(ख) **शिक्षण क्षेत्रसाग सम्बन्धित जनशक्तिका नाम लेख्नुहोस् ।**

(ग) **तपाईँ विद्यालयका शिक्षक तथा प्रधानाध्यापकका कामहरू के के हुन् ? उहाँसगै सोधी लेख्नुहोस् ।**

(घ) **तपाईँ कुनै विद्यालयको प्रधानाध्यापक हुनुभयो भने विद्यालयको व्यवस्थापन कसरी गर्नुहुन्छ, लेख्नुहोस् ।**


पाठ **२४**

# कृषि र व्यापार

## पाठ प्रवेश

**तलका चित्र हेर्नुहोस् र सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**



(क) चित्रमा जस्तै हामीले के के उत्पादन गरेका छौँ ?

(ख) हामी तरकारी तथा फलफूल कहाँ कहाँ उत्पादन गर्न सक्छौँ ?

(ग) तरकारी तथा फलफूल कहाबाट किन्न तथा बेच्न सकिन्छ ?

(घ) के हाम्रो चित्रमा देखिएजस्तै फलफूल तथा तरकारी बजार वा पसल छन् त ?

# कृषि पेसा, उत्पादन र व्यापार

नेपाल कृषिप्रधान मुलुक हो । यस देशमा खासै उद्योग तथा व्यापार व्यवसाय फस्टाउन सकिरहेका छैनन् । तर कृषिलाई समयसापेक्ष रूपमा आधुनिकीकरण गर्न सकिएको छैन । यसका लागि अन्य क्षेत्रमा जस्तै कृषि क्षेत्रमा पनि उत्पादनकर्ता र पेसाकर्मीहरूको आवश्यकता छ । सामान्यतया कृषिसम्बद्ध विज्ञ र चिकित्सकहरूलाई कृषि पेसाकर्मी भनिन्छ । यस्ता पेसाकर्मीले प्राणी र वनस्पतिसम्बन्धी विज्ञता र अनुभव हासिल गरी सेवा गरिरहेका हुन्छन् । हाल नेपालमा त्रिभुवन विश्वविद्यालयको कृषि अध्ययन संस्थानबाट दक्ष जनशक्ति उत्पादन भइरहेको छ भने छुट्टै कृषि विश्वविद्यालयको समेत स्थापना भएको छ । त्यसैले तरकारी उत्पादनमा योगदान गरिरहेको कागेश्वरी नगरपालिकाले पनि सिक्न सक्ने छ ।

कृषि विज्ञले उब्जनी बढाउन राम्रा बिउको उत्पादन सिप सिकाउँछन् । बालीनालीमा लागेको रोग रोकथाम र उपचार गर्छन् । यसका लागि नयाँ नयाँ प्रविधिको प्रयोग र विकास गर्ने काम गर्छन् । माछा, मौरी तथा पशुपालनका लागि सहयोग गर्छन् । यसगरी पशुचिकित्सकले जनावर तथा चराचुरुङ्गीमा रोग तथा चोटपटकको पहिचान, रोकथाम र उपचार गर्नका लागि सहयोग गर्छन् । जनावर तथा चराचुरुङ्गीमा विभिन्न खाले रोग तथा चोटपटक लागेका हुन्छन् । दुग्धजन्य वस्तु र मासुको उत्पादन तिनै जनावर तथा चराचुरुङ्गीबाट भएको हुन सक्छ । तिनीहरू व्यावसायिक रूपमा पालन गर्दा पनि धेरै प्रकारका समस्या आउन सक्छन् । यी सबै समस्याको समाधान पशु चिकित्सकले गर्न सक्छन् ।

हामीले छत वा कौसीमा ठुला गमला, ड्रम, काटेका भाँडा, टिनको बट्टा एवम् भाँडा, काठ तथा प्लास्टिकको बाकसलगायतको प्रयोग गरी फलफूल तथा तरकारी उत्पादन गर्न सकिन्छ ।



**प्रयोगात्मक कार्य**

विद्यालयको छत भएमा विभिन्न प्रकारका बट्टा, गमला तथा प्लास्टिकका थैलामा माटो र मल मिसाउनुहोस् । त्यसपछि कक्षाका साथीहरूको चार समूह बनाउनुहोस् । हरेक समूहले मौसमअनुसारको तरकारी खेती गरी अभिभावकलाई प्रदर्शन गर्नुहोस् ।

हामीले घर तथा विद्यालयको करेसाबारीमा काउली बालीमा रायो तथा प्याज, लसुन बालीमा मुला, आलुबालीमा रायो, मुला तथा प्याज, लसुन बारीमा चम्सुर लगायत खेती गर्न सक्छौँ । हाम्रा अभिभावकले गरेको अभ्यासबाट पनि हामीले सिक्न सक्छौँ । यस्ता बालीलाई हामी घुसुवा बाली पनि भन्छौँ ।



**प्रयोगात्मक कार्य**

काठको बक्सा वा अन्य कुनै भाँडामा भन्टा, गोलभैँडा जस्ता फल लाग्ने बालीभित्र मुला, गाजर, सलगम जस्ता जरेबाली वा चम्सुर, पालुङ्गो, रायो जस्ता सागपात बाली आलोपालो गरी लगाउनुहोस् । काउली, बन्दा, पालुङ्गो जस्ता बालीपछि आलु, मुला, गाजर, सलगम जस्ता बारी सफा गर्ने बाली लगाउनुहोस् र अभिभावकलाई पनि अवलोकन गर्न अनुरोध गर्नुहोस् ।

उत्पादन गरिएका तरकारीलाई मौसमअनुसार भण्डारण पनि गर्नुहोस् । मौसमअनुसार उत्पादन भएका सबै तरकारी आफूले मात्र उपभोग गर्न सकिँदैन । ती तरकारी उचित मूल्यमा बिक्री वितरण पनि नहुन सक्छन् । यस्तो अवस्थामा तरकारीलाई धेरै दिनसम्म सुरक्षित रूपमा भण्डारण गर्नुपर्छ । सुरक्षित गर्दा त्यसको ताजापन पनि कायम राख्नुपर्छ । यसरी भण्डारण गरिएका तरकारी बेमौसममा बजारमा लैजाँदा त्यसको उचित मूल्य आउँछ ।

**प्रयोगात्मक कार्य**

इस्कुस, आलु, पिँडालुलगायत तरकारीलाई खाडल खनी बालुवा वा भुसभित्र गाडेर राख्नुहोस् । यसरी भण्डारण गर्दा तरकारी धेरै हप्तासम्म जस्ताको तस्तै रहन्छ कि रहँदैन भनी जाँच गर्नुहोस् । त्यसरी भण्डारण गरिएका तरकारी बजारमा माग बढेको बेलामा झिकी बिक्री वितरण गर्ने गर्नुहोस् ।

## क्रियाकलाप

१. तिमीहरूको घर, बस्ती वा सहरमा उब्जाएको तरकारी कसरी भण्डारण गरिन्छ ? अभिभावकसँग छलफल गरी आफूलाई मन परेको तरिका टिपोट गर्नुहोस् ।

२. तपाईंको क्षेत्रमा रहेका पशु स्वास्थ्यसम्बन्धी कार्यालयहरूको सूची तयार पार्नुहोस् ।

३. तपाईंको कक्षाका साथीको समूह निर्माण गर्नुहोस् । समूहका साथीको घर परिवार वा टोल छिमेकमा अन्नबाली र तरकारी खेती, माछा, मौरी तथा पशु पालन, बागवानीलगायतका क्षेत्र काम गर्दा आइपरेका समस्याका बारेमा सरसल्लाह गर्न कस्ता कस्ता जनशक्ति वा विशेषज्ञ बोलाउने गरिएको रहेछ ? त्यसको सूची बनाउनुहोस् ।

## अभ्यास

(क) को कृषि विज्ञ बन्न सक्छ ?

(ख) पशु चिकित्सकले गर्ने काम के के हुन् ?

(ग) तपाईँ तरकारी वा फूल वा कुनै जनावर हुर्काउनुभएको छ वा छैन ? छ भने त्यसका लागि के के गर्नुभयो ?

(घ) कम तापक्रममा कसरी तरकारी भण्डारण गरिन्छ, लेख्नुहोस् ।

(ङ) मौसमअनुसार तरकारी भण्डारण किन गर्नुपर्छ ? स्पष्ट पार्नुहोस् ।

पाठ २५

# पावर प्वाइन्ट प्रस्तुति

## पाठ प्रवेश

**चित्र हेर्नुहोस् र दिइएका प्रश्नका उत्तर दिनुहोस् :**






[redacted]

(क) चित्रमा के गरिएको हो ?

(ख) तपाईंलाई कालो/सेतो पाटीमा हेरेर पढ्न मन पर्छ कि अन्य कुनै विधिबाट ?

(ग) पावर प्वाइन्ट प्रस्तुति गर्नुभएको छ कि छैन ?

## पिपिटी कसरी बनाउने ?

प्यारा विद्यार्थी भाइबहिनीहरू ! आउनुहोस् सबैले शिक्षकको सहयोगमा आज पावर प्वाइन्ट बनाउन सिकौँ ।

तपाईंले हुर्काउनु भएको बिरुवा वा तरकारी खेतीका बारेमा बुँदा तयार पारौँ, जस्तै :

- राष्ट्रिय फूल लालीगुराँस
- क्रान्ति वा वीरताको प्रतीक
- रातो रङ
- मेरो मनपर्ने फूल र रङ

तयार पारिएका बुँदा टाइप गरौँ



त्यसलाई शिक्षकको सहयोगमा पावर प्वाइन्ट प्रस्तुतिमा राखौँ



त्यसपछि Save थिची फाइल सुरक्षित गर्नुहोस् । यसैगरी अर्को पनि थप गर्नुहोस्




यसर्थ सूचना, तथ्य, तथ्याङ्क, चित्र र ग्राफको संयोजन गरी थप रचनात्मक र अन्तरक्रियात्मक रूपमा जानकारी प्रस्तुत गर्नुलाई पावर प्वाइन्ट प्रस्तुति भनिन्छ। यसले समय र ऊर्जा वचत गर्छ । यो प्रस्तुति अभिलेखित हुने भएकाले एक पटक प्रस्तुति सिर्जना गरिसकेपछि, अद्यावधिक वा परिमार्जन गर्न सजिलो हुन्छ। यो विद्यार्थी र सहकर्मीहरूसँग सजिलै साझेदारी गर्न सकिन्छ । पावर प्वाइन्ट प्रस्तुतिले मल्टिमिडियामा आधारित प्रस्तुतिलाई सहयोग गर्दछ ।

## क्रियाकलाप

स्थानीय विषयमा पढेका विषयवस्तुका बारेमा पावर प्वाइन्ट प्रस्तुति तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् । यस क्रममा आइपरेका अप्ठ्याराका बारेमा जानकार व्यक्तिसँग सहकार्य गरी समाधान गर्नुहोस् ।

**अद्य वसन्तपञ्चमी पर्व अस्ति । अतः अद्य 'काँडाघारी' नामकस्थाने अवस्थितस्य गान्धी-.... माध्यमिक-विद्यालयस्य प्राङ्गणे सरस्वती-पूजा भवति । तस्मिन् अवसरे एकः जापानी-नागरिकः अतिथिरूपेण आगतः आसीत् । तं दृष्ट्वा शिष्याः गुरुणा सह वार्तालापं करोति । यथा -**



मेघराजः गुरो ! श्वः वसन्तपञ्चम्यावसरे अस्माकं विद्यालये सरस्वति-पूजनोत्सवे विशेषः किं भविष्यति ?

शिक्षकः श्वः प्रथमं वाग्देव्याः सरस्वत्याः स्तोत्रपाठं पूजनं च भविष्यति, ततः शिशवः अक्षरारम्भं करिष्यन्ति ।

पवनः सरस्वतीपूजनं केवलम् अस्माकं देशे एव भवति ? गुरो !

शिक्षकः न, सर्वत्र भवति । अहं गतमासे जापानदेशं गतवान् । तत्रापि अहं सरस्वत्याः एकां भव्यप्रतिमाम् अपश्यम् । तदा एकः जापानी अकथयत्– 'वसन्तपञ्चम्यां विद्यार्थिनः, संगीतकाराः अन्ये च ज्ञानाभिलाषिणः जनाः अत्र आगत्य देव्याः सरस्वत्याः पूजनं कुर्वन्ति' इति ।

सुनयना कथं गुरवः ! बौद्धधर्मिणां देशे अपि सरस्वति-पूजनम् ?

गुरुः मुग्धे ! अत्र जापानदेशस्य विद्वान् एकं लेखमलिखित् । प्रथमं एतं लेखं पठ तदा सर्वं ज्ञास्यसि ।

छात्राः अस्तु मान्याः, तावत् लेखं पठिष्यामः । सहायतां करोतु खलु ।

गुरुः शोभनम् । सर्वप्रथमं वन्दनां कुर्मः -

**शुक्लां ब्रह्मविचारसारपरमामाद्यां जगद्व्यापिनीं,**
**वीणा-पुस्तकधारिणीमभयदां जाड्यान्धकारापहाम् ।**
**हस्ते स्फाटिकमालिकां विदधतीं पद्मासने संस्थितां,**
**वन्दे तां परमेश्वरीं भगवतीं बुद्धिप्रदां शारदाम् ॥**

# पाठ २६ जापानदेशे सरस्वती

– उपप्रा. मिचिहिरो नारिता

हिन्दूधर्मे प्रसिद्धानां विविधानां देवदेवीनां मध्ये सरस्वती विद्यायाः, वाण्याः च अधिष्ठातृत्वेन प्रसिद्धाऽस्ति । हिन्दूसमाजे माघशुक्लपञ्चम्यां सरस्वत्याः पूजनं विधीयते । अत एव माघशुक्लपञ्चमी 'श्रीपञ्चमी' इति नाम्नाऽपि प्रसिद्धा वर्तते । ऋग्वेदस्य दशममण्डले (१०-७५-५) सप्तसिन्धूनां मध्ये 'सरस्वती' अपि नदीत्वेन स्तुता अस्ति । वैदिकवाङ्मये पवित्रतायाः, शुद्धतायाः, समृद्धेः, शक्त्याः च प्रतीकरूपेणापि नदीनां स्तुतिः कृता अस्ति । अतः 'सरस्वती' अपि भारतवर्षस्य सप्तसिन्धूनाम् मध्ये एका पवित्रभूता 'नदी' आसीत् इति स्पष्टं भवति ।



वस्तुतः सरस्वत्याः अस्तित्वं न केवलं हिन्दूसमाजे एव, अपितु बौद्धधर्मस्य प्रचार प्रसारक्रमे जापानदेशेऽपि अस्याः अस्तित्वं प्रविष्टं विलोक्यते । हिन्दूधर्मे प्रसिद्धा इयमेव सरस्वती जापानदेशीयबौद्धधर्मेऽपि देवीत्वेन प्रसिद्धा विलोक्यते । जाप(नीभाषायां 'बेन्जाइ-तेन्' इत्यनेन भगवत्याः सरस्वत्याः बोधः भवति । जापानदेशेऽपि सरस्वत्याः (बेन्जाइ-तेन्) मन्दिराणि प्रायः नदीनां तडागादीनां च तटे निर्मितानि वर्तन्ते । यतोहि पवित्रजलेन सह सरस्वत्याः सम्बन्धः वैदिकपरम्पर।मूलकः अस्ति । भारतवर्षवत् जापानदेशेऽपि सरस्वती विद्यायाः, सौभाग्यस्य च अधिष्ठातृत्वेन समादृताऽस्ति । अत एव अत्रत्या विद्यानुरागिणः विद्यार्थिनः,

संगीतानुरागिणः संगीतकाराः, अन्ये च सौभाग्याभिलाषिणः जनाः सरस्वतीमन्दिरं समागत्य भावपूर्णां प्रार्थनां कुर्वन्ति ।

जापानदेशे न केवलं हिन्दूसमाजे प्रसिद्धायाः सरस्वत्याः एव प्रसिद्धिः अस्ति, अपितु तत्र ब्रह्मा-इन्द्र-शिव-विष्णु-यम-कुवेर-लक्ष्मीप्रभृतीनां हिन्दूधर्मग्रन्थेषु प्रसिद्धानां देवदेवीनामपि प्रभावः वर्तते । तत्र 'बोन्-तेन्' इति शब्देन ब्रह्मा, 'ताइस्याकु-तेन्' इति शब्देन इन्द्रः, 'दाइकोकु-तेन्' इति शब्देन शिवः, 'विच्यु-तेन्' इति शब्देन विष्णुः, 'एम्मा' इति शब्देन यमः, 'कोन्पिरा' इति शब्देन कुबेरः, 'किस्यो-तेन्' इति शब्देन लक्ष्मीः इति अवगम्यन्ते । हिन्दूधर्मस्य सैद्धान्तिकः सांस्कृतिकः च प्रभावः जापानदेशे अतीव वर्तते । तथैव संस्कृतभाषायाः कतिपये शब्दाः अपि जापानीभाषायां प्रचलिताः सन्ति । प्राचीनकालादेव हिन्दूसभ्यता सांस्कृतिकदृष्ट्या एशियामहादेशस्य केन्द्रबिन्दुः आसीत् । अत एव एशिया महादेशस्य इतिहासविषये अपि हिन्दूधर्मस्य वैज्ञानिकं तथ्यपूर्णं चाध्ययनं वर्तमानकाले अत्यावश्यकमस्ति ।

## अभ्यास

१. **शुद्धतया उच्चारयत**

प्रसिद्धा, वाण्याः, वैदिकवाङ्मये, अधिष्ठातृत्वेन, सप्तसिन्धूनाम्, तथ्यपूर्णम् ।

२. **पाठस्य द्वितीयस्य अनुच्छेदस्य द्रुतपाठं कुरुत ।**

३. **एकपदेन उत्तराणि लिखत**

(क) का विद्यायाः अधिष्ठात्री देवी ?

(ख) सरस्वती कीदृशी नदी आसीत् ?

(ग) जापानीभाषायां सरस्वत्याः नाम किम् ?

(घ) सरस्वत्याः सम्बन्धः केन सह वर्तते ?

(ङ) जापानदेशे सरस्वत्याः मन्दिराणि कुत्र निर्मितानि वर्तन्ते ?

## ४. पूर्णवाक्येन उत्तरत

(क) हिन्दूसमाजे कदा सरस्वत्याः पूजनं विधीयते ?

(ख) वैदिकवाङ्मये कासां प्रतीकरूपेण नदीनां स्तुतिः कृतास्ति ?

(ग) सौभाग्याभिलाषिणः जनाः सरस्वत्याः मन्दिरे किं कुर्वन्ति ?

(घ) जापानदेशे सरस्वती केन रूपेण समादृतास्ति ?

(ङ) हिन्दूसभ्यता सांस्कृतिकदृष्ट्या कस्य केन्द्रबिन्दुः आसीत् ?

## ५. कोष्ठकात् उपयुक्तम् अव्ययपदं चित्वा रिक्तस्थानं पूरयत ।

(क) ............ रामनवमी अस्ति ।

(ख) श्रीपञ्चमी ................ भविष्यति ?

(ग) ............. वसन्त-ऋतुः भवति .................... पिकाः कूजन्ति ।

(घ) भोः बालक ! त्वं ......................... धावसि ?

(ङ) यूयं ...................... गृहकार्यं पूर्णं कुरुत ।

(च) नद्यः ........................ शरदृतौ स्वच्छाः भवन्ति ।

(छ) ...................... परीक्षाकालः .................... पीयूषः न पठति ।

(ज) सः सम्यक् पठति ........................ प्रथमः भवति ।

(झ) लते ! वनं मा गच्छ, .................... भल्लूकः अस्ति ।

(ञ) रामः अवदत् – 'अहं संस्कृतम् ..................पठामि' ..................।

**एव, प्रायः, तथापि, इति, कदा, यद्यपि, अतः एव, तत्र, अपि, यदा–तदा, किमर्थम्, सदैव, अद्य ।**

६. **अधोलिखितम् अनुच्छेदं पठित्वा उत्तराणि लिखत ।**

अहम् एका नदी अस्मि । पर्वतेभ्यः निर्गत्य अहं क्षेत्रेषु आगच्छामि । तदा मम सलिलं शीतलं मधुरं च भवति । शनैः शनैः अहं सागरं प्रति गच्छामि । मम तटेषु हरिताः वृक्षाः भवन्ति । तेषां वृक्षाणाम् उपरि काकाः, चटकाः, शुकाः, कोकिलाः, मयूराः वानराः च वसन्ति । पक्षिणां कलरवैः बालकानां क्रीडनैः च मम तटाः गुञ्जायमानाः भवन्ति । परं केचन जनाः अत्रागत्य मनोरञ्जनं कृत्वा खादित्वा भोजनस्य अवशिष्टं भागं मम जले एव पातयन्ति । तथैव अवकरैः मम जलं दूषितं भवति । दूषितं जलं स्वास्थ्याय अहितकरं भवति । अतः अहं दुःखिता अस्मि ।

(अ) एकपदेन उत्तरत ।

(क) अहं का अस्मि ?

(ख) दूषितं जलं कस्मै अहितकरं भवति ?

(आ) पूर्णवाक्येन उत्तरत ।

(क) वृक्षाणाम् उपरि के के तिष्ठन्ति ?

(ख) नद्याः तटाः कथं गुञ्जायमानाः भवन्ति ?

७. **अधोलिखितं संवादं मञ्जूषायां प्रदत्तैः उचितशब्दैः पूरयत**

रामः – कृष्ण ! तव प्रियं पुस्तकं किमस्ति ?

कृष्णः – मम प्रियं पुस्तकं ....................अस्ति ।

रामः – ..........................लेखकः कः ?

कृष्णः – ........................ रामायणस्य लेखकः ।

रामः – रामायणस्य कः . .........................?

कृष्णः – .................रामायणस्य नायकः ।

रामः – रामः कस्य ................आसीत् ?

कृष्णः – रामः ....................ज्येष्ठः पुत्रः आसीत् ।

रामः – रामस्य . ...................कीदृशम् आसीत् ?

कृष्णः – ..............चरित्रम् उदात्तम् अनुकरणीयं चास्ति ।

रामः – नमः ................महापुरुषाय ।

**मञ्जूषा**

(**रामायणस्य, पुत्रः, नायकः, रामायणम्, एतादृशाय, रामस्य, रामः, दशरथस्य, चरित्रम्, वाल्मीकिः**)

८. **अधस्तनं चित्रं दृष्ट्वा मञ्जूषासहायतया कथां पूरयत**

एकः ..... आसीत् । सरोवरे एकः कच्छपः वसति स्म । प्रतिदिनं तत्र ..... बालाः ..... स्म । बालाः ..... पीडयन्ति स्म । सरोवरे जलक्रीडार्थं ..... अपि आगच्छन्ति स्म । एकदा द्वौ ..... बालकैः कच्छपस्य पीडनं ..... दुःखितौ अभवताम् । "आवां द्वौ मिलित्वा एतं कच्छपम् ..... सरोवरे ....." इति उपायं ..... तौ काष्ठखण्डसहायतया स्वचञ्चुभ्याम्, आकाशे उड्डयनेन ..... सरोवरस्थलमनयताम् । तत्र कच्छपः ..... जीवनमयापयत् । एवं हंसाभ्यां कच्छपस्य ..... कृतः ।

**मञ्जूषा**

**क्रीडन्ति, सरोवरः, कच्छपम्, दृष्ट्वा, विचिन्त्य, आगत्य, नयावः, हंसौ, अन्यस्मिन्, निर्जनम्, उद्धारः, सुखपूर्वकम्, हंसाः ।**

# पाठ २७ विद्यार्थिनः कुतः सुखम्

**अनेकसंशयोच्छेदि परोक्षार्थस्य दर्शकम् ।**
**सर्वस्य लोचनं शास्त्रं यस्य नास्त्यन्ध एव सः ॥**
**अजरामरवत् प्राज्ञो विद्यामर्थञ्च चिन्तयेत् ।**
**गृहीत इव केशेषु मृत्युना धर्ममाचरेत् ॥**
**सुखार्थी चेत् त्यजेद् विद्यां विद्यार्थी चेत् त्यजेत् सुखम् ।**
**सुखार्थिनः कुतो विद्या विद्यार्थिनः कुतः सुखम् ॥**

१

**अन्वयः**

अनेकसंशयोच्छेदि परोक्षार्थस्य दर्शकं शास्त्रं सर्वस्य लोचनं यस्य नास्ति, अन्धः एव सः ।

**सरलार्थः**

अनेकेषां संशयानां निवारकं चक्षुर्भ्यां दूरस्थस्यापि वस्तुनः बोधकञ्च शास्त्रं सर्वस्य मानवसमुदायस्य चक्षुरेव अस्ति । यस्य एतादृशं शास्त्रज्ञानं नास्ति स नेत्रहीनः अन्धः एव भवति ।

२

**अन्वयः**

प्राज्ञः अजरामरवत् विद्याम् अर्थं च चिन्तयेत् गृहीतः इव केशेषु मृत्युना धर्मम् आचरेत् ।

**सरलार्थः**

मम कदापि मृत्युर्न भविष्यति, वृद्धश्च न भविष्यामि इति विचिन्त्य विद्यायाः धनस्य च अर्जनं कुर्यात् । पुनः पुण्यकार्यस्य आचरणन्तु इदानीमेव मृत्युदेवः स्वकेशान् गृहीत्वा स्थितः अस्ति इति विचार्य कुर्यात् ।

३

**अन्वयः**

सुखार्थी चेत् विद्यां त्यजेत् विद्यार्थी चेत् त्यजेत् सुखम्, सुखार्थिनः कुतः विद्या, विद्यार्थिनः कुतः सुखम् ?

**सरलार्थः**

यः सुखमिच्छति स विद्यां त्यजतु । यः विद्यामिच्छति स सुखं त्यजतु । यतो हि, सुखेच्छुकाय विद्या न मिलति, विद्येच्छुकाय च सुखं न मिलति ।

## अभ्यासः

१. **पाठस्य श्लोकानां गतियतिसंयोजनेन सामूहिकवाचनं कुरुत ।**

२. **सङ्ख्याधारेण अन्वयक्रमं संयोजयत**

(क) अनेकसंशयोच्छेदि (१), परोक्षार्थस्य (२), दर्शकम् (३), सर्वस्य (५) लोचनम् (६), शास्त्रम् (४), यस्य (७), नास्ति (८), अन्धः (१०), एव (११), सः (९) ।

(ख) अजरामरवत् (२), प्राज्ञः (१), विद्याम् (३), अर्थम् (४), च (५), चिन्तयेत् (६), गृहीतः (९), इव (१०), केशेषु (८), मृत्युना (७), धर्मम् (११), आचरेत् (१२) ।

(ग) सुखार्थी (१), चेत् (२), त्यजेत् (४), विद्याम् (३), विद्यार्थी (५), चेत् (६), त्यजेत् (८), सुखम् (७), सुखार्थिनः (९), कुतः (११), विद्या (१०), विद्यार्थिनः (१२): कुतः (१४), सुखम् (१३) ।

३. **श्लोकांशान् परस्परं मेलयत**

| | |
|---|---|
| सर्वस्य लोचनं शास्त्रम् | परोक्षार्थस्य दर्शकम् |
| गृहीत इव केशेषु | विद्यार्थिनः कुतः सुखम् |
| सुखार्थिनः कुतो विद्या | विद्यामर्थञ्च चिन्तयेत् |
| अजरामरवत् प्राज्ञः | मृत्युना धर्ममाचरेत् |
| अनेकसंशयोच्छेदि | यस्य नास्त्यन्ध एव सः |

४. **पाठाधारेण शुद्धवाक्ये 'आम्', अशुद्धवाक्ये 'न' इति लिखत**

(क) शास्त्रम् अनेकशङ्कानाम् उच्छेदं करोति । ( )

(ख) सुखेच्छुकाय विद्या मिलति । ( )

(ग) जनः शास्त्रं विना अन्धः भवति । ( )

(घ) यः ज्ञानमिच्छति स सुखं त्यजतु । ( )

(ङ) दन्तेषु मृत्युना गृहीत इव धर्ममाचरेत् । ( )

५. **सरलार्थाधारेण अधस्तनान् प्रश्नान् उत्तरत**

(क) शास्त्रं कीदृशस्य वस्तुनः बोधकमस्ति ?

(ख) किं विचिन्त्य धनस्य अर्जनं कुर्यात् ?

(ग) विद्येच्छुकाय किं न मिलति ?

(घ) मानवसमुदायस्य चक्षुरेव किम् अस्ति ?

(ङ) मृत्युदेवः कान् गृहीत्वा स्थितः अस्ति ?

## ६. पाठाधारेण सरलार्थं लिखत

(क) सुखार्थी चेत् त्यजेद् विद्यां विद्यार्थी चेत् त्यजेत् सुखम् ।
सुखार्थिनः कुतो विद्या विद्यार्थिनः कुतः सुखम् ॥

## ७. पर्यायवाचिशब्दानां मेलनं कुरुत

| | |
|---|---|
| दर्शकम् | लोचनम् |
| निवारकम् | दुःखम् |
| चक्षुः | बोधकम् |
| सुखम् | उच्छेदि |
| विद्या | पुण्यम् |
| अमरः | ज्ञानम् |
| धर्मः | मरणरहितः |
| विद्यार्थी | सम्पत्तिः |
| आचरणम् | ज्ञानार्थी |
| धनम् | करणम् |

## ८. अधोलिखितश्लोकं पुस्तिकायां लिखित्वा प्रश्नान् उत्तरत

**विदेशेषु धनं विद्या व्यसनेषु धनं मतिः ।**
**परलोके धनं धर्मः शीलं सर्वत्र वै धनम् ॥**

(अ) एकपदेन उत्तरत

(क) विद्या कुत्र धनं भवति ?

(ख) सर्वत्र धनं किम् ?

(आ) पूर्णवाक्येन उत्तरत

(क) परलोके धनं कः भवति ?

(ख) का व्यसनेषु धनं भवति ?

१०. **शिक्षकस्य सहयोगं गृहित्वा विशेष्य–विशेषणपदानां मेलनं कुरुत**

| | |
|---|---|
| प्राज्ञः | सैनिकः |
| वीरः | उद्यानम् |
| सुशीला | महिला |
| सुन्दरम् | जनः |

११. **"पुनः मूषको भव" इति कथामाधृत्य मञ्जूषासहायतया संवादं पूरयत**

मुनिः : अयि मूषक ! त्वं ..... बिभेषि ?

मूषकः : महामुने ! अहं बिडालात् ..... ।

मुनिः : तर्हि त्वमपि ..... भव ।

(पश्चात् मुने ..... एव बिडालः क्रमशः कुक्कुरः, सिंहः च ..... । कदाचित् सिंहः चिन्तयति यत् .... अयम् ... मां निन्देत् । अतः प्रथमम् एनमेव .....।)

मुनिः : (कोपात्) त्वम् ..... । अतः त्वं पुनः ..... भव ।

**मञ्जूषा**

**मूषको, बिभेमि, कस्मात्, बिडालः, मुनिः, कृतघ्नोऽसि, खादामि, वरदानैः, अभवत् ।**

पाठ २८

# विज्ञानस्य चमत्कारः

वर्तमानयुगं विज्ञानस्य युगं वर्तते । अधुना विज्ञानस्य प्रभावः प्रयोगः च सर्वत्र दृश्यते । विज्ञानं मानवजीवनेन सह अभिन्नमस्ति । विशिष्टं ज्ञानं क्रमबद्धज्ञानं वा विज्ञानं कथ्यते । विज्ञानं ज्ञानस्य प्रमाणरूपं भवति । विज्ञानेन आविष्कृतानि वस्तूनि उपकरणानि च अस्मान् महद् उपकुर्वन्ति ।

जगति बहूनि वैज्ञानिकानि अनुसन्धानानि विहितानि सन्ति । भविष्यति अपि क्रमः अयं सततं चलिष्यति । विद्युच्चुल्लिका, रेलयानम्, जलयानम्, वायुयानम्, आकाशवाणी, दूरदर्शनम्, दूरभाषः चलभाषश्चेति वस्तूनि अस्माकं जीवनं सुखकरं कुर्वन्ति । आधुनिके जीवने इमानि वैज्ञानिकसाधनानि परमावश्यकानि सन्ति । विद्युच्छक्त्या अधुना बहूनि कार्याणि सम्पाद्यन्ते । विद्युद्दीपकः क्षणेनैव अन्धकारं नाशयति । तापायापि शीतायापि विद्युदेव उपयुज्यते ।

पुरा जना दीर्घकाले अश्वेन, गजेन, रथेन उष्ट्रेण वा आवागमनं कुर्वन्ति स्म । अधुना यातायातस्य साधनानि सुलभानि सन्ति । एभिः स्वल्पे एव समये सुदूरं देशमपि गन्तुं शक्यते । आकाशवाण्या जना देशविदेशानां समाचारान् श्रोतुं शक्नुवन्ति । अनया गीतसङ्गीतसूचनाविज्ञापनानि च वयं गृहे एव स्थित्वा श्रोतुं पारयामः । दूरदर्शने वयं चित्राणि अपि द्रष्टुं शक्नुमः ।

तेन एकतो मनोरञ्जनम् अन्यतो ज्ञानवृद्धिश्च जायते । दूरभाषयन्त्रम् अद्यतने व्यस्तजीवने अत्युपयोगि वर्तते । चलभाषोपकरणेन तु येन केनापि जनेन सह तत्कालमेव सम्पर्को भवति ।

विकसितदेशैः मङ्गलग्रहेऽपि प्रक्षेपणयानं प्रेषितं वर्तते । ग्रहान्तरस्य ज्ञानमपि विज्ञानादेव प्राप्यते । विज्ञानस्य चमत्कारेण जनाः चन्द्रमसं प्राप्नुवन् । मुद्रणयन्त्रस्य

आविष्कारात् सञ्चारजगति क्रान्तिः सम्भूता वर्तते ।

चिकित्साक्षेत्रमपि विज्ञानेन अधिकमुपकृतं वर्तते । सूचिकया, शल्यचिकित्सया एक्सकिरणसहाय्येन च मानवस्य स्वास्थ्योपचारे महती सहायता मिलिता वर्तते । विविधानां रोगाणां शमनाय निर्मितानि औषधानि अपि विज्ञानस्यैव वरदानमस्ति । सम्प्रति जगति सर्वत्र सुसाङ्ख्योपकरणम् उपयुज्यते । अनेन दुष्कराणि अपि कार्याणि सरलतया शीघ्रं पूरयितुं शक्यन्ते । यन्त्रमानवस्य निर्माणमपि विज्ञानस्यैव चमत्कारो मन्यते । जटिलकार्याणि विधाय उपकरणमिदं मानवानां सहयोगं कुर्वन्ति । सम्प्रति वैज्ञानिकैः घातकानि आयुधान्यपि निर्मितानि सन्ति । एतदपि विज्ञानस्यैव परिणामो वर्तते । विज्ञानस्य सदुपयोगो विकासाय भवति । विज्ञानस्य सदुपयोगात् अस्माकं जीवने उपकार एव जायते ।

## अभ्यास

१. **शिक्षकात् पाठं श्रुत्वा सर्वे सखायः अनुच्छेदं विभज्य पठत ।**

२. **मञ्जूषातः वैज्ञानिकसाधनानां नामानि लिखत**

वायुयानम्, जलयानम्, अन्तरिक्षयानम्, मुद्रणयानम्, भारवाहकयानम्, टङ्कनोपकरणम् ।

(क) यद् यानं जले चलति .............

(ख) आकाशे उड्डयनं करोति .............

(ग) अक्षराणां मुद्रणं करोति .............

(घ) भारवाहनाय समर्थं यानम् .............

(ङ) टङ्कनकार्याय उपयुज्यते .............

(च) यद् यानम् अन्तरिक्षे चलति .............

३. **परस्परं मेलयत**

| | |
|---|---|
| मुद्रणयन्त्रम् | भूमौ चलति |
| भारवाहकयानम् | आकाशे उड्डीयते |
| वायुयानम् | मानवस्य इव कार्यं करोति |
| यन्त्रमानवः | सञ्चारक्षेत्रे प्रयुज्यते |
| विद्युच्चुल्लिका | शीततापयोः सन्तुलनं स्थापयति |
| वातानुकूलितयन्त्रम् | तापाय पाचनाय च सहयोगः मिलति |

४. **आत्मभिः प्रयुक्तानां दृष्टानां श्रुतानाञ्च वैज्ञानिकवस्तूनां नामानि लिखत**

| प्रयुक्तानि वस्तूनि | दृष्टानि वस्तूनि | श्रुतानि वस्तूनि |
|---|---|---|
| ..................... | ..................... | ..................... |
| ..................... | ..................... | ..................... |
| ..................... | ..................... | ..................... |
| ..................... | ..................... | ..................... |
| ..................... | ..................... | ..................... |

५. **शब्दं प्रयुज्य वाक्यं रचयत**

**युगम्, विज्ञानम्, रेलयानम्, दूरभाषः, शीघ्रम्, गजेन, प्रषेपणयानम्, चित्राणि ।**

६. **अधोलिखितं गद्यभागं पठित्वा द्वौ प्रश्नौ निर्माय श्रावयत**

विज्ञानं मित्रं शत्रुर्वेति विषये विवदनं व्यथमेव । यथा अस्माकं व्यवहारेण को...पि जनो मित्रं वा शत्रुर्भवति तथैव विज्ञानमपि मन्तव्यम् । सदुपयोगे विज्ञानं मित्रं दुरुपयोगे एतदेव शत्रोः रुपेण परिणमति । वैज्ञानिकानां कार्यं तु नवीनमाविष्करणमेव । ते आयुधान्यपि निर्मान्ति औषधान्यपि आविष्कुर्वन्ति । तत्र तेषां कः अस्ति दोषः ? सदुपयोगाद् दुरुपयोगाद् वा विज्ञानस्य परिणामो भवति । विज्ञा वदन्ति विज्ञाने अपि विवेकः परमावश्यकः ।

७. **अधोलिखितानां प्रश्नानां उत्तराणि लिखत**

(क) विज्ञानं कस्य प्रमाणरुपं भवति ?

(ख) विद्युच्शक्तेः उपयोगः कः ?

(ग) कस्याः सहयोगेन समाचारान् श्रोतु शक्नुमः ?

(घ) विकसितदेशैः कस्मिन् ग्रहे प्रक्षेपणयानं प्रषितं वर्तते ?

(ङ) कस्य निर्माणं विज्ञानस्य चमत्कारं मन्यते ?

८. **अधोलिखितानि सूत्राणि आधृत्य एकम् अनुच्छेदं लिखत**

- वर्तमानयुगम् विज्ञानमयम् ।
- वाष्पयानम्
- दूरदर्शनम्
- वायुयानम्
- द्विचक्रिकायानम्
- आकाशवाणी यन्त्रम्
- मुद्रणयन्त्रम्
- दूरभाषयन्त्रम्

९. **दूरभाषस्योपगिता इति शीर्षकमवलम्ब्य एकं लघु-अनुच्छेदं लिखत ।**

पाठ २५

# कस्य नास्ति कर्तव्यम्

(वसुधाया वार्षिकपरीक्षा दिनद्वयपूर्वं समाप्ता । तस्या विद्यालये अवकाशो वर्तते । तस्या भ्रातुः परीक्षा शीघ्रं भविष्यति । स पठन् अस्ति । माता पाकप्रकोष्ठे वर्तते । सा नित्यपूजां करोति । तदैव सा वसुधाम् आह्वयति)



माता वसुधे, कुत्र असि ?

वसुधा अत्र दूरदर्शनप्रकोष्ठे अस्मि मातः ।

माता तत्र किं करोषि ?

वसुधा दूरदर्शने व्यङ्ग्यचित्रं पश्यामि ।

माता प्रातरेव कथं तत् पश्यसि ? किमपि न पठसि ?

वसुधा पठनस्य का आवश्यकता ? मम परीक्षा समाप्ताएव । यदा विद्यालयः चलिष्यति तदा पठिष्यामि ।

माता तन्न विद्यालयसञ्चालनस्य समये एव पठितव्यमिति तर्को नोचितः । पठनं तु नित्यकर्म इव मन्तव्यम् । नियमितपठनादेव लाभो भवति ।

वसुधा तर्हि विद्यालयस्य अवकाशसमये किं पठितव्यम्, मातः ?

माता पठितानां पाठानामेव वारंवारमभ्यासः कर्तव्यः । भाषा–साहित्य–जीवनी–नीतिकथानां पुस्तकानि च यथासमयं पठितव्यानि । प्रातरेव दूरदर्शनस्य विलोकनाद् बालबालिकानां समयस्य दुरुपयोगो भवति ।

वसुधा तत्तु श्वस्तनदिवसात् पठिष्यामि । विद्यां वर्धयितुं को न वाञ्छति ? सम्प्रति किं कुर्याम् ?

माता शोभनम् । श्रृणु, उद्यानात् पुष्पाणि अवचित्य आनय । साम्प्रतं

नित्यपूजायाः समयो वर्तते ।

वसुधा भ्राता न आनयति ? सो..पि अत्रैव अस्ति ।

माता स पठन् अस्ति । तस्य परीक्षा श्वो भविता ।

वसुधा परीक्षायाः पश्चात् स कार्यमेतत् करिष्यति ?

माता अवश्यम् । तदा अहं तमपि कार्यमेतत् कर्तुं कथयिष्यामि ।

वसुधा मम परीक्षायामपि भ्राता तत् करिष्यति, मातः ?

माता कथं न करिष्यति ? तव परीक्षायाम् एतत् तस्यैव कार्यं भविष्यति ।

वसुधा गृहस्य कार्याणां यथाशक्ति सम्पादनमपि बालबालिकानां कर्तव्यमिति भवतीनामाशयः किम् ?

माता आम् पुत्रि, सत्यं वदसि । तेन तवादृशा जना भविष्यन्ति स्वावलम्बिनः नागरिकाः भविष्यन्ति । देशाय अयं सुखदो विषयः ।

## अभ्यास

१. **एकस्मात् सख्युः पाठं श्रुत्वा सर्वे सखायः क्रमेण कठिनशब्दानामनुवाचनं कुरुत ।**

२. **एकस्मिन् पदे उत्तराणि वदत**

(क) दिनद्वयपूर्वं का समाप्ता ?

(ख) कः पठन् अस्ति ?

(ग) वसुधा किं पश्यति ?

(घ) पठनं किं मन्तव्यम् ?

(ङ) नियमितपठनात् किं भवति ?

(च) भ्राता उद्यानात् किम् आनेष्यति ?

(छ) का सत्यं वदति ?

३. **अधोलिखितं संवादं पठित्वा प्रश्नान् सङ्क्षेपेण उत्तरयत**

शिक्षकः – गृहकार्यं कथं न अकरोः ?

गणेशः – समयाभावात् ।

शिक्षकः – कथं समयस्य अभावः ?

गणेशः – क्रीडनात् ।

शिक्षकः – किम् अक्रीडः ?

गणेशः – पादकन्दुकम् ।

शिक्षकः – कतिसमयं यावत् अक्रीडः ?

गणेशः – घण्टाद्वयम् ।

शिक्षकः – पठनात् तुभ्यं क्रीडनमेव रोचते ?

गणेशः – न ।

शिक्षकः – अथ किं करिष्यसि ?

गणेशः – गृहकार्यम् ।

शिक्षकः – कति समयो लगिष्यति ?

गणेशः – सार्धैकघण्टा ।

(क) गणेशः कथं गृहकार्यं नाकरोत् ?

(ख) गणेशः किम् अक्रीडत् ?

(ग) अस्य संवादस्य उपयुक्तं शीर्षकं किम् ?

## ४. शब्दं प्रयुज्य वाक्यं रचयत

प्रकोष्ठः, नित्यपूजा, दूरदर्शनम्, तर्कः, यथासमयं, दुरुपयोगः, विद्या, उद्यानम्, भ्राता, आशयः, यथाशक्ति, स्वावलम्बी ।

## ५. विलोमशब्दानां परस्परमेलनं कुरुत

| | |
|---|---|
| स्थूलः | वाचालः |
| क्रुद्धः | आकाशः |
| मूकः | शान्तः |
| पृथिवी | कृशः |
| प्राचीना | वर्धमानः |
| क्षीयमाणः | प्रकाशः |
| तमः | नवीना |

## ६. वस्तुभिः सह तेषां क्रियाणां मेलनं कुरुत

| वस्तु | क्रिया |
|---|---|
| रक्षकः | चलति |
| चक्रम् | आकृतिं दर्शयति |
| दीपकः | पश्यति |
| छात्रः | भूषयन्ति |
| निरीक्षकः | रक्षति |
| दर्पणः | प्रकाशयति |
| भूषणानि | पठति |

## ७. मञ्जूषायाः सहायतया रिक्तस्थानं पूरयत

देवेशः : .......... एकं विशालम् उपवनम् अस्ति ।

निर्देशः : तत्र वृक्षेषु वानराः .......... कूर्दन्ति ।

देवेशः : पश्य, .......... मयूराः अपि नृत्यति ।

निर्देशः : श्रृणु, वृक्षशाखासु काकिलाः ..........मधुरं गायन्ति ।

देवेशः : आगच्छ, अधुना गृहं गच्छाव । ........ पुनः आगमिष्यामः ।

**श्वः, तत्र, अत्र, इतस्ततः, अपि**

## ८. अधोलिखितं विवरणमधीत्य सङ्क्षिप्तं संवादं लिखत

द्वे मित्रे स्तः । एको रमेशः, अपरो दीपेशः । तौ सप्तमकक्षायां पठतः । विद्यालये श्व आन्तरिकपरीक्षा भविता । प्रातः सप्तवादनस्य समयः अस्ति । रमेशः क्रीडनाय दीपेशम् आह्वयति । दीपेशः परीक्षायाः कारणं प्रदर्श्य क्रीडनाय गन्तुं नेच्छति । रमेशः पुनः तम् आह्वयति । दीपेशः प्रातः क्रीडनाद् अध्ययनम् उचितं भवतीति तर्कयति । स रमेशं पठितुं प्रेरयति । रमेशो दीपेशस्य परामर्शं स्वीकरोति । स गृहं गत्वा पठति ।